28th Nov, 2019

## व्यवस्थापकीय सारांश

ने.वि.प्रा. को वितरण प्रणालीको स्तरोन्नति र विस्तार (डिएसयुइपी)को वातावरणीय तथा सामाजिक सुरक्षाका समस्याहरुको सम्बोधन गर्नका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा (यसपछि ढाँचा वा इएसएमएफ भनिएको) तयार गरिएको छ । अन्तर्राष्टिय वित्तीय संस्थाहरुको सहयोगमार्फत डिएसयुएपी अन्तर्गत कार्यान्वयन गरिने सहायक परियोजना (३३/११ केभी सबस्टेशन तथा वितरण एवं प्रशारण लाइन) को तयारीको प्रक्रियाको एउटा अंगको रुपमा वातावरणीय तथा सामाजिक जोखिम र प्रभाव मूल्यांकन र सम्बोधन गर्नका लागि इएसएमएफ लेसिद्धान्त, नियमावली, मार्गदर्शन, कदम, उत्तरदायित्व तथा प्रक्रियाहरु शुरु गरेको छ । त्यसैगरी, नेपाल सरकारको (जिओएन) वातावरणीय तथा सामाजिक व्यवस्थासँग मिलेर इएसएमएफले संयुक्त रुपले *वित्त प्रदायक* भनिएको एशियन इनफ्रास्टक्चर इनभेष्टमेन्ट बैंक (एआइआइबी) र युरोपियन इन्भेष्टमेन्ट बैंक (इआइबी), को वातावरणीय तथा सामाजिक (इएन्डएस) सुरक्षा व्यवस्थाका लागि साझा ढाँचा निर्माण गरेको छ ।

वातावरणीय तथा सामाजिक जोखिमको छनौट, जाँच तथा वर्गीकरण प्रक्रियामा वित्त प्रदायक तथा नेपाल सरकारको सुरक्षा आवश्यकताबमोजिम इएसएमएफले ने.वि.प्रा./ पिआइयु र सरोकारवालाहरुलाई मार्गनिर्देश गर्दछ, जसमा वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (इएसएमपी), प्रारम्भिक वातावरणीय परीक्षण (आइइइ), वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन (इएसआइए), पुनर्स्थापना कार्य योजना (आरएपी) र/वा आदिवासी जनताको विकास योजना (आइपिडिपी) जस्ता विशिष्ट साधनहरुको थप मूल्यांकन तथा तयारी आवश्यक हुन्छ ।

यो इएसएमएफले (१) डिएसयुइपी तथा यसका अंगहरुको रुपरेखा उपलब्ध गराउँछ, (२) डिएसयुपी सहायक परियोजनाका लागि सामान्यतः अनुमान गरिने इएन्डएस प्रभाव तथा न्यूनीकरणका उपायहरुलाई स्पष्ट गर्दछ, (३) इएन्डएस को जाँच, वर्गीकरण, इएन्डएस मूल्यांकन, इएसएमएफको कार्यान्वयनका लागि संस्थागत प्रबन्धहरु, अनुगमन, परियोजनाबाट प्रभावित जनता तथा सान्दर्भिक सोकारवालाहरुसँग सार्थक परामर्श तथा सूचना खुलाउने आवश्यक कार्य सम्बन्धी पालना गर्नुपर्ने आवश्यक कुराहरु किटान गर्दछ, (४) प्रत्येक सहायक परियोजनाका लागि तयार गरिने आवश्यक इएन्डएस साधनहरुको निर्धारण गर्ने सुरक्षा विशेषताको किटान गर्दछ, (५) राष्टिय कानुनी आवश्यकताहरु कार्यान्वयन गर्न र वित्त प्रदायकहरुको मापदण्डको सुरक्षामा ऋणदाताहरुको क्षमताको

पर्याप्तता मरुल्यांकन गर्दछ । (६)आवश्यक श्रोतहरु तथा क्षमता विकास सहायता लगायत इएसएमएफ कार्यान्वयन प्रक्रियाहरुको किटान गर्दछ, र (७) ऋणदाताहरुको र कार्यकारी निकाय (इए) को जिम्मेवारीलाई तयारी, कार्यान्वयन, पालना, अनुगमन तथा समग्र सुरक्षा कार्यान्वयनको प्रतिवेदनका सम्बन्धमा स्पष्ट गर्दछ ।

वित्त प्रदायकहरुसँगको आफ्नो करारीय सम्बन्धका माध्यमबाट ने.वि.प्रा.ले इएन्डएसका व्यवस्थाहरु ठेकेदार, कन्सल्टेन्ट फर्म तथा व्यक्तिगत विशेषज्ञसँगको संझौतामा समाविष्ट छन् भन्ने सुनिश्चित गर्नेछ । सहायक परियोजना क्षेत्रमा अनिच्छित पुनर्वास वा जग्गा प्राप्ति जरुरी भएमा एउटा पुनर्स्थापना कार्य योजना (आरएपी) तयार गरिने छ । इएसएमएफको कार्यान्वयनका माध्यमले सहायक परियोजना क्षेत्रमा प्रभावित आदिवासी जनता तथा जोखिमयुक्त समुदाय संभाव्य उपस्थितिको पहिचानलाई समेत जोड दिइने छ ।

वित्त प्रदायकको सुरक्षा मापदण्ड १ र नेपाल सरकारको वातावरणीय नियमन अनुसार इएसएमएफले सहायक परियोजनाहरुको मूल्यांकन गर्ने एउटा प्रक्रिया समावेश गरेको छ । वित्त प्रदायक तथा नेपाल सरकारको मार्गनिर्देशन अनुसार इआइए/आइइई, इएसएमपी, आरएपी र आइपिडिपी जस्ता कागजातहरु प्रत्येक सहायक परियोजनाका लागि तयार गरिने छ । प्रभाव र न्यूनीकरणका उपायहरुको पहिचानमा सरोकारवालाहरुको सहभागिता प्रोत्साहित गर्न सार्वजनिक परामर्श प्रक्रिया आवश्यक हुन्छ । पारदर्शिता कायम राख्न सरोकारवालाहरुसँग परियोजनाका गतिविधिहरुको जानकारी स्पष्ट गर्ने कुरालाई प्रोत्साहित गरिने छ । लाभग्राहीलाई प्रभाव पार्ने परियोजना सम्बन्धी समस्याहरुको समाधान गर्न ने.वि.प्रा./पिआइयुले गुनासो समाधान संयन्त्र स्थापना गरिने छ । नयाँ सबस्टेशन र सम्बन्धित सुविधाहरुको निर्माणबाट संभाव्य वातावरणीय तथा सामाजिक प्रभावहरु उत्पन्न हुन सक्दछन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरु, डिजाइन वर्गीकरण एवं वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (इएसएमपी)मा रही संभाव्य वातावरणीय तथा सामाजिक प्रभावहरु अस्थायी र विपरीत एवं सजिलै न्यूनीकरण गर्न हुन्छन् भनी भविष्यवाणी गरिन्छ ।

सहायक परियोजना निर्माणको अवस्थामा न्यूनीकरणका उपायहरु र अनुगमनको पालनाको उचित कार्यान्वयनको सुनिश्चित गर्न वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनाले न्यूनीकरण लागत समावेश गर्ने छ । इएसएमपीको कार्यान्वयनका लागि ने.वि.प्रा./पिआइयु जवाफदेही हुनेछ । लागू हुन

सक्ने भए सोही अनुसार आरएपी र आइपिडिपी कार्यान्वयन, जसलाई ने.वि.प्रा.को व्यवस्थापनले चौमासिक अन्तरालमा पुनरावलोकन गर्ने छ, लगायत वातावरणीय तथा सामाजिक अनुगमन बारे पिआइयुले चौमासिक प्रतिवेदन तयार गर्ने छ। निर्माणको अवस्थामा सो प्रतिवेदन वित्त प्रदायकहरुलाई समेत प्रदान गरिने छ । वित्त प्रदायकहरुको पुनरावलोकन कार्यको समयमा कार्यान्वयन स्थितिको सारांश टिपोट गरिने छ । निर्माण पूर्व र निर्माणको अवस्थामा परियोजना निरीक्षण परामर्शदाता, ने.वि.प्रा./पिआइयुको सुक्ष्म अनुगमन अनुसार ठेकेदारहरुले इएसएमपीको पालना गर्नु आवश्यक हुनेछ। कार्यान्वयनको समयमा अनुमान नगरिएका प्रभावहरुको पहिचान भएमा आवश्यकता अनुसार इएसएमपीलाई अद्यावधिक गरिने छ।

**संभाव्य जोखिम तथा प्रभाव**

परियोजनाले गरेको प्रारम्भिक इएण्डएस सर्भेक्षणले अनुमान गरिएको डिएसयुएपी सहायक परियोजनाहरु (३३र११केभी सबस्टेशन तथा सम्बन्धित लाइनहरु) सँग सम्बन्धित इएण्डएस प्रभावहरुको पहिचान गरेको छ। सबस्टेशनको पहिचान गरिएको अवस्थिति र सम्बन्धित जोखिम तथा प्रभावलाई देहायको जाँचमार्फत थप मूल्यांकन गरिने छ।

परियोजनाका अंगहरु देहायबमोजिम रहेका छन् :

अंग १ - ३३ केभी आपूर्ति लाइन तथा ३३/११ केभी सबस्टेशन (आवश्यक भएका स्थानमा रहिरहेका सुविधाहरुको स्तरबृद्धि लगायत) को निर्माण

अंग २ - ११ केभी लाइन, वितरण ट्रान्सफर्मर, उपभोक्ताको कनेक्शन लगायत कम भोल्टेज (एलभी) आपूर्ति लाइनको निर्माण

अंग ३ - क्षमता निर्माण, परियोजना कार्यान्वयन सहयोग तथा प्राविधिक सहायता

धेरै जसो नयाँ सहायक परियोजनाहरु निजी जग्गामा वा सामुदायिक बनमा अवस्थित हुने संभावना रहन्छ। सहायक परियोजनासँग सम्बन्धित इएण्डएस जोखिमहरुमा निर्माणकालमा श्रमिक तथा कामका शर्तहरु, सामुदायिक स्वास्थ्य तथा सुरक्षा समस्याहरु, भौतिक तथा साँस्कृतिक श्रोतहरु, आदिवासी जनतामाथि संभाव्य प्रभाव, जीविकामाथि असरहरु समावेश हुन सक्छन्।

[1]एआइआइबीको वातावरणीय तथा सामाजिक नीति (इएसपी) एवं वातावरणीय तथा सामाजिक मापदण्ड (इएसएस), इआइबीको वातावरणीय तथा सामाजिक सुरक्षा

संभाव्य जोखिमको न्यूनीकरण / सन्तुलन गर्न यी पक्षहरु समावेश रहेका सहायक परियोजनाहरुमा वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन (इएसआइए) सञ्चालन गरिने छ ।

**इएण्डएस जोखिम व्यवस्थापनका लागि मुख्य सरोकारवालाहरुको जिम्मेवारी**

वित्त लगानी गरिएका सहायक परियोजनाहरुको प्रकार, क्षेत्र तथा प्रकृति अनुरुप जोखिम र प्रभावको पहिचान, व्यवस्थापन र अनुगमन गर्न पर्याप्त प्रणाली, प्रक्रिया तथा क्षमता रहने छ । पर्याप्त वातावरणीय तथा सामाजिक विचार गर्ने कार्यको सुनिश्चित गर्न परियोजनाका लागि वातावरणीय तथा सामाजिक ड्य’ डिलिजेन्स प्रक्रियामा इएसएमएफले मुख्य कदमहरु तोकेको छ ।

तालिका १ - मुख्य सरोकारवाला तथा तिनीहरुको भूमिका र जिम्मेवारीहरु

| कार्यहरु | व्यक्तिगत इएण्डएस विशेषज्ञहरु, कन्सल्टिङ फर्म | ने.वि.प्रा./पिआइयु (डिएसयुएपी) | वित्त प्रदायकहरु |
|---|---|---|---|
| प्रारम्भिक जाँच (इएण्डएस जोखिम तथा प्रभावको पहिचान) | आवश्यक सूचना भेला गर्न, प्रतिवेदन तयार गर्न, प्रारम्भिक जाँच गर्न सहयोग गर्ने र ने.वि.प्रा./पिआइयु समक्ष संभाव्य इएण्डएस समस्या बारेमा प्रतिवेदन पेश | प्रारम्भिक जाँच प्रतिवेदनको पुनरावलोकन गर्ने र सहायक परियोजनाको ग्राह्यता बारेमा निर्णय गर्ने | सहायक परियोजनाहरु र तिनीहरुसँग सम्बन्धित (इएण्डएसका पक्षहरु सम्बन्धमा) वर्गीकरण को पुनरावलोकन गर्ने, सुझाव दिने र स्वीकृति दिने |

| | | | |
|---|---|---|---|
| | गर्ने र आगामी कारबाहीका लागि सुझाव दिने | | |
| इएण्डएस मूल्यांकन | नेपाल सरकार तथा वित्त प्रदायकहरुको आवश्यकता अनुरुप इएण्डएस मूल्यांकन प्रतिवेदन तयार पार्ने । उदाहरणका लागि : इएसआइए/आईईई, इएसएमपी, आरएपी र आइपिडिपी वा समकक्षी व्यवस्थापन योजनाहरु । | सबै डिएसयुएपी सहायक परियोजनाका लागि इएण्डएसका साधनहरु ( इएसआइए/आईईई, इएसएमपी, आरएपी र आइपिडिपी आदि) | प्रक्रियाको व्यवस्थापन गर्न ने.वि.प्रा./पिआइयुलाई पुनरावलोकन, सहयोग तथा सुझाव दिने |
| प्रत्येक सहायक परियोजनाका लागि इएण्डएसका साधनहरुको पुनरावलोकन तथा फरफारख | सबै सहायक परियोजनाका लागि ने.वि.प्रा.बाट फरफारख प्राप्त हुने सुनिश्चित गर्ने | सबै सहायक परियोजनाका लागि कन्सल्टिङ फर्मद्वारा तयार पारिएको इएण्डएसका साधनहरुको फरफारख उपलब्ध गर्ने | सबै सहायक परियोजनाका लागि कन्सल्टिेन्टद्वारा तयार पारिएको इएण्डएसका साधनहरुको फरफारख उपलब्ध गर्ने |
| सहायक परियोजना सुपरीवेक्षण र कार्यसम्पादन अनुगमन | स्थान वैशिट्य इएण्डएस सुरक्षा पालना अनुगमन प्रतिवेदन तयार पार्ने, ठेकेदारहरुले पालना नगरेको कुरा, इएण्डएसको सुरक्षा | इएण्डएस अनुगमन प्रक्रियाको अवलोकन गर्ने र इएण्डएस सुरक्षा न्यूनीकरण उपायहरु, इएसएमपीहरु, इएसआइएरआइइई | निरीक्षण सहयोग गतिविधिहरु सञ्चालन गर्ने |

| | | | |
|---|---|---|---|
| | न्यूनीकरण उपायहरुको कार्यान्वयनको पहिचान गर्ने, | इएसएमपी, आरएपी, आइपिडिपी वा समकक्षी व्यवस्थापन योजना कार्यान्वयन गर्न ठेकेदारलाई दिशानिर्देश गर्ने र बैंकलाई ठेकेदारहरु विरुद्ध गैरअनुपालना जारी गरी, इएण्डएस विशेषज्ञहरुद्वारा यी उपायहरुको कार्यान्वयनको अनुगमनलाई सुनिश्चित गर्दै इएण्डएस पालना अनुगमन प्रतिवेदनको प्रति प्रदान गर्ने | |

## इएण्डएस जोखिम व्यवस्थापन प्रक्रिया

## वातावरणीय तथा सामाजिक जाँच एवं सहायक परियोजनाको वर्गीकरण

डिएसयुइपी परियोजनाले ३३र११केभी सबस्टेशनहरुको निर्माण तथा न्यूनतम तहको प्रभाव उत्पन्न हुन सक्ने वितरण लाइन गतिविधिहरुलाई सहयोग गर्ने छ । तर, नयाँ सबस्टेशन निर्माण र वितरण तथा प्रशारण लाइनमा आइइई जस्ता राष्ट्रिय आवश्यकताहरु इपिआर, १९९७ बमोजिम वातावरणीय मूल्यांकन जरुरी हुन सक्छ ।

वातावरणीय तथा सामाजिक समस्याहरुको पहिचान गर्न सबैभन्दा पहिलो र महत्वपूर्ण कदमहरुमध्ये एक कदमको रुपमा सबै प्रस्तावित सहायक परियोजनाहरु/गतिविधिहरुले जाँचबाट गुज्रने छन् । जाँचले गर्दा वातावरणीय तथा सामाजिक समस्याहरुको व्यवस्थापनका लागि जरुरी भएका साधनको सुनिश्चित समेत गर्ने छ । वातावरणीय तथा सामाजिक जाँचको रुजुसूची (परिशिष्ट १) लाई जोखिमको मूल्यांकन तथा वर्गीकरणका लागि प्रयोग गरिने छ । राष्ट्रिय आवश्यकताहरु र वित्त प्रदायकहरुको सुरक्षा नीतिहरु दुबैलाई जाँचले ध्यान दिने छ – नेपाल सरकारको आवश्यकता र वित्त प्रदायकहरुको आवश्यकताहरुका लागि विभिन्न रुजुसूचीहरु/विभिन्न शाखाहरुको प्रयोग गरी यस्तो गर्न सकिने छ ।

## वातावरणीय जाँचको वर्गीकरण

परियोजनाको प्रभाव तथा यसको गम्भीरताको पहिचान गर्न परियोजना जाँच गरिन्छ । प्रभाव र गम्भीरताको आधारमा इआइए, आइइई, इएसएमपी आदि जस्ता वातावरण तथा सामाजिक अध्ययनको आवश्यकताको स्तरको पहिचान हुने छ । एक पटक परियोजनाको जाँच भएपश्चात् सहायक परियोजनाहरुलाई देहाय बमोजिम वर्गीकरण गरिने छ :

**वर्गीकरण १ (बहिष्करण सूची) :** यस वर्गीकरण अन्तर्गत सहायक परियोजनाहरुलाई रकम दिइने छैन र परियोजनाबाट हटाइनु पर्दछ ।

क) संकटापन्न बासस्थान वा वातावरणीय रुपमा संवेदनशील क्षेत्रहरुमा कुनै पनि मापन गर्न सकिने खराब प्रभावहरु लगायतका सहायक परियोजनाहरु । नेपाल सरकारले परिभाषित गरेको र वित्त प्रदायकहरुको आवश्यकताहरु बमोजिमका राष्ट्रिय निकुञ्जहरु, वन्यजन्तु आरक्षणहरु, संरक्षण क्षेत्रहरु, विश्व सम्पदा क्षेत्रहरु र प्रख्यात धार्मिक तथा पुरातात्विक क्षेत्रहरु यसमा पर्दछन् ।

ख) यस वर्गीकरण अन्तर्गतका सहायक परियोजनाहरुले पर्यावरण, प्राकृतिक बासस्थान, साँस्कृतिक क्षेत्र जस्तै राष्ट्रिय निकुञ्जहरु, संरक्षण क्षेत्र, विश्व सम्पदा क्षेत्र, प्रसिद्ध साँस्कृतिक तथा पुरातात्विक क्षेत्रहरुमा संभाव्य वातावरणीय प्रभाव पार्ने सम्भावना रहन्छ ।

ग) नेपाल सरकार बमोजिम र वर्गीकरण ‘‘क’’मा वर्गीकरण गरिएका वित्त प्रदायकहरुको सुरक्षा मापदण्डहरु अन्तर्गतका सहायक परियोजनाहरु ।

घ) बैंकले प्रत्येक वर्गीकरण ‘‘क’’का लागि ग्राहकलाई वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन (इएसआइए) वा समकक्षी वातावरणीय तथा सामाजिक मूल्यांकन गर्न र परियोजनाका लागि इएसआइए प्रतिवेदनमा जसलाई समावेश भएको इएसएमपी वा इएसएमपिएफ तयार गर्न लगाउने छ ।

**वर्गीकरण २ (इएसएमपीसँग आइइई/इएसआइए) :** यस वर्गीकरण अन्तर्गतका सहायक परियोजनाहरुमा कम महत्वपूर्ण र स्थल वैशिष्ट्य प्रभावहरु रहने सम्भावना रहन्छ, जसमा बनक्षेत्र, सीमसारहरु वा अन्य प्राकृतिक बासस्थानमा पर्ने प्रभाव समावेश हुन सक्ने छ । नेपाल सरकार (इपिआर, १९९७) बमोजिम राष्ट्रिय तथा सामुदायिक बन हुँदै जाने परियोजना र १३२ केभीभन्दा बढी क्षमता भएको टिएलको निर्माणलाई ‘‘ख’’को रुपमा वर्गीकरण गरिन्छ । वित्त प्रदायकहरुको सुरक्षा मापदण्डहरु अन्तर्गत यी सहायक परियोजनाहरुलाई प्रतीकात्मक रुपले वर्ग ‘‘ख’’का रुपमा वर्गीकरण गरिन्छ र या त नेपाल सरकारको नियमनहरु अन्तर्गत इएसएमपी लगायत प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) या त वित्त प्रदायकहरुको सुरक्षा मापदण्डहरु अनुसार इएसएमपी लगायत सीमित वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन (इएसआइए) आवश्यक हुने छन् ।

**वर्ग ३ (डिडिआरसँग इएसएमपी) :** यस वर्गीकरण अन्तर्गत सहायक परियोजनाहरुमा इएसएमपी मार्फत सजिलै सम्बोधन गरिने गाउँ क्षेत्र नजिकै बढ्ता हावा छाड्ने वा ध्वनी प्रदुषण जस्ता वातावरणीय जोखिम र प्रभाव रहने सम्भावना हुन्छ । वित्त प्रदायकहरुको सुरक्षा मापदण्ड अन्तर्गत यिनीहरुलाई प्रतीकात्मक रुपमा वर्ग ख वा ग का रुपमा वर्गीकरण गरिन्छ र यसमा इएसएमपीसँग मूल्यांकन प्रतिवेदन (डिडिआर) को तयारी गर्नु मात्र आवश्यक हुन्छ ।

**वर्ग ४ (एफआइ) :**

कुनै वित्तीय बिचौलिया (एफआइ) लाई वा निज मार्फत परियोजनाका लागि रकमको व्यवस्था कुनै वित्तीय संरचनामा भएको खण्डमा कुनै पनि सहायक परियोजनालाई एफआइमा वर्गीकरण गरिन्छ, जसमा बैंकले एफआइलाई बैंकले रकम दिएको सहायक परियोजनाको छनोट, मूल्यांकन, स्वीकृति र अनुगमन लगायत बैंकको रकमको उपयोग गर्न निर्णय गर्ने कुरा प्रत्यायोजित गर्दछ । एआइआइबी र इआइबी इएण्डएस ढाँचा बमोजिम यी सहायक परियोजनाहरुलाई वर्गीकरण एफआइका रुपमा

वर्गीकरण गरिन्छ । एफआइ ग्राहकलाई बैंकले सहायक परियोजनाहरुलाई ‘‘क’’, ‘‘ख’’ वा ‘‘ग’’ वर्गमा वर्गीकरण गर्न, पुनरावलोकन गर्न, ड्य’ डिलिजेन्स सञ्चालन गर्न र बैंकले रकम दिएको सहायक परियोजनाहरुसँग सम्बन्धित वातावरणीय तथा सामाजिक जोखिम र प्रभावको यस इएसपीसँग अनुकूल हुने तवरले अनुगमन गर्न लगाउँछ । उचित वातावरणीय तथा सामाजिक नीति तथा प्रक्रियाहरुको कार्यान्वयनका माध्यमबाट यसलाई प्राप्त गर्न सकिन्छ । एफआइका रुपमा वर्गीकृत परियोजनाहरु देहाय अन्तर्गत समेत रहन्छन् : (क) बैंकले रकम दिएका सबै सहायक परियोजनाहरुका लागि वातावरणीय तथा सामाजिक बहिष्करण सूची र लागू हुन सक्ने आयोजना गर्ने देशको राष्ट्रिय कानुन, र (ख) बैंकले रकम दिएकाहरुका लागि लागू हुन सक्ने इएसएसहरु । बैंकले रकम दिएकामध्ये केही वा सबै सहायक परियोजनाहरु जसलाई ‘‘ख’’ वर्गका रुपमा वर्गीकरण गरिएको हुन्छ ।

**सामाजिक जाँचको मापदण्डहरु**

**वर्ग १ (बहिष्करण सूची) :** यस वर्ग अन्तर्गतका सहायक परियोजनाहरुमा संभाव्य रुपमा महत्वपूर्ण सामाजिक प्रभावहरु रहने र अनिच्छित जग्गा अधिग्रहणको कारणले गर्दा हिमाली क्षेत्रमा ५० वा सोभन्दा बढी परिवारलाई, पहाडमा ७५ वा सोभन्दा बढी परिवारलाई र तराई मैदानमा १०० वा सोभन्दा बढी परिवारलाई विस्थापित गर्ने सम्भावना हुन्छ । यसमा भौतिक र आर्थिक दुबै खाले विस्थापन पर्दछन् । भौतिक विस्थापन गर्ने सबै परियोजना गतिविधिहरुलाई परियोजनाबाट हटाइने छ । यसको अतिरिक्त नेपाल सरकारको नियमनहरु अनुसार इआइए आवश्यक पर्ने कुनै पनि सहायक परियोजनालाई वर्ग १ का रुपमा वर्गीकरण गरिने छ र परियोजनाबाट हटाइने छ ।

**वर्ग २ (इएसएमपीसँग आइइई/इएसआइए)** यस वर्ग अन्तर्गतका सहायक परियोजनाहरुमा कम महत्वपूर्ण र स्थल वैशिष्ट्य प्रभाव रहने र अनिच्छित जग्गा अधिग्रहणको कारणले (यदि अन्य योगदान दिने कारणले यस्ता प्रभावहरु ने.वि.प्रा./पिआइयुको विचारमा तीव्रत्तर भएकोमा) हिमाली क्षेत्रमा ५० भन्दा कम परिवार, पहाडमा ७५ भन्दा कम परिवार र तराई मैदानमा १०० भन्दा कम परिवार आर्थिक रुपमा विस्थापित हुने संभावना रहन्छ । यस्ता स्थितिमा, सहायक परियोजनाहरुले प्रभावको हदसम्म इएसआइए (सामाजिक आधाररेखा लगायत) सञ्चालन गर्न र आरएपी र/वा आदिवासी जनताको विकास योजना (आइपिडिपी) वा आवश्यक भएमा समकक्षी व्यवस्थापन योजना तयार पार्नु आवश्यक

हुन्छ । सहायक परियोजनाले वित्त प्रदायकहरुको आवश्यकता अनुसार सामाजिक मूल्यांकनमा पुरक हुन सक्ने नेपाल सरकारको नियमनहरु बमोजिम आइइई तयार पार्नु पनि आवश्यक हुन्छ । एआइआइबीको नीति बमोजिम प्रभावित व्यक्तिहरु २०० भन्दा कम जनता भएमा, भौतिक रुपमा विस्थापित नभएमा र/वा १०% भन्दा कम सम्पत्तिको नोक्सानी भएमा मात्र एआरएपी लागू हुन सक्छ ।

**वर्ग ३ (इएसएमपीसँग डिडिआर) :** सहायक परियोजनाहरुले गर्दा खराब वातावरणीय तथा सामाजिक प्रभावलाई कम वा शून्य पार्ने, कुनै पनि परिवारलाई भौतिक रुपमा विस्थापित गर्ने र कुनै पनि परिवारका लागि १०% भन्दा बढी उत्पादनशील सम्पत्तिको आर्थिक विस्थापनको परिणति नहुने संभावना रहन्छ । आवश्यकता भएमा आरएपी ररवाआइपिडिपी लगायत एउटा संक्षिप्त वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (इएसएमपी) तयार गरिने छ ।

**सहायक परियोजनाहरुका लागि मूल्यांकन तथा जोखिम व्यवस्थापनका साधनहरु**

वित्त प्रदायकहरुको परामर्शमा जाँच प्रतिवेदनको पुनरावलोन र स्वीकृतिका लागि ने.वि.प्रा./पिआइयु जिम्मेवार रहने छ । जाँचको नतिजा र इपिआर, नेपाल सरकार, १९९७ को मापदण्डको आधारमा इआइए, आइइई आदि जस्ता आवश्यक वातावरणीय मूल्यांकनको सिफारिस गरिने छ । वित्त प्रदायकहरुको सुरक्षा मापदण्ड अनुसार सबै सहायक परियोजनाहरुले या त इएसआइए (इएसएमपी समेत) तयार गर्नु या त इएसएमपी (इएसएमपी, आएपी, भिसिडिपी/आइपिडिपी) मात्र तयार पार्नु आवश्यक हुन्छ ।

इएसएमपीको तयार गर्ने काममा प्रत्येक सहायक परियोजनाको इएण्डएस जोखिम तथा प्रभावहरुका लागि एउटा प्रक्रिया स्थापना गर्ने र कायम राख्ने कुरा समावेश हुन्छ । सहायक परियोजनाको प्रकार, नाप र अवस्थितिले जोखिम तथा प्रभाव पहिचान गर्ने प्रक्रियामा समर्पित प्रयत्नको क्षेत्र र तहलाई दिशानिर्देश गर्दछ । इएण्डएस मूल्यांकन अध्ययनमा इएण्डएस जोखिम तथा प्रभाव मूल्यांकन गरिन्छ, र ने.वि.प्रा./आइपियुको सहयोगमा कन्सल्टिङ फर्मद्वारा सहायक परियोजनाहरुको इएसएमपी, आरएपी, भिसिडिपी, आइपिडिपी तयारी गर्ने काम गरिन्छ ।

वतावरणीय तथा सामाजिक मूल्यांकन परियोजना पहिचानबाट शुरु भई सञ्चालन अवस्थासम्मको परियोजना चक्रको अभिन्न अंगको रुपमा रहेको हुन्छ । सबै सहायक परियोजनाहरुले जाँच, प्रभावको

पहिचान, नकारात्मक प्रभाव न्यूनीकरणका लागि कार्ययोजनाको तयारी, कार्ययोजनाको कार्यान्वयन, अनुगमन, मूल्यांकन र परियोजनाको लेखापरीक्षणबाट गुज्रने छन् । योजनाको मुख्य उद्देश्य वातावरणीय तथा सामाजिक प्रभावलाई उचित तवरले सम्बोधन गर्नु हो । तर, पहिचान र पूर्व संभाव्यता अध्ययनको शुरुआतदेखि निर्माणपश्चातको चरणसम्मका गतिविधिहरु योजनामा समावेश हुन्छन् । मूल्यांकन प्रक्रियाका चरणहरु, कदमहरु र जिम्मेवारी लगायत परियोजना तयारीको संक्षिप्त सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ :

तलिका २ - योजना तथा कार्यान्वयन संयन्त्र

| परियोजनामा चरणहरु | इएण्डएस गतिविधिहरु | जिम्मेवारी |
|---|---|---|
| परियोजना पहिचान | सहायक परियोजनाको छनोट : सरोकारवालासँगको छोटो परामर्शमा वातावरणीय तथा सामाजिक मुद्दा/समस्याको संक्षिप्त रुपरेखा | डिएसयुइपी पिआइयु/ने.वि.प्रा. |
| परियोजना जाँच | वातावरणीय तथा सामाजिक दुबै जाँच सञ्चालन गर्ने, उचित साधन (इएसआइए मार्फत इआइए, इएसआइए मार्फत आइइई, इएमपी, आरएपी, आइपिडिपी) को वर्गीकरण र सुझाव आवश्यक हुने<br><br>पिआइयु/ने.वि.प्रा.समक्ष जाँच प्रतिवेदन पेश गर्ने | कन्सल्टिङ फर्म |
| मूल्यांकन र स्वीकृति | वातावरण तथा सामाजिक जाँचको समीक्षा | पिआइयु/ने.वि.प्रा. र वित्त प्रदायकहरु |

| | | |
|---|---|---|
| परियोजना डिजाइन | स्थान वैशिष्ट्य इआइए, आइइई, इएमपी, आएपी, आइपिडिपी/भिसिडिपी आदि | पिआइयु/ने.वि.प्रा., कन्सल्टिङ फर्म |
| कार्यान्वयनको चरण | कार्यान्वयन स्थान वैशिष्ट्य) इआइए, आइइई, इएमपी, आएपी, आइपिडिपी/भिसिडिपी आदि | पिआइयु/ने.वि.प्रा.व्यक्तिगत कन्सल्टेन्ट र गैससका ठेकेदार |
| अनुगमनको चरण | इआइए, आइइई, इएमपी, आएपी, आइपिडिपी/भिसिडिपी आदिको अनुगमन कार्यान्वयन | वित्त प्रदायक पिआइयु/ने.वि.प्रा.व्यक्तिगत कन्सल्टेन्ट |
| सञ्चालन अवधि | वतावरणीय तथा सामाजिक लेखा परीक्षण | तेश्रो पक्षले निश्चित गर्दछ। |

## पुनर्वास योजनाको ढाँचा

परियोजनामा समावेश गर्न छनोट गर्नु भन्दा अगावै प्रत्येक सहायक परियोजना स्थललाई सामाजिक प्रभावको लागि जाँच गरिने छ । यदि सामाजिक जाँचको नतिजाले अनिच्छित पुनर्वासको प्रभाव देखाएमा सामाजिक प्रभाव मूल्यांकन गरिने छ र पुनर्वास कार्य योजना तयार गरिने छ ।

अनिच्छित पुनर्वासको उद्देश्य र रणनीति, जग्गा अधिग्रहण र पुनर्स्थापनाको क्षेत्र, सामाजिक आर्थिक अवस्था, सूचना खुलाउने सार्वजनिक परामर्श, गुनासो सम्बोधन गर्ने संयन्त्र, कानुनी ढाँचा र अन्य सान्दर्भिक जानकारीको विवरण आरएपीमा समावेश हुन्छन् ।

जग्गाको नोक्सानी, बासोबास वा व्यापारिक संरचनाको नोक्सानी, आय आर्जन गर्ने श्रोत र सम्पत्तिको नोक्सानी, संकटापन्न समुहलाई थप सहायता, साझा सम्पत्तिको श्रोतको नोक्सानी र अन्य अवाञ्छित प्रभावहरु जस्ता सामिाजिक प्रभाव मूल्यांकनको समयमा पहिचान गरिएका प्रभावहरुको सम्बोधन गर्ने आधिकारको सूची आरएपीको साथमा रहनेछ ।

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

28th Nov, 2019

## आदिवासी  जनताको विकास ढाँचा

प्रत्येक सहायक परियोजनाका लागि गरिएको सामाजिक जाँच प्रक्रियाले आदिवासी  जनताहरुको सहायक परियोजना क्षेत्रमा उपस्थिति छ वा सामुहिक निकटतामा रहेका छन् र परियोजनाले प्रभावित पार्ने संभावना छ भने आदिवासी  जनताको विकास योजना तयार गरिने छ ।

सहायक परियोजनाका लागि सामाजिक प्रभाव मूल्यांकन गरिने छ, र परियोजना क्षेत्र र परियोजनाले प्रभाव पार्ने क्षेत्रका प्रभावित आदिवासी जनताको अधाररेखा जनसांख्यिक, सामाजिक आर्थिक, साँस्कृतिक र राजनीतिक विवरण, आदिवासी जनताको परम्परागत रुपमा स्वामीत्व रहेको वा ओगटेको जग्गा र क्षेत्रको मूल्यांकन, आदिवासी जनता निर्भर रहेको प्राकृतिक श्रोत (जैविक विविधता र पारिस्थितिक प्रणाली सेवा)को मूल्यांकन, उनीहरुको पहुँचमा रहेको वा उनीहरुले फाइदा लिन सक्ने आधारभूत तथा सामाजिक आर्थिक सेवाहरुको अवसरको मूल्यांकन, उनीहरुलाई प्रभावित पार्ने परियोजनाका सम्बन्धमा उनीहरुको चासो र समस्याहरुका लागि क्रमागत उपागम र श्रोतको आवश्यकताको मूल्यांकन गर्दै प्रत्येक समुहको सामाजिक, साँस्कृतिक तथा आर्थिक स्थितिमा परियोजनाको अल्पकालिन र दीर्घकालिन, प्रत्यक्ष र अप्रत्यक्ष, सकारात्मक र नकारात्मक प्रभावको मूल्यांकन यसमा समावेश हुन्छन् ।

आदिवासी  जनताको चासो र समस्याहरुको सम्बोधन गर्न सामाजिक प्रभाव मूल्यांकनको नतिजामा आधारित भै आदिवासी  जनताको विकास योजना तयार गरिने छ । प्रभावित आदिवासी  जनताको इच्छा, आवश्यकता र बढी रुचाइएको विकल्प, स्थानीय सामाजिक संगठन, साँस्कृतिक आस्था, पुर्ख्यौली क्षेत्र र प्रभावित प्रभावित आदिवासी  जनताबीचमा श्रोतको उपयोगको ढाँचा, परियोजनाको संभाव्य सकारात्मक र नकारात्मक प्रभावहरु, परियोजनाका नकारात्मक असरहरुबाट बच्ने, न्यूनीकरण गर्ने वा क्षतिपूर्ति गर्ने उपायहरु, परियोजनाका फाइदाले उनीहरुलाइ फाइदा गर्ने कुराको सुनिश्चित गर्ने उपायहरु, उनीहरुको समस्याको सम्बोधन गर्ने कार्यकारी निकायको क्षमता सुदृढ गर्ने उपायहरु, आदिवासी  जनताको समस्यामा विज्ञता भएका स्थानीय संगठन र गैससहरुलाई संलग्न गर्ने संभावना, उनीहरुको बजेट बाँडफाँट, निश्चित समयसीमा सहित आदिवासी  जनताको अनुगमन आदिवासी जनताको विकास योजनामा समावेश हुन्छन् ।

## वातावरणीय तथा सामाजिक साधनको पुनरावलोकन तथा फरफारक

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

इएण्डएस मूल्यांकन तथा व्यवस्थापनका साधनहरुको तयारी पश्चात् र माथि व्याख्या गरिएको सहायक परियोजनाको इएण्डएस वर्गीकरण अनुसार प्रक्रिया देहाय बमोजम हुनेछ :

- गुणस्तर र पूर्णताका लागि सबै इएण्डएस मूल्यांकन तथा व्यवस्थापनका साधनहरु (इएसआइएहरु, इएसएमपीहरु, आएपीहरु, आइपिडिपीहरु आदि) का लागि ने.वि.प्रा./पिआइयु जिम्मेवार हुनेछ ।

- वर्ग ३ र ४ (वातावरणीय जाँच) मा वर्गीकृत डिएसयुइपी सहायक परियोजनाहरुको हकमा ने.वि.प्रा./पिआइयुले औपचारिक फरफारक उपलब्ध गराउने छ । वर्ग २ को हकमा ने.वि.प्रा./पिआइयुले नेपाल सरकारबाट फरफारक प्राप्त गर्ने छ र वित्त प्रदायकहरुलाई फरफारकको प्रति दिने छ । तर, इएसएमपीहरु समीक्षाका लागि वित्त प्रदायकहरुलाई दिइने छ ।

## वातावरणीय तथा सामाजिक अनुगमन

वातावरणीय तथा सामाजिक (इएण्डएस) सुरक्षाको प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चित गर्न ने.वि.प्रा./पिआइयुद्वारा अनुगमन अनुपालनालाई अनुगमन अनुपालनाको संकेतहरुका आधारमा आन्तरिक रुपमा सञ्चालन गरिने छ । परियोजना चक्रको विभिन्न चरणमा अर्थात् सहायक परियोजनाहरुको निर्माण र सञ्चालनको चरणमा अनुगमन गर्ने जिम्मेवारी वित्त प्रदायकहरु तथा ने.वि.प्रा./पिआइयुको हुनेछ । सहायक परियोजनाको तहमा व्यक्तिगत कन्सल्टेन्ट/विशेषज्ञहरुलाई ज्यालामा लिइने छ जो इएण्डएसका सुरक्षासम्बन्धी कागजातहरुको प्रत्येक सहायक परियोजनाको मासिक प्रतिवेदन तयार गर्ने र ने.वि.प्रा./पिआइयु समक्ष पेश गर्ने कुरामा जिम्मेवार हुने छन् । केन्द्रीय तहका व्यक्तिगत विशेषज्ञहरु सहायक परियोजनाका कन्सल्टेन्टका क्रियाकलापहरुको अनुगमन गर्न र प्रत्येक सहायक परियोजनाहरुको मासिक प्रतिवेदनहरुको समीक्षा गर्न र वित्त प्रदायकहरु समक्ष पेश गर्न त्रैमासिक प्रतिवेदन तयार पार्न जिम्मेवार रहने छन् । वित्त प्रदायकहरुले आवधिक समीक्षा कार्य सञ्चालन गर्ने छन् जसमा सुरक्षा कार्यान्वयनको समीक्षा समावेश हुनेछ ।

## सार्वजनिक परामर्श र भेटघाटको रणनीति

सरोकारवालाको भेटघाटका मुख्य उद्देश्यहरुका दुई पक्ष छन् -

क) सबै सरोकारवालाहरुलाई परियोजनाका गतिविधिहरु, फाइदाहरु र संभाव्य नकारात्मक प्रभावका बारेमा जानकार बनाइराख्ने,

ख) सरोकारवालाहरुले सक्रिय रुपले परियोजना चक्रको सबै तहमा सहभागिता जनाउँछन् र परियोजनाको संभाव्य नकारात्मक प्रभावलाई कम गर्न न्यूनीकरण योजनासहित आउँछन् भन्ने सुनिश्चित गर्ने ।

यिनीहरुले अन्तमा परियोजना र यसका लाभग्राहीहरु बीचको खाडल कम गर्न योगदान दिने छन् र सहकार्यका माध्यमले नकारात्मक इएण्डएस प्रभाव न्यूनीकरण गर्न विश्वसनीय वातावरण निर्माण गर्न मद्दत गर्ने छन् ।

जनताले परियोजना विकासको चरण मार्फत भेटघाटको खाका दिन्छन् र देहायका माध्यमले परियोजना कार्यान्वयनको चरणभरि गरिने सरोकारवालाहरुको भेटघाटको गतिविधिहरुको ढाँचाको सुझाव दिन्छन् :

- परियोजनाको प्रभाव क्षेत्रमा सार्वजनिक बैठक,
- स्थानीय स्तरमा गठित क्लब, समूह तथा गैससहरुबाट जानकारी/सचेतना अभियान,
- केन्द्रित समूह छलफल,
- परियोजनाको विभिन्न चरणमा सरोकारवालाहरु समेतको समिति र/वा समूहहरुको गठन,
- गुनासो सम्बोधन संयन्त्रको विकास
- निर्णय गर्ने प्रक्रिया र कसरी पिएपीहरुलाई सम्बोधन गरिन्छन् भन्ने कुरा लगायत परियोजनाको खुलासा/प्रचार ।

## सरोकारवालाको नक्सांकन र विश्लेषण

सरोकारवालाहरुसँग सार्थक र उत्पादनशील तवरले भेटघाट गर्नु र उनीहरुसँग काम गर्ने इच्छा र क्षमतालाई उकास्न महत्वपूर्ण हुन्छ । पहिला त देहायका मध्ये कुनै एक वा धेरै मापदणहरुका आधारमा विभिन्न किसिमका सरोकारवलाहरुको पहिचान गर्न सक्ने गरी सरोकारवालाहरुको नक्सांकन गर्नु पर्दछ :

- प्रभावित घरधुरी, व्यक्ति तथा समुदायहरु

- डिएसयुएपीको लक्षित क्षेत्रहरुका परियोजनाका सबै लाभग्राहीहरु

- विभिन्न तहका जिम्मेवारीमा रहेका सरकारी निकायहरु (केन्द्र, जिल्ला र स्थानीय), सम्बन्धित मन्त्रालय वा विभाग

- स्थानीय जिल्ला, प्रदेश र संघीय तहका निर्वाचित प्रतिनिधिहरु

- सम्बीनधत गैसस, सिबिओहरु र उपभोक्ता समिति

- राजनीतिक दलका प्रतिनिधिहरु

- प्रभावित क्षेत्रका स्थानीय प्रभाव जस्तै सामुदायिक मुखिया, विद्यालयका शिक्षक, स्वास्थ्यकर्मीहरु, सामाजिक तथा धार्मिक अगुवाहरु

- नागरिक समाज, सीमान्तकृत समूह र कार्यकर्ताहरु

- स्वयं परियोजनाका प्रवर्तकहरु

**सरोकारवालासँगको भेटघाटको योजना**

परियोजना र यसका सरोकारवालाहरुबीचको योजनाबद्ध आगामी संचारलाई स्पष्ट गर्दै प्रतिवेदनले नक्सांकन तथा विश्लेषण अभ्यासका नतिजाहरुलाई प्रतिबीम्बित गर्दछ । सरोकारवालाहरुसँगको भेटघाटको योजनामा देहायका तत्वहरु समावेश हुन्छन् :

**प्राथमिक तथा गौण सरोकारवालाहरु :**

- प्राथमिक (समुदाय - आइपी र गैर आइपी, परियोजनाले प्रभावित जनता, संकटापन्न समूहहरु र निर्माण कार्यशक्ति) र गौण सरोकारवालाहरु (नागरिक समाजका संगठनहरु, सञ्चारका साधन, सरकार, स्थानीय व्यवसमयीहरु) का आधारमा फरक पार्ने,

- सम्बन्धित सञ्चार रणनीतिहरुको विवरण

## सूचनाको खुलासा, परामर्श तथा सहभागिता

परियोजना प्रभावित जनता तथा समुदायहरुसँगको परामर्श तथा छलफल परियोजना चक्रभरिको निरन्तर क्रियाकलाप हो । जारी निर्माणपूर्वको चरणमा यसलाई प्रयोग गरिने छ, निर्माणको चरणमा पालना गरिने छ र परियोजनाको आवश्यकता बमोजिम सञ्चालन चरणमा जारी हुन सक्ने छ । परियोजना चक्रको विभिन्न चरणहरुमा सरोकारवालालाई वा तिनीहरुबाट सान्दर्भिक परियोजनाका जानकारीहरुको परियोजनाले स्वामित्व लिने छ र प्रसार गर्ने छ । सूचना प्रसार, स्थानीय तहका गुनासोको अभिलेख राख्न, एलसिएफ (स्थानीय परामर्शदातृ मञ्च) को सक्रियता तथा कार्यका लागि प्रत्येक स्थलगत कार्यालयहरुमा परियोजना सूचना केन्द्र (पिआइसी) स्थापना गरिने छ। सबै परियोजना सम्बन्धित सरोकारवालाहरुलाई प्रस्तावित सहायक परियोजनाका निर्माण अगाडि परियोजना सम्बन्धी सूचना सामग्री वितरण गरिने छ। यस्ता सूचनामा अधिकार सूचीका कार्यढाँचाहरु, विभिन्न आवधिक सूचना पत्रहरु, परियोजनाको समयसीमाहरु ऋादि समावेश हुने छन् । महत्वपूर्ण र उपयोगी सूचना प्रचार गर्न बैठक र कार्यशालाहरु सञ्चालन गरिने छ। एफएम रेडियो, पत्रपत्रिका र टिभी आदि जस्ता स्थानीय सञ्चार माध्यमलाई डिएसयुइपीको बारेमा सूचना प्रचार गर्नका लागि प्रयोग गरिने छ ( सोको खर्च इएसएमपीमा बाँडफाँट गरिने छ । सबै परियोजनाका कागजातहरु ने.वि.प्रा./पिआइयु (www.nea.org) र वित्त प्रदायकहरुको वेभसाइटमा राखिने छ।

### सूचनाको खुलासा

- परियोजनाको कोसेढुंगानीकरणका उपायहरुका बारेमा जनतालाई जानकार बनाउने उद्देश्य सहित एकतर्फी सञ्चार
- मुख्यतया निर्माणसम्बन्धी कठिनाइ
- सञ्चालनको समयमा, आवश्यक भएमा र भएका स्थानमा

### सार्वजनिक परामर्श तथा सहभागिता

- एफपिआइसी सञ्चालन गर्न सामाजिक अनुमति प्राप्त गर्ने उद्देश्य सहित दोहोरो सञ्चार

- सम्मति प्राप्त गर्ने उद्देश्य सहित गहिरो र साँस्कृतिक रुपले उचित सञ्चार

## सार्थक परामर्शको प्रक्रिया

परामर्श परियोजनाको कार्यान्वयन गर्ने निकाय र सरोकारवालाहरुबीचको एउटा दोहोरो संवाद हो । सहायक परियोजना चक्रको निर्माण पूर्व र निर्माणको बेलामा महिलाको संलग्नता, आदिवासी जनता, अल्पसंख्यकहरु आदिले सार्थक परामर्शको संयन्त्र सुनिश्चित गर्ने छन् । यसमा देहायका कुराहरु समावेश हुन्छन् :

- राम्ररी लक्षित गरिएको र समावेशी परामर्श प्रक्रिया

- स्थान, समय र परामशेको विषयका बारेमा पूर्व नक्कल स’निश्चित गरिने छ

- सहायक परियोजना क्षेत्र अनुकूलको बुझ्न सकिने भाषाको प्रयोग

- विकास प्रक्रिया शुरुमा सरोकारवालाहरुसँगको भेटघाट

- परियोजना चक्रभरि परामर्श जारी रहने छ ।

## गुनासो सम्बोधन संयन्त्र

पहिलो तहको गुनासो सम्बोधन संयन्त्र (जिआरएम) का रुपमा प्रभावित वडामा स्थानीय परामर्शदातृ मञ्च (एलसिएफ) गठन गरिने छ । जग्गा अधिग्रहण, क्षतिपूर्ति, पुनर्स्थापनाका आवश्यकता र अन्य परियोजनासँग सम्बन्धित समस्याहरुका कुनै पनि पक्षसँग सम्बन्धित गुनासोहरुमा यिनीहरु केन्द्रित हुने छन् । गाउँ तहमा र नगरपालिका/गाउँपालिकाका वडा तहमा सहायक परियोजना विकास प्रक्रियामा शुरुमै सही र पूरा जानकारी उपलब्ध गराई धेरै गुनासोहरु समाधान गर्न सकिन्छ । समाधान नभएमा यसलाई ने.वि.प्रा./पिआइयुको इएण्डएस टोली समक्ष प्रेषित गर्न सकिन्छ । यसो गर्दा समेत समाधान नभएमा गुनासोलाई प्र.जि.अ. कार्यालयमा दर्ता गर्न सकिन्छ । समाधान उपर गुनासो गर्ने व्यक्तिको

चित्त नबुझेको खण्डमा नेपालको न्यायिक प्रणाली वा उचित प्रशासनिक प्रणाली मार्फत कानुनी उपचारको खोजी गर्न सकिन्छ ।

## ३.४ अनिच्छित पुनर्वास (औचित्य/नीतिगत सिद्धान्तहरु/आरपिएफ)

यो जनताको आफ्नै इच्छाले नभई आफ्नै सम्पत्तिबाट, प्रभावको परियोजना करिडोरमा आम्दानी र जीविकाको श्रोतबाट जनताको भौतिक र/वा आर्थिक विस्थापन हो, जसले सम्पत्तिमा प्रभाव पार्दछ । देहायका कुनै वा संयुक्त कुरामा अनिच्छित पुनर्वास प्रतिफल हुनसक्छ - जग्गा र अन्य स्थिर सम्पत्तिको नोक्सानी, आम्दानी र/वा रोजगारीको नोक्सानी, प्रतिस्थापन, परिवारका सदस्य, समुदायहरुको अलगाव आदि । उचित र पर्याप्त न्यूनीकरणका उपायहरु अपनाउन नसकिएमा अनिच्छित पुनर्वासले पिएपीहरु, विशेषतः समाजका सीमान्तकृत क्षेत्र, का बीचमा थप कठिनाइ र विपन्नता परिणाम ल्याउँछ । विकास परियोजनाका यी नकारात्मक सामाजिक प्रभावहरु पिएपीहरुबाट आफसेआफ नभई अनिच्छित ढंगले प्रायः उत्पन्न हुन्छन् ।

### ३.४.१ औचित्य

यो अनिच्छित बसोबास नीतिको औचित्य विशिष्ट सहायक परियोजनाका क्षेत्र र गतिविधिहरु तिनीहरुको दुरुस्त प्रकृति र मापनलाई बुझ्ने गरी पहिचान गर्न अझै बाँकी छ भन्ने तथ्यबाट उत्पत्ति हुन्छ । यसरी यो पुनर्स्थापना योजनाको ढाँचा (आरपिएफ)लाई जग्गा अधिग्रहण र पुनर्स्थापनाका प्रभावहरुलाई सम्बोधन गर्ने गरी विस्तृत पुनर्स्थापनाको योजनालाई मार्गदर्शन गर्न विकास गरिएको हो । यो ढाँचाले अनिच्छित पुनर्वास र क्षतिपूर्तिका सिद्धान्तहरु, सांगठनिक प्रबन्धहरु र जग्गा अधिग्रहण, समत्ति वा जीविका र/वा आर्थिक श्रोतहरुमा पहूँचको नोक्सानीबाट प्रभावित हुन सक्ने जनताको आवश्यकताहरुलाई पूरा गर्न प्रयोग हुन सक्ने डिजाइन मापदण्डलाई स्थापित गर्दछ ।

### ३.४.२ उद्देश्य

- संभव भएका स्थानमा अनिच्छित पुनर्वासबाट बच्ने
- विकल्पको अन्वेषण गरी अनिच्छित पुनर्वासलाई न्यूनीकरण गर्ने

- अनिच्छित पुनर्वासबाट बच्न संभव नभएमा सबै विस्थापित व्यक्तिहरुको जीविकालाई वास्तविक समयमा परियोजना पूर्वको तहमै सबल बनाउने वा कम्तीमा पुनर्स्थापना गर्ने

- विस्थापित गरिब तथा अन्य संकटापन्न समूहहरुको समग्र सामाजिक आर्थिक स्थितिको सुधार गर्ने

- परियोजनाका लाभहरुको आदाप्रदान गर्न परियोजनाले विस्थापित गरेका व्यक्तिहरुलाई सक्षम बनउँदै दिगो विकासको रुपमा पुनर्स्थापनाका क्रियाकलापहरुको धारण गर्ने र कार्यान्वयन गर्ने

- परियोजनाका लाभहरु आदानप्रदान गर्न परियोजनाले विस्थापित गरेका व्यक्तिहरुलाई सक्षम बनाउन पर्याप्त श्रोतहरु उपलब्ध गराउने

- एआइआइबी वातावरणीय तथा सामाजिक मापदण्ड २ अनुच्छेद १ बमोजिम : संभव भएका स्थानमा अनिच्छित पुनर्वासबाट बचाउनु, परियोजनाका विकल्पहरुको अन्वेषण गरी अनिच्छित पुनर्वासलाई न्यूनीकरण गर्नु, अनिच्छित पुनर्वासबाट बँच्न संभव नभएको स्थानमा सबै विस्थापित व्यक्तिहरुको जीविकालाई वास्तविक समयमा परियोजना पूर्वको तहमै सबल बनाउने वा कम्तीमा पुनर्स्थापना गर्ने, विस्थापित गरिब तथा अन्य संकटापन्न समूहहरुको समग्र सामाजिक आर्थिक स्थितिको सुधार गर्ने, र दिगो विकासका कार्यक्रमहरुको रुपमा पुनर्स्थापनार्ला धारण गर्ने र कार्यान्वयन गर्ने कुराहरु अनिच्छित पुनर्वासका उद्देश्यहरु हुन् ।

### ३.४.३ क्षेत्र र कार्यान्वयन

**क्षेत्र**

अनिच्छित पुनर्वासको क्षेत्र पिएपीहरुलाई ३३/११ केभी सबस्टेशन र सम्बन्धित लाइनले पार्ने प्रभावको सम्बोधन गर्नु हो । एआइआइबी बमोजिम परियोजनामा अनिच्छित पुनर्वास (परियोजनासँग प्रत्यक्ष रुपले सम्बन्धित निकट विगतको र दृष्टिगोचर हुनसक्ने भविष्यको अनिच्छित पुनर्वास) समावेश रहेको कुरा परियोजना जाँच प्रक्रियाले देखाएमा इएसएस २ लागू हुन्छ । अनिच्छित पुनर्वासले भौतिक विस्थापन (

पुनर्स्थापना, बसोबास गरेको जग्गाको नोक्सानी वा बासस्थानको नोक्सानी) र आर्थिक विस्थापन ( जग्गाको वा जग्गामा र प्राकृतिक श्रोतहरुमा पहुँचको नोक्सानी, सम्पत्तिको वा सम्पत्तिमा, आम्दानीका श्रोतहरु वा जीविकाका साधनहरुमा पहुँचको नोक्सानी) लाई देहायको परिणतिस्वरुप अनिच्छित पुनर्वासले समेटेको हुन्छ : (क) जग्गाको अनिच्छित अधिग्रहण, वा (ख) जग्गाको उपयोगमा वा कानुनी रुपमा तोकिएको निकुञ्जहरु र संरक्षित क्षेत्रहरुमा पहुँचमा अनिच्छित प्रतिबन्ध । यी नोक्सानीहरु र अनिच्छित प्रतिबन्धहरु पूर्ण वा आंशिक, स्थायी वा अस्थायी भए तापनि यसले यस्तो विस्थापनलाई समेटेको हुन्छ ।

**कार्यान्वयन**

डिएसयुइपी सहायक परियोजनाका कुनै पनि अंगहरु (३३र११ केभी सबस्टेशन र सम्बन्धित लाइनहरु) अन्तर्गत अनिच्छित पुनर्वासमा सहायक परियोजनाहरुले मुख्य प्रभाव पार्दैनन् भन्ने अपेक्षा गरिन्छ । तर, सहायक परियोजना (सबस्टेशन र सम्बन्धित लाइनहरु)अनिच्छित पुनर्वासरजग्गा अधिग्रहण, क्षतिपूर्ति प्रक्रियामा संलग्न हुन सक्छ । अनिच्छित पुनर्वास आर्थिक विस्थापनमा सीमित हुन सक्छ जसमा जग्गा, रुख, बाली, गौण संरचना वा जग्गा र प्राकृतिक श्रोतहरुमा पहुँचको नोक्सानी, आम्दानीका श्रोतहरु र जीविकाका माध्यमहरुको नोक्सानी समावेश हुन्छ । यदि नकारात्मक (१) प्रभाव जग्गाको, सम्पत्ति वा श्रोतहरुमा पहुँचको नोक्सानी समावेश भएको सहायक परियोजनाबाट भएमा डिएसयुइपी सहायक परियोजना अन्तर्गतको अनिच्छित पुनर्वासका माध्यमले यस्ता प्रभावहरुलाई पहिला हटाइन्छ, वा हटाउने काम संभव नभएमा तिनीहरुलाई कम्तीमा कम, न्यूनीकरण गरिन्छ वा क्षतिपूर्ति दिइन्छ । परियोजनाको कुनै चरणमा यी प्रभावहरु नकारात्मक भएको थाहा भएमा कम्तीमा परियोना पूर्वको तहको वा त्योभन्दा राम्रो प्रभावित व्यक्तिहरुको जीविका पुनर्स्थापना गर्न ने.वि.प्रा./पिआइयुले पुनर्स्थापना कार्य योजना विकास गर्नु र कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

**सिद्धान्तहरु**

देहायका मुख्य सिद्धान्तहरु अनुशरण गरिने छ :

- सहायक परियोजनाको योजना बनाउँदा र डिजाइन गर्दा अनिच्छित जग्गा अधिग्रहण र पुनर्स्थापनाका प्रभावहरुलाई होशियारीपूर्वक हटाइने वा कम गरिने छ ।

- अनिच्छित जग्गा अधिग्रहण र पुनर्स्थापनाका प्रभावहरुलाई हटाउन वा कम गर्न संभव नभएमा उनीहरु सहायक परियोजना विना पनि समृद्ध होऊन् भनी परियोजनाद्वारा पिएपीहरुलाई उनीहरुको पुनर्स्थापनाका लागि क्षतिपूर्ति र सहायता/सट्टाभर्नाको मूल्य प्रदान गर्ने सहमति गरिने छ ।

- जग्गामा औपचारिक अधिकार नभएको अवस्थाले घरका संरचनाहरु र फलफूल/पशुको दाना/बाँस/बालीनाली आदिको क्षतिपूर्ति दिन बाधा गर्ने छैन र संकटापन्न समूहहरु एपर ध्यान दिई उनीहरुको स्तर उकास्न उनीहरुलाई उचित सहायता दिइने छ ।

- सहायक परियोजनाको देवानी कार्यको करार गर्नुअघि जग्गा अधिग्रहण, क्षतिपूर्ति र सहायता वितरण सम्पन्न गरिने छ । निर्माणको चरणमा पनि पुनर्स्थापनाको क्रियापलापहरु जारी रहने छन् ।

- जग्गा अधिग्रहण र पुनर्स्थापनालाई सहायक परियोजनाको अंगको रुपमा मानिने छ र पुनर्स्थापना सम्बन्धी लागतलाई परियोजनाको लागतमा समावेश गरिने छ ।

**अनिच्छित पुनर्वास र जग्गा अधिग्रहणसँग सम्बन्धित कानुनी र नीतिगत ढाँचा**

यो डिएसयुइपी सहायक परियोजनाहरुमा अंगिकार गरिएको पुनर्स्थापनाका सिद्धान्तहरुले राष्ट्रिय जग्गा अधिग्रहण (एलए) ऐन (१९७७), भूमि सुधार ऐन, नेपालका विकास आयोजनाहरुमा जग्गा अधिग्रहण, क्षतिपूर्ति र पुनर्स्थापना सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा, एआइआइबी, इआइबी सुरक्षा नीति मापदण्डहरुलाई प्रतिबीम्बित गर्दछन् । नेपाल सरकार र सह(वित्त प्रदायकहरुका नीतिहरु, कानुनी आवश्यकताहरु, मार्गदर्शक सिद्धान्तहरु, जस अन्तर्गत यो डिएसयुइपी सहायक परियोजना तयार गरिने छ, लाई यस परिच्छेदले रुपरेखा कोर्ने छ ।

**संवैधानिक प्रत्याभूति**

नेपालको संविधानको धारा २५ को सम्पत्तिको हकले “(१) प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार

गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरुप व्यक्तिको आयमा कर लगाउन सक्नेछ । स्पष्टीकरण : यस धाराको प्रयोजनको लागि “सम्पत्ति” भन्नाले चल अचल लगायत सबै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्तिको हक समेतलाई जनाउँछ । (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रुपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन । (३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ । (४) उपधारा (२) र (३) को व्यवस्थाले भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन । (५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितको सट्टा अर्को कुनै सार्वजनिक हितको लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।” भन्ने उल्लेख गरेको छ ।

**जग्गा प्राप्ति ऐन २०३४**

यो ऐनले सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्त गर्ने उद्देश्य लिएको छ । सार्वजनिक प्रयोजन वा सरकारले अग्रसरता लिने कुनै पनि विकास परियोजनाको सञ्चालनका लागि आवश्यक पर्ने जग्गा वापत ऐन बमोजिमको मुआब्जा दिएर सरकारले जुनसुकै ठाउँमा जति पनि जग्गा प्राप्त गर्न सक्नेछ ( दफा ३ र४) । मुआब्जा रकम निर्धारण गर्न प्र.जि.अ.को अध्यक्षतामा  एउटा सिडिसी रहने छ । सिडिसीमा भूमि प्रशासक वा मालपोत कार्यालयको प्रमुख, सम्बन्धित नगरपालिका वा गाउँपालिकाको प्रतिनिधि र परियोजना प्रमुख रहन्छन् । जग्गाको मुआब्जाको निर्धारण गर्ने सिडिसी मुख्य जिम्मेवार निकाय हो । जग्गाधनीहरुलाई तिर्नु पर्ने मुआब्जा रकमको निर्धारण गर्न यसलाई पूरा अधिकार रहन्छ । मुआब्जा रकममा चित्त नबुझ्ने व्यक्तिले मुआब्जा तोकिएको मितिले पन्ध्र दिनभित्र नेपाल सरकारको गृह मन्त्रालयमा उजुरी दर्ता गराउन सक्ने छ, र यस्तो स्थितिमा नेपाल सरकार, गृह मन्त्रालयले तिर्नु पर्ने मुआब्जाको निर्धारण सम्बन्धी गर्ने निर्णय अन्तिम हुने छ (दफा २५ उपदफा ७) । यस ऐन अन्तर्गत

सजाय हुन सक्ने कसुरका सम्बन्धमा सिडिओ मौलिक अधिकारक्षेत्र हो । सिडिसीको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्न सकिने छ ।

जग्गा अधिग्रहण र नेपालमा पुनर्स्थापनासँग सम्बन्धित प्रक्रियालाई मार्गनिर्देश गर्न जग्गा प्राप्ति ऐन, २०३४ एउटा केन्द्रिय कानुनी दस्तावेज हो । मुआब्जा दिने गरी सार्वजनिक प्रयोजनका लागि जग्गा अधिग्रहण गर्न सकिने कुरा ऐनको दफा ३ मा उल्लेख छ । ऐनको दफा ४ अनुसार जग्गा चाहिने संस्थाहरुले त्यस्ता संस्थाले मुआब्जाको भुक्तानी दिने गरी सरकारसँग जग्गा प्राप्त गर्न अनुरोध गर्न सक्ने छन् । ऐनको दफा २७ ले जग्गाधनी र सरकारी विभाग वा निकायबीच आपसी सहमतिबाट जग्गा प्राप्तिको व्यवस्था गरेको छ, जहाँ ऐनमा तोकिएको अनिच्छित जग्गा अधिग्रहण प्रक्रिया लागू हुँदैन । ऐनले परियोजनाका सहयोगीलाई जग्गा प्राप्तिको लागि आपसी सहमतिको प्रक्रिया र औपचारिक प्रक्रियामध्येबाट छनोट गर्ने अधिकार (तल व्याख्या गरिएबमोजिम) दिएको छ । दफा २७ लागू हुने र जग्गाधनीले राज्यबाट दिइएको मुआब्जामा चित्त नबुझाएमा सहमति अन्तर्गत धनीले गृह मन्त्रालय समक्ष उपचारका लागि उजुरी दर्ता गर्न सक्ने छ (दफा १८ (उपदफा २) । वैधानिक प्रावधान बमोजिम सार्वजनिक प्रयोजनका लागि निजी जग्गा प्राप्त गर्नु भन्दा अगाडि सरकारले प्रमुख जिल्ला अधिकारी ( प्रजिअ) को अध्यक्षतामा क्षतिपूर्ति निर्धारण (तोक्ने) समिति (सिडिसी) बनाउँछ । अन्य सदस्यहरुमा मालपोत कार्यालय (एलआरओ) का प्रमुख र सम्बन्धित नगरपालिकाका एक प्रतिनिधि/गाउँपालिकाका प्रतिनिधिहरु र परियोजना व्यवस्थापक रहन्छन् । समितिको छलफलहरुमा प्रभावित व्यक्तिहरुको एक जना प्रतिनिधिलाई पनि सामान्यतया सहभागी हुन आमन्त्रण गरिन्छ । परियोजना व्यवस्थापकले समितिको सदस्य सचिवको रुपमा कार्य गर्नेछन् । देहायका तथ्यहरुलाई ध्यानमा राखी सिडिसीले क्षतिपूर्तिको रकम निर्धारण गर्दछ : जग्गाको वर्तमान मूल्य, ठडिइरहेका बाली, घर, पर्खाल, गोठ वा अन्य संरचना, बासस्थान वा व्यवसायको स्थल सार्दाको परिणामले हुन आएको नोक्सानीको मूल्य । यो अभ्यासमा सिडिसीले सरकारका सान्दभिक ऐनहरु र मार्गनिर्देशलाई समेत ध्यानमा राख्दछ । दफा ६ अनुसार स्थानीय सरकारी निकाय र सरकारी संस्थाहरु बाहेक अन्य संस्थाहरुका लागि जग्गा अधिग्रहण गर्नु पर्ने भएमा समितिले देहायका निर्धारक क्षतिपूर्तिलाई ध्यान दिनेछ : (१) जग्गा अधिग्रहणको सूचनाको समयमा व्याप्त रहेको जग्गाको मूल्य, (२) ठडिइरहेका बाली र संरचनाहरुको मूल्य, र (३) जग्गा अधिग्रहणको परिणामस्वरुप आफ्नो बासस्थान वा व्यवसाय स्थल सार्न वाध्य भई पिएपीद्वारा भएको नोक्सानी ।

ऐनको दफा ९ को उपदफा ३ मा उल्लेख भए बमोजिम सिडिसीले क्षतिपूर्ति भुक्तानीको दिनको अवधि निर्धारण गर्नेछ । ती अधिकारीले क्षतिपूर्ति संकलन नगरेको भएमा ऐनको दफा ३७ ले समितिले थप ३ महिनासम्म अवधि लम्ब्याउन सक्नेछ भन्ने स्पष्ट गरेको छ । लम्ब्याइएको ३ महिनाको अवधिपछि, सरकारको खातामा रकम जम्मा गरिनेछ । अधिग्रहण गरिएको जग्गा वापतको क्षतिपूर्ति सामान्यतया प्रचलित बजार मूल्य बमोजिम नगदमा भुक्तानी गरिन्छ । तर सरकारी जग्गा उपलब्ध भएमा जग्गा वापत जग्गा नै क्षतिपूर्ति दिन दफा १४ अन्तर्गत एउटा प्रावधान रहेको छ । आफ्नो सबै जग्गा गुमाउने र जग्गाको केही भाग मात्र गुमाउने घरधुरीका बीचमा फरक छुट्याई ऐनले दुईटा अलग क्षतिपूर्तिको दरले भुक्तानी गर्ने संभावनाको पनि व्यवस्था गरेको छ । दफा १० मा तय गरिए बमोजिम अधिग्रहण गरिएको जग्गाबाट प्रभावित घरधुरीले बाली, रुख र विरुवाहरु र बचाउन सकिने सामग्रीहरु लैजान सक्नेछन् । दफा ३९ ले प्रभावित घरधुरीले बचाउन सकिने सबै सम्पत्तिहरु लैजान सक्नेछन् र यस्ता सम्पत्तिहरुको मूल्य क्षतिपूर्तिबाट कट्टा गरिने छैन ।

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ११ बमोजिम उपर्युक्त सम्बन्धका कुनै गुनासो र विरोधलाई गुनासो सम्बोधन समिति समक्ष प्रेषित गरिने छ ।

जग्गा अधिग्रहण प्रक्रिया र गतिविधिहरु निरीक्षण गर्ने र जग्गा अधिग्रहण र क्षतिपूर्ति सम्बन्धी गुनासो हल गर्ने एकल जिम्मेवारी ऐनले प्रजिअलाई तोकेको छ ।

ऐनको दफा २० ले जग्गाधनीको अनुमतिबाट वैधानिक मोही आफैंले जग्गामा बनाएको संरचनाहरु वापत १००% क्षतिपूर्ति पाउने अधिकार दिएको छ ।

प्रजिअले सिडिसीको अध्यक्षता गर्नेछ, जसमा जिल्ला प्रशासन, मालपोत विभाग, परियोजनाको कार्यालयका प्रतिनिधिहरु र नगरपालिका/गाउँपालिकाका प्रतिनिधिहरु रहन्छन् र प्रभावित घरधुरीहरुलाई साधारणतया आमन्त्रितका रुपमा सिडिसीको बैठकमा सहभागी हुन आमन्त्रण गरिन्छ । इएको अनुरोधमा सरकारले (विशेष प्रयोजनका लागि) प्राप्त गरेको जग्गा राख्ने निर्णय गर्दछ र सरकारले इएको अधिकृतलाई प्रारम्भिक कारबाही गर्न नियुक्त गर्दछ, जसमा, अरु कुराका साथमा, प्राप्त गरिने जग्गाको सर्भेक्षण गर्ने र सिडिसी समक्ष पेश गर्ने कागजात तयार पार्ने काम समावेश हुन्छ । इएले पहिलो जग्गा अधिग्रहणको आसयको सूचना जारी गर्दछ । सर्भेक्षण सूचना (अर्थात् (पुनर्वास/आदिवासी जनताको

योजनाको मस्यौदा गर्ने) लाई त्यसपछि अधिग्रहण गरिने जग्गाको पार्सल , जग्गाको उपयोगको ढाँचा, प्रभावित जग्गाधनीहरु, प्रयोगहरु/जग्गाको किसिम, अधिग्रहण गरिने जग्गाको मात्रा जस्ता सान्दर्भिक विवरणहरु उपलब्ध गराउँदै सिडिसी समक्ष पेश गरिन्छ । सिडिसीले सो सूचनाको समीक्षा गर्दछ र सोही विषयका आधारमा अधिग्रहण गरिने जग्गाको पार्सलको विवरण सहित अधिग्रहणको लागि अन्तिम सूचना जारी गरिन्छ । सँगसँगै, सिडिसी/इएले प्रभावित जग्गाधनी/उपभोक्ताहरुलाई सम्पर्क गर्न थाल्छ र (अधिग्रहणका लागि) जग्गाको मूल्यसम्बन्धमा वार्ताको प्रक्रिया अघि बढाउँछ । वार्ता प्रक्रिया पूरा भए पश्चात् सिडिसीले विभिन्न सम्पत्तिको अधिग्रहणका लागि मूल्यको टुङ्गो लगाउँछ र प्रभावित व्यक्तिहरुलाई सोलाई स्पष्ट गर्दछ । जिल्ला प्रशासन कार्यालय (डिएओ) ले त्यसपछि प्रभावित घरधुरीलाई फाराम लिन, उपयुक्त ढंगले भर्न र आफ्नो क्षतिपूर्ति लिनका लागि त्यसलाई डिएओ समक्ष पेश गर्न आमन्त्रण गर्दछ । इएले डिएओका साथमा आवश्यक क्षतिपूर्तिका लागि नगद रकम जम्मा गर्दछ । सबै क्षतिपूर्ति नगद वा चेकमा डिएओ मार्फत परियोजनाका प्रभावित जनताहरुलाई वितरण गरिन्छ ।

## भूमि सुधार ऐन, २०२१ (१९६४)

जग्गा अधिग्रहण सम्बन्धी नेपालको अर्को मुख्य कानुन भूमि सुधार ऐन (एलआरए), २०२१ (१९६४) हो । यो ऐनले आफूले जोतीरहेको जग्गामा जोताहाको हकलाई स्थापित गरेको छ । एलआरएले अझ दर्तावाल मोहीको धनीले बेचेको वा विकास प्रयोजनका लागि अधिग्रहण गरिएको जग्गामाथिको क्षतिपूर्ति अधिकार तोकेको छ । सबभन्दा पछिल्लो ऐन संशोधन (२००१) ले एउटा नियम स्थापित गरेको छ कि यदि मोही भएको जग्गा राज्यले अधिग्रहण गर्दा प्रत्येक मोही र जग्गाधनीले जम्मा क्षतिपूर्तिको ५०५ रकम पाउने छन् । मालपोत कार्यालयको मोहीयानीको अभिलेखबाट मोहीहरु प्रमाणित गरिन्छन् ।

## मालपोत ऐन, २०३४ (१९७७)

विकास परियोजना (सार्वजनिक हित) का लागि जग्गाको अधिग्रहणमा जग्गाको स्वामीत्व हस्तान्तरण समावेश हुन्छ जसका लागि मालपोत ऐन, २०३४ (१९७७) प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लागू हुन आउँछ । यो ऐनको दफा ८ ले दर्ता, स्वामीत्व परिवर्तन, स्वमीत्वको अधिकारको समाप्ति र भूमि अभिलेख कायम राख्ने काम स्थानीय मालपोत कार्यालयले गर्ने उल्लेख गरेको छ । त्यसैगरी, दफा १६ अनुसार

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

लामो समयावधिसम्म कुनै सम्बन्धित धनीले मालपोत नतिर्दा सरकारले सम्बन्धित पार्सल को लिलाम मार्फत कर उठाउन सक्नेछ । मुलुकमा जग्गा दर्ता, अधिकार हस्तान्तरण र अभिलेख राख्ने काम यस ऐनले निर्धारित गर्दछ ।

## पूर्वाधार विकासका लागि जग्गा अधिग्रहण, पुनर्वास र पुनर्स्थापना नीति, २०१५

मार्च २०१५ मा नेपाल सरकारले पूर्वाधार विकासका लागि जग्गा अधिग्रहण, पुनर्वासर पुनर्स्थापनाका सम्बन्धमा एउटा नीति स्वीकार गरेको थियो, तर यसको कार्यान्वयन वाध्यकारी छैन ।

यो नीतिले विकास परियोजनाको एउटा आर्थिक र सामाजिक प्रभाव मूल्यांकन (एसआइए) गर्नु पर्ने आवश्यकता औंल्याएको थियो जुन एलएए, १९७७ अन्तर्गत आवश्यक थिएन । यस मूल्यांकनका आधारमा परियोजनाहरुलाई उच्च, मध्य र न्यून जोखिमका भनी वर्गीकरण गरिएको छ । यदि प्रशारण, टेलिफोन र जमीनमुनि खानेपानीको पाइपलाइन जडान गर्ने कार्यले जीविकामा असर पार्ने भएमा परियोजनाबाट प्रभावित परिवारहरुलाई क्षतिपूर्ति पाउने अधिकार दिइने व्यवस्था पनि यस ऐनले गरेको छ । र, दर्ता गरिएको व्यवसायिक बाली, फलको उत्पादन वा फूलको उत्पादकलाई परियोजनाले असर गरेको खण्डमा पाँच वर्षको कुत बराबरको क्षतिपूर्ति नगदमै दिनु पर्नेछ ।

जग्गा अधिग्रहण, क्षतिपूर्तिसम्बन्धी सबै खर्चहरु र पुनर्वास तथा पुनर्स्थापना योजनाको कार्यान्वयनलाई परियोजनाको खर्च मान्नु पर्ने र परियोजनाद्वारा प्रभावित भएकाहरुलाई रकम निकासा गर्दा यसले लिने दिनमा भर पर्ने हिसाबले क्षतिपूर्ति रकममा व्याज भुक्तानी गर्नु पर्दछ भन्नेमा यस नीतिले जोड दिएको छ । परियोजना सञ्चालन गर्न औपचारिक निर्णय गरिएको दिनबाट व्याज गणना शुरु हुन्छ भन्ने यो नीतिले उल्लेख गर्दछ ।

प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित पाँच सदस्यीय क्षतिपूर्ति समितिले परियोजनाले प्रभावितहरुका लागि क्षतिपूर्ति रकम निर्धारण गर्नेछ । समितिले क्षतिपूर्ति रकम निर्धारण गर्न एउटा प्राविधिक टोली गठन गर्न सक्छ । यो टोलीले विस्थापित हुने संभावना भएका परिवारका सदस्यहरुसँग निकट भै काम गरी संभव भएसम्म न्यूनतम बजार भाउसँग निकटको क्षतिपूर्ति रकम ल्याउनु पर्दछ ।

जग्गा अधिग्रहण, पुनर्वास र पुनर्स्थापना प्रक्रियाहरुसँग सन्तुष्ट नहुनेले परियोजना कार्यालयमा गठित निकायमा र जिल्ला तथा क्षेत्रिय तहका गुनासो सुनुवाइ कार्यालयहरुमा उजुरी दिन सक्छन् । क्षेत्रिय

तहको गुनासो सुनुवाइ कार्यालयले जारी गरेको निर्णय पनि चित्तबुझ्दो नठानेकोमा व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन गर्दछ ।

**एशियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक**

एशियन इन्फ्रास्ट्रक्चर इन्भेष्टमेन्ट बैंक (बैंक) एउटा अन्तर्राष्ट्रिय संस्था हो जसले एशियामा पूर्वाधार विकास र सबल अन्तरसम्बन्धका लागि बहुपक्षीय क्षेत्रिय वित्त र लगानी मञ्च उपलब्ध गराउँछ ।

**वतावरणीय तथा सामाजिक नीति (इएसपी)**

प्रत्येक परियोजनाका लागि यसमा बाध्यात्मक इएण्डएस आवश्यकताहरु रहेका छन्, जस्तै -

- जाँच तथा वर्गीकरण
- वातावरणीय तथा सामाजिक मूल्यांकन
- मूल्यांकन, कागजात र साधनहरु
- वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना
- वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा
- विशेष परिस्थितिहरु
- सूचना खुलाउने काम
- परामर्श
- अनुगमन तथा प्रतिवेदन दिने काम

**वतावरणीय तथा सामाजिक मापदण्डहरु**

तीन ओटा सम्बन्ध भएका बाध्यकारी वातावरणीय तथा सामाजिक मापण्डहरु (इएसएसहरु) ले देहायको कुरासँग सम्बन्धित अझ बढी विस्तृत वातावरणीय तथा सामाजिक आवश्यकताहरु तोकेका छन् :

- अनिच्छित पुनर्वास

एआइआइबी बैंकको विस्तृत नीति तथा मापदण्डहरु (इएसएस२) http://www.aiib.org/en/policies-strategies/_download/environment-framework/final-ESF-Mar-14-2019-Final-P.pdf मा फेला पार्न सकिन्छ ।

**इआइबी मापदण्ड तथा सिद्धान्तहरु**

इआइबीका सामाजिक मापदण्डहरु मानवअधिकारका उपागममा आधारित छन् । सामाजिक मापदण्डहरुले व्यक्तिगत खुशी, सामाजिक समावेशिता र दिगो समुदायहरुको फाइदाका लागि नतिजालाई प्रबर्द्धन गर्ने लक्ष्य राख्दछन् ।

बैंकको मुख्य सिद्धान्तले सुधारिएको तहमा जीविकामाथिका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्नु पर्दछ वा कुनै नोक्सानी भएकोमा कम्तीमा परियोजना पूर्वको तहमा पुनस्थपित गर्नु पर्दछ भन्ने चाहेको हुन्छ । भौतिक र आर्थिक विस्थापनलाई सम्बोधन गर्न स्वीकार्य हुने खालको पुनर्वास कार्ययोजना आवश्यक हुन्छ, जसले आयोजक समुदायको लगायत सार्थक र साँस्कृतिक रुपले उचित परामर्श र सहभागिताको मनासिव प्रक्रिया प्रयोग गर्दछ ।

सक्रिय परामर्श र सहभागितालाई मुख्य ठानिन्छ र सुसूचित संलग्नताका माध्यमबाट महत्वपूर्ण स्थानीय स्वामीत्व र सहायता आवश्यक हुन्छ । यसले जिआरएम सँगसँगै खासगरी सम्पत्तिको अधिकार सम्बन्धी उनीहरुको अधिकारमा एएचहरुलाई समेत मद्दत गर्दछ । यसकारण सार्वजनिक परामर्श एउटा आधारभूत आवश्यकता हुन्छ ।

यस मापदण्डका निम्न उद्देश्यहरु रहेका छन् :

- वैकल्पिक परियोजना डिजाइनहरु पत्ता लगाई संभव भएका स्थानमा परियोजनाले गरेको पुनर्वासलाई हटाउने वा कम्तीमा कम गर्ने,
- जवर्जस्ती खाली गराउने कामलाई हटाउने र/वा रोक्ने र रोकावट असफल भएमा तिनीहरुको नकारात्मक प्रभावहरुलाई कम गर्ने प्रभावकारी उपचार उपलब्ध गराउने,

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

- अपवादका रुपमा जरुरी हुन सक्ने कुनै पनि खाली गराउने कामलाई कानुनसम्मत ढंगले गर्ने, प्रभावित भएकाहरुको बाँच्न पाउने हक, मर्यादा, स्वतन्त्रता र सुरक्षाको सम्मान गर्ने, जसको पहूँच जथाभावी खाली गराउने कामको विरुद्ध प्रभावकारी उपचारमा हुनु पर्दछ ।

- व्यक्तिको, समूहको र समुदायको पर्याप्त आवासको हक र बँचाइको पर्याप्त मापदण्डमा, साथै पुनर्वासले प्रभाव पार्न सक्ने अन्य हकहरुको सम्मान गर्ने ।

- परियोजनाले प्रभावित गरेका सबै जनता र समुदायहरुको सम्पत्तिको हकलाई सम्मान गर्ने र तिनीहरुको सम्पत्तिको नोक्सानी वा सम्पत्तिको पहुँच र/वा जग्गाको उपयोग गर्न स्थायी वा अस्थायी, प्रत्यक्ष वा अप्रत्यक्ष, तिनीहरुको आंशिक वा पूर्ण निषेधबाट सिर्जित कुनै पनि नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्ने । प्रचलित जग्गाको अवधिको प्रबन्ध (अधिकारप्राप्त र अधिकारविहीनहरु समेत) वा आय आर्जन र जीविकाको रणनीतिहरुको विशेषतालाई वेवास्ता गर्दै सबै विस्थापित व्यक्तिहरुलाई उनीहरुको पहिलाको जीविका र जीवनस्तर सुधार गर्न वा कम्तीमा पुनर्स्थापना गर्न र हुन गएको नोक्सानीको क्षतिपूर्ति दिन सहयोग गर्ने ।

- पुनर्वास क्षेत्रहरुमा अवधिको सुरक्षाको प्रबर्द्धन गर्दै पर्याप्त आवासको हकको कायम गर्ने ।

- पुनर्वास प्रक्रियाभरि परियोजनाबाट प्रभावित जनताको सुसूचित र सार्थक परामर्श र सहभागिताबाट पुनर्वासका उपायहरु डिजाइन र कार्यान्वयन गरिएका छन् भन्ने सुनिश्चित गर्ने ।

- महिला र अल्पसंख्यकहरु लगायत संकाटापन्न समुहहरु उपर विशेष ध्यान दिने, जसलाई विशेष सहायता आवश्यक छ र जसको सहभागितालाई होसियारीपूर्वक प्रबर्द्धन गरिनु पर्दछ ।

**सम्पत्तिको मापन र मूल्यांकन प्रक्रिया**

सम्पत्तिको मूल्यांकन गर्नका लागि देहायको विधिरउपागम पालना गरिने छ : १) सरकारले अपनाउने विधि, २) समुदायको सहमतिको मूल्यांकन, र ३) प्रत्यक्ष सम्वाद । यो परियोजनाको प्रयोजनका लागि जग्गा र सम्पत्तिको मूल्यांकनका लागि समुदायको सहमतिको मूल्यांकन विधि अपनाइने छ, जसमा

समुदायसँगको परामर्शमा सम्पत्तिको मूल्य निर्धारण गर्ने काम समावेश हुन्छ । यस विधिको अंगको रुपमा जग्गा र सम्पत्तिको मूल्यांकनमा स्थानीय समुदायका सदस्य र परियोजनाबाट प्रभावित भएका घारधुरीका प्रतिनिधिहरुसँग बैठकहरु गरिन्छन् । सोमा आधारित भै यसलाई झन् पारदर्शी प्रक्रिया बनाउँदै सम्पत्तिको मूल्यांकनका लागि सहमतिमा पुगिन्छ । यो प्रक्रियाले सिडिसी मार्फत काम गर्दछ जसका लागि परियोजना व्यवस्थापक वा निजले नियुक्त (बरिष्ठ अधिकृत) वा यसको वातावरण तथा सामाजिक विकास वा व्यवस्थापन शाखा प्रमुखले सिडिसीको सहमतिमा सबै अग्रसरता लिन्छन् । अन्तिम सम्वादमा सिडिसीले प्रताव स्वीकृत गर्दछ ।

तलिका २३ - जग्गा प्राप्ति ऐन २०३४ (१९७७) बमोजिम जग्गा अधिग्रहण प्रक्रिया

| कदमहरु | विस्तृत कार्य | जिम्मेवार निकाय |
|---|---|---|
| कदम १. शुरुआत | • क्षेत्रिय निकायले खास स्थानको सार्वजनिक चासो रहेको विकास परियोजना कार्यान्वयनको निर्णय गर्दछ ।<br>• उद्देश्य तोकेर र क्षतिपूर्ति तथा अन्य खर्चहरुको भुक्तानी दिने प्रतिबद्धता गर्दै निकायले सरकारलाई जग्गा प्राप्त गरिदिन अनुरोध गर्दछ ।<br>• प्रक्रिया शुरुआत गर्न प्रमुख अधिकृत तोकेर सरकारले अधिग्रहण प्रक्रिया शुरु गर्ने स्वीकृति दिन्छ र आदेश दिन्छ ।<br>• क्षतिपूर्ति निर्धारण समिति एलएए, २०३४ बमोजिम सक्रिय हुन्छ । | क्षेत्रिय निकाय (जो डिएसयुइपीका लागि क्षेत्रिय निकाय हुन्छ ......) |
| कदम २. शुरुआती प्रक्रिया | • प्रस्तावित परियोजना क्षेत्रको सार्वजनिक स्थानमा, सम्बन्धित | प्रमुख जिल्ला अधिकारी ( सिडिओ)/क्षतिपूर्ति निर्धारण |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | |
|---|---|---|
| | नगरपालिका वा गाउँपालिकाको कार्यालयमा र प्रभावित घरधुरीहरुलाई सार्वजनिक सूचना जारी गरिन्छ ।<br>• सीमा निर्धारण लगायतका आवश्यक आधारभूत सर्भेक्षण/अनुसन्धानहरु सूचना जारी भएको ३ दिनपछि गरिन्छन् ।<br>• तोकिएको अधिकृतले प्रारम्भिक अनुसन्धानको समयमा हुन गएको कुनै बालीनाली, संरचना र रुखहरुको क्षति/नोक्सानीको क्षतिपूर्ति दिन्छन् । तोकिएको अधिकृतको क्षतिपूर्ति उपर चित्त नबुझेमा पिएपीहरुले क्षतिपूर्ति निर्धारण भएको १५ दिनभित्र प्रमुख जिल्ला अधिकारी (प्रजिअ) समक्ष उजुरी दर्ता गर्न सक्दछन् ।<br>• प्रजिअले गुनासोको सम्बोधन गर्दछन् र निजको निर्णय अन्तिम हुन्छ ।<br>• तोकिएको अधिकृत (यसको हकमा परियोजना प्रमुख) ले जम्मा आवश्यक पर्ने क्षेत्रको बारेमा सिडिओ (स्थानीय सरकारी अधिकृत) समक्ष प्रतिवेदन पेश गर्दछ । यस प्रतिवेदनमा नोक्सानीको विवरण र भुक्तानीका लागि निर्धारण गरिएको क्षतिपूर्ति रकम रहेको हुन्छ । | समिति |

| | | |
|---|---|---|
| | प्रारम्भिक अनुसन्धानलाई सर्भेक्षण शुरु भएको १५ दिनभित्र पूरा गर्नु पर्दछ । | |
| कदम ३. अधिग्रहणको सूचना | • प्रमुख जिल्ला अधिकारीले अधिग्रहणको उद्देश्यका साथै अवस्थिति, क्षेत्रफल सहितको कित्ता, धनी, सीमाना आदिको विवरण लगायत जग्गा (र सम्पत्ति) को बारेमा सूचना जारी गर्दछ । बाँकी रहेका सामग्री वा अन्य सम्पत्तिहरुको ढुवानीको समयसीमा पनि सूचनामा उल्लेख गरिन्छन् ।<br>• सूचित गरिएका क्षेत्रको जग्गाका सबै कारोबारहरु प्रतिबन्धित हुन्छन् ।<br>• कानुनी रुपले यो अन्तिम मिति हो । | प्रमुख जिल्ला अधिकारी (सिडिओ)/क्षतिपूर्ति निर्धारण समिति |
| कदम ४. क्षतिपूर्ति, योग्यता र प्रक्रिया | • जग्गा र सम्पत्तिको मूल्यांकन र वार्ता प्रक्रियाले अन्तिम आकार लिन्छन् ।<br>• (माथि ९ बमोजिम) सूचना जारी भएको १५ दिनभित्र कागजात सहितको अधिकार दावी गर्न सम्पत्ति धनीले फाराम भर्दछन् । क्षतिपूर्तिको भुक्तानी हुन्छ । | क्षेत्रिय निकाय/प्रमुख जिल्ला अधिकारी (सिडिओ)/ क्षतिपूर्ति निर्धारण समिति |
| कदम ५. गुनासो सम्बोधन | • बाटाको म्याद बाहेक सूचना जारी भएको ७ दिनभित्र पिएपीले सिडिओ मार्फत नेपाल सरकार समक्ष उजुरी दर्ता गर्न सक्दछन् ।<br>• सरकार अर्थात् गृह मन्त्रालयले उजुरी | प्रमुख जिल्ला अधिकारी (सिडिओ)/नेपाल सरकार (गृह मन्त्रालय) |

| | | |
|---|---|---|
| | प्राप्त भएको १५ दिनभित्र गुनासो सम्बोधन गर्नेछ । गृह मन्त्रालयलाई जिल्ला अदालत सरहको कानुनी अधिकार प्राप्त हुन्छ ।<br>● कुनै पुनरावेदन भएमा वा सो गुज्रेपछि सरकारले सम्बोधन गर्दछ । | |

*परियोजना गतिविधि र ठेकेदारको मुकाम, सामग्री भण्डारण आदि जस्ता अस्थायी प्रयोजनका लागि बहालमा दिने जग्गाको हकमा जग्गाधनीसँगको वार्ता र इए र प्रभावित व्यक्तिबीच हस्ताक्षर गरिएको बहाल सम्झौताबाट भुक्तानी गर्नु पर्ने वार्षिक दररेट निर्धारण गरिनेछ । पहिलो वर्षको लागि जग्गा प्राप्त गर्नुअघि बहाल खुला गरिनेछ ।*

**जाँचको अभ्यास**

परियोजनामा समावेश गर्न छनोट गर्नुअघि प्रत्येक प्रस्तावित स्थानलाई सामाजिक जाँच प्रक्रियामा राख्नु पर्दछ । सहायक परियोजना क्षेत्रमा नकारात्मक प्रभाव र संभाव्य नोक्सानीको मात्रा निर्धारण गर्न, संकटापन्न समूहको पहिचान गर्न र जग्गा अधिग्रहण भन्दा बाहेकको नोक्सानी पत्ता लगाउन सामाजिक जाँच प्रक्रिया शुरु गरिनेछ । यसले आवश्यक सामाजिक मूल्यांकनको स्तरलाई पनि सुझाउँछ ।

**सामाजिक प्रभाव मूल्यांकन (एसआइए)**

सामाजिक जाँचको नतिजाले नकारात्मक सामाजिक प्रभाव देखाएमा सहायक परियोजनाले १००% सामाजिक आर्थिक सर्भेक्षणलाई समायोजन गरी ताजा एसआइए शुरु गर्नेछ, जुन आरएपीको प्रयोजनका लागि प्रभावित व्यक्ति र निजका परिवारको लागि सञ्चालन गरिन्छ । पिएपीहरु (परियोजना प्रभावित व्यक्तिहरु) का बारेमा सान्दर्भिक सूचनामा देहायका कुरा समावेश हुन्छन् : १) जनसाँख्यिक विशेषताहरु २) सूचीकृत प्रभावित सम्पत्ति, सुविधा र श्रोतहरु ३) जग्गाको स्वामीत्व, प्रयोग र उत्पादकत्व ४) पिएपीहरुको सामाजिक आर्थिक स्थिति र आय लगायत तिनीहरुको जोखिमको मूल्यांकन ५) आदिवासी जनताको व्याप्ति लगायत सामाजिक तथा लैंगिक समस्याहरु ६) सरोकारवालाहरु र तिनीहरुका

गतिविधिहरु ७) परियोजनाप्रति जनताको दृष्टिकोण लगायत उनीहरुको चासो र अपेक्षा, र ८) समुदायको परामर्शमा आधारित प्रभाव कम गर्ने काम/न्यूनीकरण । सामाजिक प्रभाव मूल्यांकन (एसआइए) विस्थापनको मात्रा, संभाव्य नोक्सानी, संकटापन्न समूहलाई अझ राम्रोसँगले लक्षित गर्ने काम, पुनर्वास र खर्चका मात्रा यकीन गर्ने काम, आवश्यकता अनुसार पुनर्वास र अन्य योजनाहरु कार्यान्वयन गर्ने कामको निर्धारण गर्न मद्दत गर्दछ ।

एसआइएले अनिच्छित पुनर्वासका जोखिमहरुलाई हटाउने, कम गर्ने वा न्यूनीकरण गर्ने उपायहरुको पहिचान गर्नेछ । पिएपीहरुको संकटापन्न अवस्थाको मूल्यांकन एसआइएको एउटा अंग हुनेछ र संकटापन्न पिएपीहरुको सूची स्थानीय समुदायको परामर्शमा तयार गरी पूरा गरिनेछ । आयको पुनर्स्थापना/आर्थिक पुनस्थापना र संकटापन्न समूहहरुको कुनै पनि विशेष सहायताको आवश्यकताका लागि एसआइएले अवसरको मूल्यांकन समेत गर्दछ । यही सूचनाका आधारमा योग्यताको वर्ग र क्षतिपूर्ति/सहायताका लागि अधिकार स्थापित गरिनेछ र उपयुक्त पुनर्वास कार्ययोजना तयार गरिनेछ ।

## पुनर्वास कार्ययोजना (आरएपी)

पुनर्वास कार्ययोजना (आरएपी), जसको एउटा रुपरेखाको नमूना परिशिष्ट ५ मा संलग्न छ, एउटा प्रमुख योजनाको दस्तावेज हो, जुन परियोजनाबाट प्रभावित जनताको र नोक्सान भएका सम्पत्तिको सूचीको मत सर्भेक्षणबाट संकलित तिनीहरुको सूचनामा आधारित हुन्छ । आएपीको विषयवस्तुमा जग्गा अधिग्रहणको क्षेत्र र पुनर्स्थापना, सामाजिक आर्थिक अवस्था, जानकारी खुलाउने सार्वजनिक परामर्श, गुनासो सम्बोधनको संयन्त्र, कानूनी कार्यढाँचा र अन्य सान्दर्भिक सूचना सँगसँगै अनिच्छित पुनर्वासको उद्देश्य र रणनीतिको विवरण समावेश हुनु पर्दछ । आरएपीले एउटा सुहाउँदो अन्तिम मिति स्थापना गर्नु पर्दछ ।[२] यदि प्रभावहरु न्यून स्तरका भएमा[३] र २०० भन्दा कम जनता र भौतिक तथा धेरैजना प्रभावित (१०% भन्दा माथि नोक्सान) भएमा, संक्षिप्त आएपी (एआरएपी) तयार गरिनेछ । एआरएपीले देहायका न्यूनतम् तत्वहरु समेट्छ :

[२]योग्यता वर्गीकरणका लागि अन्तिम मिति । यसले त्यो मितिलाई जनाउँछ जुन अगाडि क्षेत्रलाई ओगट्ने वा भोग गर्ने कामले बासस्थान, पिएपीहरु र नोक्सानीहरुको सूची (आइओएल) बनाउँछ, र जुन (सिडिसीले सञ्चालन गर्ने) सार्वजनिक परामर्श वा घोषणाभन्दा अगाडि हुन्छ। उक्त मतमा नसमेटिएका व्यक्तिहरु देहायको प्रमाण देखाउन नसकेमा क्षतिपूर्ति र अन्य अधिकारका लागि योग्य हुँदैनन् :

१. मतसर्भेक्षण र आइओएलका समयमा भुलवश उनीहरु छुटेका थिए, वा

२. मतसर्भेक्षण र आइओएल पश्चात् र पएिपीहरुको सञ्चालनभन्दा अगाडि उनीहरुले कानुनसम्मत ढंगले प्रभावित सम्पत्ति प्राप्त गरेका थिए, र डिएमएसको समयमा निर्धारण भएको छ । योग्यताको लागि अन्तिम मितिको स्थापनाले परियोजनाको अधिकारबाट फाइदा लुट्न सक्ने र जग्गाको मूल्य र पिएपीहरुको आँकलन गर्न सक्ने अयोग्य गैर निबासीहरुको भीड रोक्ने मनसाय राखेको हुन्छ ।

३. परियोजनाबाट प्रभावित जनता भौतिक रुपमा विस्थापित नभएमा र उनीहरुको १० प्रतिशत भन्दा कम

४. परियोजनाले.......एआरएपीका लागि बैंकको पूर्व स्वीकृति,

- सबै प्रभावित घरधुरी र सम्पत्तिको मत सर्भेक्षण
- दिनु पर्ने क्षतिपूति र अन्य पुनर्वास सहायताको विवरण
- स्वीकार्य विकल्पहरुका बारेमा विस्थापित जनतासँग परामर्श
- कार्यान्वयनका लागि संस्थागत जिम्मेवारी र गुनासो सम्बोधनका लागि प्रक्रियाहरु
- अनुगमन र कार्यान्वयनका लागि प्रबन्धहरु
- समय तालिका र बजेट

28th Nov, 2019

## अनिच्छित पुनर्वास नीतिको बृहत् सिद्धान्तहरु

सहायक परियोजनाहरुका कारणले प्रभावित जनताहरुलाई नकारात्मक प्रभावले नसताओस् र उनीहरुको सुधार वा कम्तीमा पहिलाको जीवनस्तर, आम्दानी गर्ने क्षमता र उत्पादनको स्तर प्राप्त होस् भन्ने तवरले यो नीतिले पुनर्वास र पुनर्स्थापना गर्ने लक्ष्य लिएको छ । पुनर्वासले आश्रयलाई कम गर्नेछ र सामाजिक रुपले, आर्थिक रुपले र संस्थागत रुपले दिगो हुनेछ । सीमान्तकृत र संकटापन्न समूहहरुको जीवनस्तर सुधार गर्न विशेष ध्यान दिइनेछ ।

आएपीको तयारी र कार्यान्वयनमा देहायका प्रमख सिद्धान्तहरु अनुशरण गरिनेछ :

- गोठको जग्गा, बासस्थानको संरचनामा अस्थायी र/वा स्थायी भौतिक विस्थापन गराउन सक्ने कुनै प्रत्यक्ष प्रभावलाई हटाउन प्रयास गर्दै जग्गा अधिग्रहणलाई कम गरिनेछ ।

- कम उत्पादनशील जग्गा खरीद गर्न प्राथमिकता दिई उत्पादनशील जग्गाको प्रयोगलाई कम गर्ने ।

- संभव भएमा पुनर्स्थापना योजनाहरुलाई विकासका अवसरका रुपमा ग्रहण गरिनु पर्दछ, जसले गर्दा प्रभावित भएकाहरुले परियोजनाका क्रियाकलापहरुबाट फाइदा लिन्छन् ।

- क्षतिपूर्ति वा सहायताको वैकल्पिक स्वरुपलाई शान्तिपूर्ण ढंगले स्वामीत्वमा लिन कानुनी अधिकारको अभावले विस्थापित व्यक्तिहरुलाई बाधा गर्दैन । क्षतिपूर्ति भन्नाले नोक्सान भएको सम्पत्तिको व्यक्तिगत वा सामूहिक धनीलाई कुनै पनि उद्देश्यले कटौती नगरी पूरा भुक्तानी गरिने रकमलाई जनाउँछ ।

- प्रभावित गोठ वा सोसँग सम्बन्धित संरचनाहरुको क्षतिपूर्ति प्रचलित बजार भाउमा उपलब्ध गराइनेछ ।

खेतीयोग्य जग्गा प्राप्त गर्दा जग्गाको बदला जग्गा सट्टभर्ना गर्ने प्रबन्धलाई ग्राह्यता दिइन्छ । कुनै कुनै स्थितिमा कृषिबाट आम्दानीको सानो अंश मात्र कमाउने अवस्थामा नगद भुक्तानी वा रोजगारी उपलब्ध गराउने जस्ता वैकल्पिक उपायहरु कृषियोग्य जग्गा गुमाउने व्यक्तिले चाहेको खण्डमा स्वीकार्य हुन्छन् ।

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

घरको कित्ताको सट्टाभर्ना, व्यवसाय पुनर्स्थापनको क्षेत्र वा वितरण गरिएको कृषियोग्य जग्गा गुमेको जग्गा बराबर मूल्यको हुनुपर्दछ ।

संक्रमणकाललाई कम गरिनु पर्दछ । प्रभावको समयभन्दा पहिला क्षतिपूर्तिको भुक्तानी दिइनु पर्दछ जसले गर्दा नयाँ घर निर्माण गर्न सकिन्छ, अचल सम्पत्ति हटाउन वा सट्टापट्टा गर्न सकिन्छ र विस्थापन शुरु हुनु पूर्व अन्य आवश्यक उपायहरु अपनाउन सकिन्छ ।

योजना प्रक्रियाको समयमा विस्थापित व्यक्तिहरुसँग परामर्श गरिनेछ, यसरी पुनर्वासको प्रबन्धहरुका सम्बनधमा उनीहरुको रोजाइलाई ध्यान दिइन्छ र पुनर्वास योजनाहरु सार्वजनिक रुपले पहुँच हुने गरी स्पष्ट गरिन्छन् । पहिलाका सामुदायिक पूर्वाधार र सेवाहरु र श्रोतमाथिको पहुँचको स्तरलाई कायम गरिनेछ वा पुनर्वासपछि सुधार गरिनेछ ।

क्षतिपूर्ति भन्दा पूर्व जग्गाको कुनै पनि भागमा भौतिक कार्य शुरु गरिने छैन र नीतिको कार्यढाँचा अनुरुप प्रभावित जनसंख्यालाई सहायता दिइको छ ।

आकस्मिक खर्च सहित जग्गा अधिग्रहण र पुनर्वाससँग सम्बन्धित बैठक खर्चका लागि ऋणी उत्तरदायी हुन्छ ।

पुनर्वास योजनामा पुनर्वासका उपायहरुका प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्न पर्याप्त संस्थागत प्रबन्ध समावेश हुन्छ ।

क्षतिपूर्ति घोषणा समिति (सिडिसी) बमोजिम क्षतिपूर्ति र अन्य सहायता भुक्तानी गर्नु पर्दछ र परिशिष्ट ३ मा संलग्न रहेको अधिकारलाई अनुशरण गर्नु पर्दछ । पुनर्वासका थप प्रभावहरु पहिचान भएमा क्षतिपूर्ति र सहायताका व्यवस्थाहरुलाई माथि उल्लेख गरिएका अधिकारका सिद्धान्त र नीतिहरुका आधारमा समावेश गर्न अद्यावधिक गरिनेछ । अधिकारका विवरणहरु देहाय बमोजिम छन् :

## क्षतिपूर्ति

परियोजनाको परिणामस्वरुप हुन पुगेका सबै प्रकारका नोक्सानीहरुका लागि पिएपीहरुलाई क्षतिपूर्ति उपलब्ध गराइनेछ । यो बुझ्नु जरुरी छ कि देहायको खण्डमा उल्लेख गरिएको सम्पत्तिको अधिग्रहण सम्बन्धी अधिकार र मूल्यांकन प्रक्रियाहरु जग्गा प्राप्ति ऐन, २०३४ (१९७७) का प्रावधानहरुमा आधारित

हुनेछन् । परियोजना र धनीबीचको प्रत्यक्ष वार्ता र सहमतिबाट सम्पत्तिको प्राप्ति हुन सक्ने भनी ऐनले स्वीकृति दिएको छ । तर परियोजनले धेरै संख्यामा कित्ताहरु प्राप्त गर्नु पर्ने भएमा र/वा प्रत्यक्ष वार्ताको समयमा कुनै सहमतिमा पुग्न नसकिएमा जग्गा प्राप्ति ऐनको मापदण्डका प्रक्रियाहरुको अनुशरण गर्दै अधिग्रहण गरिनेछ ।

**जग्गाको नोक्सानी (कृषियोग्य, बसोबासको, व्यापारिक र बन भएको)**

नेपालका जग्गालाई विभिन्न तीन प्रकार वा वर्गमा वर्गीकरण गरिएको छ, जसले गर्दा जग्गाको तिरोको हिसाबका लागि आधार बनाउँछ । जग्गाको प्रमुख प्रकारहरुमा खेत, बारी र घडेरी पर्दछन् । खेत सिञ्चाइ भएको सामान्यतया उपत्यकामा रहेको र धान र गहुँ उत्पादनको लागि मुख्य रुपमा प्रयोग गरिने जग्गा हो । बारी सिञ्चाइ नभएको धेरै जसो पहाडको पाखामा रहेको र जस्तै कोदो र मकै जस्ता मुख्य रुपमा आकाशे पानीको भरमा उत्पादन हुने बालीका लागि प्रयोग हुने जग्गा हो । घडेरी  घरगोठ (भान्सा र कारेसाबारी समेत) को जग्गा हो । खेत, बारी र घडेरीलाई फेरि देहायका जग्गाका वर्गमा वर्गीकरण गरिएको छ : अब्बल (१ नम्बरी जग्गा), दोयम (२ नम्बरी जग्गा) सीम (३ नम्बरी जग्गा) र चाहार (४ नम्बरी) जग्गा मुख्यगरी पहाडतिर । तराइमा बिगाहा, कठ्ठा, धुर र कतैकतै वर्ग मिटरमा जग्गा नापिन्छ ।

परियोजनाका क्रियाकलापले गर्दा निजी रुपमा जग्गा भएकाहरुले क्षतिपूर्तिमा अधिकार राख्दछन् । यस्ता अधिकार भएका व्यक्तिहरुमा अधिकारप्राप्त (धनी र जोताहा), अनुपस्थित जमिनदार, दर्तावाल मोही र गैरदर्तावाल मोही (कानुनी हुन सक्ने) समावेश हुन्छ । उनीहरुका लागि क्षतिपूर्ति अधिकारको प्रकारलाई परिशिष्ट ३ को अधिकार गणनामा सूचीकृत गरिएको छ ।

जहाँ संभव हुन्छ त्यहाँ गैर दर्तावाल मोही किसानलाई दर्तावाल मोही बनाउन सहयोग गरिनेछ । यसमा मोही र अधिकारप्राप्त को बीचमा औपचारिक सहमतिमा हस्ताक्षर गर्नु पर्ने हुन्छ । सहमति औपचारिक भएमा मोहीसँग दर्तावाल मोहीको रुपमा क्षतिपूर्तिको अधिकार हुन्छ ।

गैर दर्तावाल मोही भएर रहेका (अर्थात् जग्गामा गैरकानुनी मागदावी भएका) र अन्तिम मितिको ३ वर्ष अघिदेखि प्रभावित जग्गामा खेती गरी आएका (गाउँ/नगरपालिकाले मान्यता दिने) र अन्य कुनै जग्गामा अधिकार नभएकालाई ऐलानी वा अन्य सरकारी जग्गा उपलब्ध भएमा जिल्लाको सम्बन्धित प्राधीकरणले

निर्धारण गरे बमोजिम जग्गाको बाँडफाँटमा अधिकार हुनेछ । यो समूहलाई पुनर्स्थापना सहायताको अधिकार हुनेछ । संभव भएका स्थानमा पिएपी (घरधुरी) का लोग्ने/स्वास्नी क्षतिपूर्ति भुक्तानीको समयमा उपस्थित हुनुपर्दछ । उनीहरुको नोक्सानी भएको सम्पत्तिको क्षतिपूर्तिका अतिरिक्त महत्वपूर्ण प्रभाव हुन पुगेको पिएपीहरुलाई पुनर्स्थापनाका उपायहरु वा अन्य सहायताको अधिकार हुनेछ ।

संकटापन्न घरधुरीहरुलाई उनीहरुको क्षतिपूर्ति अन्य उत्पादनशील सम्पत्तिमा विशेषगरी उचित खालको नीजि तवरले स्वमीत्व भएको वरिपरिको खेतीयोग्य जग्गाको पहिचान र खरीदमा पुनः लगानी गर्न परियोजनाले सहयोग पुर्‍याउने छ । संकटापन्न जाताको कम्तीमा न्यूनतम राष्ट्रिय जीवनस्तर सुधार गर्ने उद्देश्यहरु परियोजनाले अनुशरण गर्नेछ ।

खेतीको जग्गाको नोक्सानीलाई पुनर्स्थापना गर्न यदि क्षतिपूर्ति पाएको मितिले १ वर्षभित्र अन्य स्थानमा कुनै पिएपीहरुले खेतीको जग्गा खरीद गरेमा त्यसरी खरीद गरेको बराबरी रकम वा दरको सट्टामा लिएको जग्गाको लागि जग्गा दर्ता शुल्क परियोजानले तिरिदिनेछ । यो विकल्प शहरी क्षेत्रमा पनि सोही अनुरुप लागू हुनेछ ।

परियोजानको निर्माण कार्यको लागि अस्थायी रुपमा अधिग्रहण गरिएको जग्गाको लागि पिएपीहरुको सक्षमता र योग्यता अनुसार परियोजनाले उनीहरुसँ अस्थायी बसोबास करार गर्न विचार गर्नेछ । करारले बासोबासको अवधि, प्रयोगका शर्तहरु, जग्गा फिर्ता र भुक्तानी गर्नु पर्ने क्षतिपूर्तिको रकमसम्बन्धी विवरणहरु किटान गर्नेछ । कुनै कार्यको लागि पहिला नै अधिग्रहण गरिएको जग्गाको क्षतिपूर्ति र पुनर्स्थापना retroactively गरिनेछ । अस्थायी रुपमा बसोबासका कारणले गर्दा हुन गएको नोक्सानीका लागि सट्टाभनर्नको दरमा कुनै पनि अस्थायी बसोबासको क्षतिपूर्ति दिइनेछ । बसोबास पूरा भएपछि जग्गालाई हस्तान्तरण गर्नुअघि पहिलाकै अवस्थामा वा सोभन्दा राम्रो अवस्थामा पुनस्थार्पित गरिनेछ ।

गुठी जग्गाका धनीहरुलाई गुठी संस्थान ऐन २०३३ अनुसार क्षतिपुर्ति दिइनेछ । ऐलानी (दावी नभएको arable जग्गा) वा अन्य सरकारी जग्गा उपलब्ध भएमा सट्टाको जग्गा उपलब्ध गराइनेछ । नत्र मौद्रिक क्षतिपूर्ति (नगद वा चेक) पूरा सट्टाको दरमा उपलब्ध गराइनेछ । न्यूनतम नोक्सानी वापत नगद क्षतिपूर्तिका माध्यमले क्षतिपूर्ति दिइनेछ ।

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

**डम्पिङ साइटमा बहालवालाको अधिकार**

जग्गा बहालमा दिने हरेक धनीसँग डिएसयुइपीले औपचारिक बहाल संभ्फौतामा हस्ताक्षर गर्नेछ । वार्षिक निश्चित भुक्तानीका लागि एउटा वार्षिक बहालको प्रबन्धको बारेमा ती प्रत्येक जमिनदारहरुसँग वार्ता गरिनेछ। कानुनी सल्लाहकारहरको सहयोगमा बहाल सम्झौताको ढाँचा तयार गरिनेछ।

यदि धनीले आफ्नो जग्गा बहालमा दिन सहमत नभएमा डिएसयुइपीले सो जग्गाको सट्टामा वार्ताले सहमति गरिएको बजार भाउमा सो जग्गा प्राप्त गर्नेछ । डिएसयुएपीले बहाल अवधिको अन्तमा बहालमा रहेको जग्गालाई पूर्ण रुपमा यसको मौलिक अवस्थामा पुनर्स्थापित गर्नेछ र बहालवालालाई फिर्ता दिनेछ।

डिएसयुएपीले परियोजनाका लागि बहालमा दिइएको परिणामस्वरुप प्रभावित भएका व्यक्तिहरु ( जमिनदार बाहेक) लाई पनि जग्गा बहालमा दिएको कारणले आम्दानीमा हुन गएको नोक्सानी वापत क्षतिपुर्ति दिने सुनिश्चित गर्नेछ । धनीलाई वार्षिक रुपमा डिएसयुइपीले आपसमा सहमति गरिएको बहाल दरको भुक्तानी दिनेछ। पहिलो भुक्तानी डिएसयुएपीले जग्गा लिनुभन्दा पहिला गरिनेछ। जग्गा बहालमा दिने र पुनर्स्थापना गर्ने सम्बन्धी सबै खर्चहरु डिएसयुइपीले बेहोर्नेछ।

**निवास र व्यापारिक संरचनाहरु (घरहरु) र अन्य संरचनाहरुको नोक्सानी**

गोठ, अलग भान्सा, पर्खाल र अन्य संरचनाहरु जस्ता प्रभावित घर र अन्य संरचनाहरुका धनीलाई पूर्ण वा आंशिक नोक्सानीका लागि सिडिसीले निर्धारण गरेको सट्टा दरमा क्षतिपूर्ति दिइनेछ । निजी जग्गाका धनी र मोहीहरु, घुसपैठकारीहरु र प्रत्येक परियोजनाका अंग र सहायक अंगका लागि अन्तिम मितिको उपयुक्त समयमा सार्वजनिक जग्गा ओगटेर बसेका सुकुम्बासी, गैरकानुनी बासिन्दा वा किसानहरु यसमा समावेश हुन्छन् । नयाँ स्थानमा पुनः जडान गर्न सकिने संरचनाहरु त्यहाँ भएको खण्डमा परियोजनाले ढुवानी र पुनः जडानको खर्च उपलब्ध गराउनेछ । साथै, आंशिक रुपले मात्र प्रभावित भएका संरचनाहरुलाई सट्टा दरमा प्रभावित सामग्रीको क्षतिपूर्ति सँगसँगै संरचना मर्मत खर्चमा अधिकार हुनेछ।

एउटै सालाखालामा जग्गा र संरचनाहरुको क्षतिपूर्ति भुक्तानी दिइनेछ। ठाउँको ठाउँमै यसको भुक्तानी दिइनेछ जसले गर्दा पिएपीहरुले जिल्ला कार्यालयसम्म सोको लागि यात्रा गरिरहनु पर्दैन । प्रभावित

भवनबाट सामग्री उठाउने अधिकार प्रभावित सम्पत्ति धनीको हुनेछ । उठाइएको सामग्रीको मूल्य अन्तिम क्षतिपूर्ति रकमबाट कट्टा गरिनेछ ।

पुनर्स्थापना गर्नु पर्ने घर र व्यापारिक संस्थापनका विस्थापित धनी (अर्थात् धनी, आफ्नै खानेबस्ने मोही र सार्वजनिक जग्गाका घुसपैठकारी र अवैधानिक किसानहरु) लाई अधिकारको सूचीमा व्यवस्था गरिए बमोजिम विस्थापन सहायता र भत्ता उपलब्ध गराइनेछ । बहालको बसाइबाट विस्थापित भएका घरधुरीलाई पनि (स्वामीत्व नभएको) संरचना वापत क्षतिपूर्ति पाउने अधिकार हुनेछैन तर विस्थापन सहयताको अधिकार हुनेछ ।

**बालीनाली र अन्य प्राकृतिक श्रोतहरु**

संभव भएसम्म निर्माण कार्यले गैर चक्रीय र चक्रीय बालीलाई जग्गा प्राप्त गर्नुअघि पाक्न, काट्न दिने योजना गरिनेछ । बाली पाक्न, काट्न नमिल्ने ठाउँमा वा बाली नष्ट हुनबाट जोगाउन नसकिएमा क्षतिपूर्तिको समयमा अनाजको बजारभाउका आधारमा सिडिसीले निर्धारण गरे बमोजिम क्षतिपूर्ति दिइनेछ । निजी तवरले स्वमीत्वमा रहेका रुखका अन्य सम्पूर्ण श्रोतहरु (जस्तै काठ, दाउरा) सम्बन्धित धनीको सम्पत्तिको रुपमा रहनेछन् । दर्तावाल मोहीको जग्गाको लागि लगाइएको बाली र बाँस, काठ फलफूलका रुखहरु जस्ता स्थायी बालीहरुको क्षतिपूर्ति रकमलाई जग्गाधनी र मोहीका बीचमा बराबरी भागबण्डा गरिनेछ ।

गैर दर्तावाल मोहीले ओगटेको जग्गाका लागि मोही र जग्गाधनीबीचको बहाल वा अधियाँ सम्झौता अनुसार लगाइएको बालीका लागि क्षतिपूर्ति रकम बाँडफाँट गरिनेछ । तर, बाँस, काठ र फलफुलका रुखहरु जस्ता स्थायी बालीको नोक्सानी वापत क्षतिपूर्ति धनीलाई मात्र उपलब्ध गराइनेछ ।

कृषि तथा सहकारी र बन तथा माटो संरक्षण विभागहरुसँग प्रभावित धनीहरुलाई नयाँ रुख/चक्रीय बालीको पुनर्स्थापनामा सहयोग गर्न परामर्श गरिनेछ । आवश्यकता भएका स्थानमा यस्ता कार्यक्रमहरुको लागि मद्दत गर्न परियोजनाले रकम दिनेछ ।

**सामुदायिक सुविधा तथा श्रेतहरुको नोक्सानी**

प्रभावित भएका भवन र सुविधाहरुलाई तिनीहरुको पहिलाको अवस्थामा पुनर्स्थापना गरिनेछ वा प्रभावित समुदायहरुको र सम्बन्धित प्राधिकरणको परामर्शमा पहिचान गरिएको क्षेत्रमा प्रतिस्थापन गरिनेछ । सामुदायिक सुविधाहरुमा विद्यालय, स्वस्थ्य चौकी, फलैंचा (ठाँटी), पानीको मुहान, सिञ्चाइको कुलो, बाटो /गोरेटो र पुल, चिहानघारी र/वा घाटहरु सामुदायिक सुविधा अन्तर्गत पर्दछन् ।

सामुदायिक चरनको जग्गा प्रभावित भएको ठाउँमा प्रचलित सरकारी नियम अन्तर्गत कृषि विभाग ( चरन विकास शाखा) लाई चरन क्षेत्रमा पर्ने प्रभावलाई यथेष्ट रुपमा न्यूनीकरण गर्नका लागि समुदायलाई मद्दत गर्न अनुरोध गरिनेछ । त्यस्तै, समुदायको स्वमीत्वको रुख प्राप्त गर्नु पर्ने स्थानमा भविष्यको उत्पादनमा नोक्सानी र क्षतिपूर्तिको तरिकाहरुका सम्बन्धमा बन उपभोक्ता समूहलाई सुझाव दिन बन विभागसँग परामर्श गरिनेछ । नयाँ रुख/चक्रीय बालीहरु पुनर्स्थापना र सामुदायिक बन कार्यक्रमहरुको स्थापना र सुधारका साथ उपभोक्ता समूहलाई मद्दत गरिनेछ । यी सहायता कार्यक्रमहरुको उद्देश्य आपूर्ति गरिएका श्रोतहरुको परियोजना पूर्वको स्तर कायम राख्ने र सुधार गर्ने सुनिश्चित गर्न बाँकी रहेका सामुदायिक क्षेत्र र श्रोतहरुको सुधार गर्ने हुनेछ । आवश्यक भएका स्थानमा यी सहायता कार्यक्रमहरुलाई परियोजनाले रकम दिनेछ । साथसाथै, प्रभावित क्षेत्रबाट श्रोतहरु उठाउन पूर्व सूचना दिइनेछ । प्रभावित क्षेत्रमा कुनै रुखहरुको नोक्सानीलाई स्थानीय समुदाय र बन विभागसँगको परामर्शमा परियोजनाले गर्ने वृक्षारोपण अभ्यासको माध्यमले न्यूनीकरण गरिनेछ ।

**अन्य व्यक्तिगत तथा सामूहिक नोक्सानी**

स्थानीय सरकार तथा प्रतिनिधिहरुको परामर्शमा अनुगमनको नतिजाको आधारमा परियोजनाको परिणामस्वरुप परियोजना क्षेत्रमा भरिया र अन्य गैर यातायातका सवारी उपलब्ध गराउने व्यक्तिहरु जस्ता संकटापन्न सामाजिक वर्ग र अन्य आम्दानी नोक्सानी भएकाहरुको पहिचान गरिनेछ । नोक्सानी भएको मात्राको आधारमा सिडिसीले निर्धारण गरे बमोजिम पुनर्स्थापना सहायता उपलब्ध गराइनेछ । बिजूली उत्पादनका लागि अन्यत्र मोडाइका कारणले सिञ्चाइ वा पानीघट्टाको नोक्सानीलाई किसान तथा सम्बन्धित सम्पत्ति धनीहरुलाई यसले प्रभाव पार्नुअघि न्यूनीकरण गरिनेछ । वातावरण व्यवस्थापन योजनामा रहेको आधाररेखाको सूचनाको नतिजामा न्यूनीकरणका उपायहरु आधारित हुनेछन् । कुनै पनि न्यूनीकरणका आवश्यक उपायहरुको निर्माण खर्च वापत प्रभावित समूहले भुक्तानी पाउने अधिकार हुनेछ । आउँदा वर्षहरुमा पनि यस्ता उपायहरु आवश्यक भएमा प्रभावित धनीहरुलाई चक्रिय कोषबाट

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

प्रभावित भएको प्रणालीका लागि पानीको पहूँच पुनर्स्थापित गर्न रकम पाउने अधिकार हुनेछ । अन्य प्रत्यक्ष प्रभावहरु (जस्तै माछापालन) ले पिएपीहरुका निश्चित समूहहरुलाई तीव्र प्रभाव उत्पन्न गरेको प्रमाणित भएमा यस्तै प्रकारको व्यवस्था गरिनेछ ।

**निर्माणको समयमा भएको क्षति**

निर्माणको समयमा सार्वजनिक र निजी सम्पत्तिको क्षति हुनबाट जोगाउन ठेकेदारहरुले अत्यन्त ध्यान दिनु पर्दछ । निर्माण कार्यको परिणामस्वरुप सार्वजनिक वा निजी सम्पत्तिमा क्षति भएको हकमा पिएपी, संकटापन्न समूह, समुदाय वा सरकारी निकायहरुलाई बालीनाली र रुखहरुको क्षति वापत तत्काल ठेकेदारले क्षतिपूर्ति दिन आवश्यक हुन्छ । क्षति भएको जग्गा, संरचना र पूर्वाधारलाई पूर्ववत् अवस्थामा पुनर्स्थापित गरिनु पर्दछ ।

**सरकारी सम्पत्ति**

परियोजनाबाट प्रभावित उपयोगी सामग्री लगायत सरकारी पूर्वाधार र सुविधाहरु सम्बन्धित विभमगीय प्राधिकरणको परामर्शमा मर्मत/वा सटही गरिनेछ । बन विभागको परामर्शमा सरकारी बनक्षेत्र आवश्यक परेमा प्राप्त गरिनेछ र त्यहाँको कुनै रुखको नोक्सानीलाई संभव भएसम्म पायोजनाले गर्ने वृक्षारोपण कार्यबाट न्यूनीकरण गरिनेछ ।

**विस्थापन सहायता/भत्ता**

नोक्सान भएको सम्पत्तिको क्षतिपूर्तिको अतिरिक्त,

जग्गाको नोक्सानीको परिणाम स्वरुप जग्गाको स्वमीत्व उपरान्त आर्थिक रुपमा संभव नभएमा उदाहरणका लागि ग्रामीण क्षेत्रमा ०.५ रोपनी वा शहरी क्षेत्रमा २.५ आनाभन्दा कम भएमा यो पुनर्वास योजनामा उल्लेख गरे बमोजिम घरधुरीले क्षति भएको क्षेत्रमा एउटा मोसमको खेती बराबरको अवरुद्ध भत्ता प्राप्त गर्नेछन् । भुक्तानी योग्य रकम जिल्ला उत्पादनको आँकडा, जमिनको किसिम (सिञ्चाइ भएको र सिञ्चाइ नभएको) अधिग्रहण गरिने जग्गाको सो वर्ष बालीको बजार मूल्यमा आधारित हुनेछ । क्षतिपूर्ति भुक्तानी गरेको समयमा भत्ता दिइन्छ ।

**संकटापन्न व्यक्तिहरुलाई थप सहयोग**

विस्थापन भत्ताको व्यवस्थाको अतिरिक्त परियोजना क्षेत्र वरिपरिका संकटापन्न समूहहरु[५] को पिएपीहरुको पुनर्स्थापनालाई देहायका उपायहरुबाट सहयोग हुनेछ :

क) प्रचलित आर्थिक गतिविधिहरु र ती गतिविधिहरुको सुधारको मूल्यांकन

ख) वैकल्पिक आय आर्जनका अवसरहरुको मूल्यांकन

संकटापन्न समूहका पिएपीहरुलाई क्षतिपूर्ति र पुनर्वास सहायताका कम्तीमा पुनर्स्थापना गर्न र उनीहरुको जीवन र जीविकाको सुधार गर्न अतिरिक्त विशेष सहायताको आवश्यक पर्नेछ । यस्ता विशेष सहायतामा देहायका कुराहरु सामेल हुन्छन् :

क) परियोजना निर्माण रोजगारीका अवसरहरुमा अग्रिम पहूँच ।

ख) सिपको तालिम : पिएपीहरु मध्ये परियोजनाका क्षेत्रमा रोजगारीका लागि योग्य नभएकाहरु, परियोजनाले निर्माण ठेकेदारहरुलाई काममा तालिम उपलब्ध गराउन पिएपीहरुको पालैपालो उनीहरुलाई परियोजनाबाट जीविकोपार्जन गर्न सवल पार्न छनोट गर्न प्रेरित गर्नेछ । परियोजना क्षेत्रमा जरुरत पर्ने सिपको तालिम स्थानीय जनतालाई दिनु पर्ने आवश्यकता ठेक्काको कागजात र करारमा सामेल गरिनेछ ।

ग) वित्तीय साक्षरता र/वा नगद व्यवस्थापन/बचत योजना बारेमा तालिम/परामर्श ।

घ) परियोजनाका प्रभावहरु, क्षतिपूर्तिका विशेषताहरु र जोखिमहरु र पुनर्वासका विकल्पहरु (आवश्यक स्थानमा) का बारेमा परामर्श ।

विशेषगरी संकटापन्न समूहमा रहेका स्थानीय जनसंख्याको रोजगारीका लागि आपसमा सहमति हुने खालका शर्तहरु स्थापना गर्न परियोजनाले ठेकेदार र स्थानीय समुदायहरुसँग परामर्श गर्नेछ । संकटापन्न प्रभावित घरधुरीका व्यक्तिहरुलाई परियोजनाले सौजन्य गरेको व्यावसायिक तालिम कार्यक्रम दिन प्राथमिकता दिइनेछ जसले उनीहरुलाई रोजगारी प्राप्त गर्न ररवा जीविकोपार्जन गर्न संभव भएसम्म मद्दत गर्नेछ । निश्चित रोजगरीका अवसरहरुसँग तालिमहरुलाई जोड्ने प्रयत्न गरिनेछ ।

---

[५]संकटापन्न समूह त्यो समूह हो जो भौतिक वा आर्थिक रुपमा परियोजनाबाट प्रभावित हुन्छन् र आदिवासी  भएकाले.

पुनर्स्थापना सहायताका रुपमा तालिम लिने पिएपीहरुलाई परियोजनाले मद्दत गर्नेछ । परियोजनाले मूल्यांकनलाई र संभव भएका स्थानमा परियोजनामा महत्वपूर्ण प्रभाव पार्दै पिएपीहरुका लागि ससाना आय आर्जनका योजनाहरु स्थापनामा सहजीकरण गर्नेछ । त्यसै गरी, परियोजनाले प्रचलित राष्ट्रिय गरिवी निवारण तथा ऋण कार्यक्रमहरुको संयोजनका लागि सोमा पहूँच उपलब्ध गराउन अनुसन्धान गर्नेछ ।

संकटापन्न समूहका पिएपीहरुलाई आफ्नो बाँकी रहेको कृषियोग्य र अन्य जग्गामा उत्पादन बृद्धि गर्न कृषि विस्तार सेवामा पहूँच हुनेछ । कृषि, बन तथा माटो संरक्षण विभागलाई परियोजनाकाका पिएपीहरुलाई सहयोग गर्न अनुरोध गर्नेछ । सोमा लागेको कुनै पनि खर्च परियोजनाले बेहोर्नेछ ।

**संकटापन्न समूहसँग लेनदेन गर्दा अनुशरण गर्ने विशेष उपायहरु**

आदिवासी  जनता, दलित, ससाना जनजातिगत समुदाय, महिला र शक्तिहीन समुदायहरुका लागि अनुशरण गरिने विशेष उपायहरु तल उल्लेख गरिएको छ :

- संकटापन्न समुदायको चेतना बृद्धि, सक्रिय सहभागिता तथा क्षमता विकासलाई सुनिश्चित गर्ने
- संकटापन्न समूहको चेतना अभियान, परियोजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्ने
- कार्यान्वयनको समयमा समान कामका लागि समान ज्याला सुनिश्चित गर्ने
- परियोजनाको प्रमुख विशेषताहरु र कार्यान्वयन भएको डिएसयुइपी लगानी हस्तक्षेपका बारेमा लक्षित समूहहरुलाई जानकारी दिन परियोजना सूचना अभियान शुरु गर्ने
- डिएसयुइपीका अंगहरुको लगानी कार्यान्वयन भएका क्षेत्रमा आदिवासी  र दलितहरुको उपस्थितिको मूल्यांकन र विश्लेषण गर्ने

- आदिवासी जनता, दलित तथा अन्य संकटापन्न समुदायलाई प्राथमिकतासाथ व्यवहार र सहयोग गर्ने

- आवश्यकता अनुसार सहभागिता बृद्धि गर्न आइपिएस र दलितहरुलाई लाभग्राही समूहमा समावेश गर्ने

- डिएसयुइपी लगानी हस्तक्षेपमा संकटापन्न जनताका पहिचान गरिएका आवश्यकता र प्राथमिकताहरुलाई ध्यान दिईएको छ भन्ने सुनिश्चित गर्ने

- आदिवासी र संकटापन्न समुदायिक क्षेत्रहरुमा उनीहरुको सहभागितालाई प्रोत्साहन गर्न परियोजनासँग सम्बन्धित बैठकहरु सञ्चालन गर्ने । आइपीहरुका प्रतिनिधित्वलाई समावेश गर्ने गणपुरक संख्या सुनिश्चित गर्ने

- जीविका र सहभागिता सबल पार्न संकटापन्न समूहहरुमा लक्षित भएको लक्षित सहायता/तालिम उपलब्ध गराउँदै हस्तक्षेपलाई प्रोत्साहन गर्ने

- परियोजनाका क्रियाकलापमा सहभागी हुन आफ्ना ज्ञान र सिपहरुलाई सबल पार्न आदिवासी जनता, दलित र अन्य संकटापन्न समुदायहरुको क्षमता निर्माण गर्ने

- डिएसयुइपी हस्तक्षेपको एउटा अंगको रुपमा स्थानीय जनताको क्षमता विकासलाई सिप सबलीकरणको तालिममार्फत (कृषि, पशु चिकित्सा, विभिन्न क्षेत्रमा व्यावसायिक तालिम) प्रोत्साहन गर्ने

**सामान्य सूचनाको प्रचार र परामर्श**

परियोजनाका प्रभावहरु, निर्माण तालिका र अधिग्रहण मिति, अन्तिम मिति, मूल्यांकन, क्षतिपूर्ति र गुनासो समाधान संयन्त्र, निर्माण रोजगारी प्रक्रियाहरु र स्थानीय विकास प्रवर्तनहरुका बारेमा उनीहरुलाई जानकारी दिन परियोजना क्षेत्रका सबै पिएपीहरुलाई सामान्य सूचना र परामर्श उपलब्ध गराइनेछ ।

**अन्य अनपेक्षित प्रभावहरु**

पुनर्वास ढाँचामा सहमति गरिएको सिद्धान्तका आधारमा अनपेक्षित प्रभावहरुलाई दस्तावेजीकरण र न्यूनीकरण गरिनेछ । परियोजना कार्यान्वयनको समयमा वा पछि परियोजना हस्तक्षेप वा सम्बन्धित गतिविधिबाट उत्पन्न हुने कुनै अनपेक्षित नकारात्मक प्रभावहरु उपर इएले काम गर्नेछ । यस्ता अनपेक्षित नकारात्मक प्रभाव वापत क्षतिपूर्ति र/वा सहायता प्राप्त गर्नका लागि प्रभावित व्यक्ति वा घरधुरीहरुलाई अधिकार हुनेछ ।

**अन्तिम मिति**

अन्तिम मिति डिएमएस सञ्चालनसँग सम्बन्धित हुन्छ । अन्तिम मितिभन्दा पछि सहायक परियोजना क्षेत्रमा घुसपैठ गर्नेलाई क्षतिपूर्ति वा अन्य कुनै सहायता पाउने अधिकार हुनेछैन । परियोजनाले प्रभावित सबै व्यक्तिहरुलाई अन्तिम मितिको सूचना दिइनेछ ।

परिशिष्ट ३ मा संलग्न अधिकार सूचीले मुख्य नोक्सानीका प्रकारहरु र सोको अधिकारको संक्षेपीकरण गरेको छ जसले नेपाल कानुन र एआइआइबी र इआइबीका विधान सुरक्षा नीतिहरुलाई प्रतिबीम्बित गर्दछन् । अधिकार सूचीमा सूचीकृत स्तरीय अधिकारलाई पहिल्यै स्वीकृत भएको पुनर्वास ढाँचा बमोजिम कायम गरिएको छ । तर बहालमा दिइएको जग्गाका लागि अधिकार पुनर्वास ढाँचामा सामेल गरिएको थिएन । परिणामस्वरुप, यस इएसएमएफमा अधिकारलाई सबल र थप विस्तृत गर्न प्रयत्न गरिएको छ ।

अनिच्छित पुनर्वास/जग्गा अधिग्रहण सम्बन्धी राष्ट्रिय कानूनहरु इआइबी र एआइआइबी नीतिहरुको तुलनात्मक विश्लेषण पहिचान गरिएको राष्ट्रिय कानूनी र नीतिगत ढाँचाको अन्तराल र सीमितता समेत विश्लेषण गरिएको छ । राष्ट्रिय कानूनी र नीतिगत ढाँचाको मुख्य अन्तराल र सीमितताहरु :

- दर्तावाल जग्गाधनीलाई मात्र क्षतिपूर्तिका लागि राष्ट्रिय कानूनले व्यवस्था गरेको छ र गैर हाजिरीबाट गैर दर्तावाल मोही किसान, सुकुम्बासी किसान, जोताहा, कषि मजदूर, दोकानदार, कलाकार समुहहरु लगायत अन्य सबै पिएपीहरुलाई हटाएको छ ।

- सुकुम्बासी, घुसपैठकारी वा जोताहाहरुका लागि क्षतिपूर्तिका लागि अधिकारका सम्बन्धमा राष्ट्रिय कानुनले कुनै व्यवस्था गरेको छैन । यस्ता संकटापन्न समुहहरुको लागि पुनर्स्थापना सहायताका लागि यसमा कुनै व्यवस्था छैन ।

- नेपाल सरकारले सम्पत्ति चाहेको खण्डमा राष्ट्रिय कानुनले बाध्यकारी सट्टाको मूल्यको व्यवस्थाका बारेमा किटान गर्दैन ।

- जग्गा प्राप्ति ऐन, २०३४ ले पारदर्शिता र सरोकारवालाहरुको सहभागितालाई विभिन्न निर्णयहरुका लागि जोड दिंदैन । जग्गा प्राप्ति ऐनमा विशेषगरी पिएपीहरुको सहभागितामा सिडिसी (क्षतिपूर्ति निर्धारण समिति) मा सहभागी हुने व्यवस्था छैन जसले पिएपीहरुको दीर्घकालिन सुस्वास्थ्यलाई प्रत्यक्ष प्रभाव पार्दछ ।

- अधिग्रहणको सूचना र क्षतिपूर्तिको भुक्तानीको बीचमा स्पष्ट समयको अन्तरालका बारेमा ध्यान पुर्‍याउन नसक्नु प्रचलित कानूनी कार्यढाँचाको अर्को सीमितता हो ।

- ३३/११ केभी लाइनको बाटोको अधिकार (आरओडब्लु) को जग्गा प्राप्त गर्न ध्यान पुग्न सकेको छैन । आरओडब्लु र खम्बा/अवस्थितिको ३३/११ केभी लाइनमा क्षतिपूर्ति उपलब्ध गराउन ने.वि.प्रा.ले अभ्यास गरेको छैन ।

पहिचान गरिएका अन्तराल र सीमितताहरुलाई पूरा गर्न नीतिगत सुझावहरु देहाय बमोजिमका छन् :

परियोजनाबाट प्रभावित व्यक्तिहरुलाई परियोजनाको कार्यान्वयनको परिणमस्वरुप जग्गाको उपयोगमा परिवर्तन उत्पन्न गर्दै जग्गा, आवास र अन्य सम्पत्ति, आय वम सेवामा पहुँचको नोक्सानीबाट जीविका वा जीवनस्तरलाई नकारात्मक ढंगले प्रभावित भएको व्यक्तिका रुपमा व्याख्या गर्नु जरुरी छ ।

भोतिक र आर्थिक दुबै क्षतिहरुलाई समेट्दै हरेक नोक्सानीका वर्गीकरणका लागि अधिकार स्थापना गर्नु पर्दछ ।

संकटापन्न समुहहरुको हितको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ । गणनाको मितिलाई अन्तिम मितिका रुपमा लिई ठगीपूर्ण घुसपैठलाई यस मिति पछि क्षतिपूर्तिको अधिकारका लागि योग्य ठानिनु पर्दछ । संकटापन्न समुहको सहायतालाई उनीहरुको जीविकाको सुधार गर्न उपलब्ध गराइनु पर्दछ ।

उठाएर लैजाने सामग्रीहरु वापत ह्रासकट्टी नगरी वा नघटाई सट्टा मूल्यमा सबै नोक्सानी भएका सम्पत्तिहरुको क्षतिपूर्तिका लागि व्यवहारिक व्यवस्था गरिनु पर्दछ । जग्गाको वास्तविक सट्टा मूल्यको संभव हुने मात्रामा मूल्यांकन गर्न प्रयत्नहरु गरिनु पर्दछ ।

क्षतिपूर्ति र जीविका पुनर्स्थापनासँग सम्बन्धित पुनर्वासका समस्याहरु समाधान गर्न सहभागिताका लागि पिएपीहरु र गाउँपालिका/नगरपालिकाका स्थानीय प्रतिनिधिहरुको कानुनी व्यवस्था हुनु पर्दछ ।

पहिला आरओडब्लु र खम्बा/प्रभाव हटाउने : वितरण लाइनले प्रचलित बाटाको अधिकारलाई अनुशरण गर्नेछ ।

जीविका पुनर्स्थापना कार्यक्रमहरुले योग्य र दिगो हुन आवश्यक छ । यसरी, पिएपीहरको आयका लागि परियोजना कार्यान्वयन गर्नेछ । परियोजनाले तत्काल सहायतामा केन्द्रित गर्नेछ र देहायका कुरा ( अधिकारको सूचीमा उपलब्ध भए बमोजिम) सामेल गर्नेछ :

- अधिग्रहण पूर्व भुक्तानी गरिएको जग्गा वापतको क्षतिपूर्ति
- वित्तीय तथा जीवन उपयोगी तालिम
- 
- मिटर जडानका लागि सहुलियत आपूर्ति
- निर्माण गतिविधिहरुमा अस्थायी रोजगारी
- संकटापन्न पिएपीहरुलाई विशेष सहायता

**संकटापन्न समुहसँग काम गर्दा अनुशरण गरिनु पर्ने विशेष उपायहरु**

28th Nov, 2019

आदिवासी  जनता, दलित, ससाना जनजातिगत समुदायहरु, महिला र शक्तिहीन समुदायहरुका लागि विशेष उपायहरु तल उल्लेख गरिएको छ :

- संकटापन्न समुदायको चेतना बृद्धि, सक्रिय सहभागिता तथा क्षमता निर्माणलाई सुनिश्चित गर्ने
- संकटापन्न समूहको चेतना अभियान, परियोजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्ने
- कार्यान्वयनको समयमा समान कामका लागि समान ज्याला सुनिश्चित गर्ने
- परियोजनाको प्रमुख विशेषताहरु र कार्यान्वयन भएको डिएसयुइपी लगानी हस्तक्षेपका बारेमा लक्षित समूहहरुलाई जानकारी दिन परियोजना सूचना अभियान शुरु गर्ने
- डिएसयुइपीका अंगहरुको लगानी कार्यान्वयन भएका क्षेत्रमा आदिवासी  र दलितहरुको उपस्थितिको मूल्यांकन र विश्लेषण गर्ने
- आदिवासी  जनता, दलित तथा अन्य संकटापन्न समुदायलाई प्राथमिकतासाथ व्यवहार र सहयोग गर्ने
- आवश्यकता अनुसार सहभागिता बृद्धि गर्न आइपिएस र दलितहरुलाई लाभग्राही समूहमा समावेश गर्ने
- डिएसयुइपी लगानी हस्तक्षेपमा संकटापन्न जनताका पहिचान गरिएका आवश्यकता र प्राथमिकताहरुलाई ध्यान दिईएको छ भन्ने सुनिश्चित गर्ने
- आदिवासी  र संकटापन्न समुदायिक क्षेत्रहरुमा उनीहरुको सहभागितालाई प्रोत्साहन गर्न परियोजनासँग सम्बन्धित बैठकहरु सञ्चालन गर्ने । आइपीहरुका प्रतिनिधित्वलाई समावेश गर्ने गणपुरक संख्या सुनिश्चित गर्ने
- जीविका र सहभागिता सबल पार्न संकटापन्न समूहहरुमा लक्षित भएको लक्षित सहायता/तालिम उपलब्ध गराउँदै हस्तक्षेपलाई प्रोत्साहन गर्ने

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

- परियोजनाका क्रियाकलापमा सहभागी हुन आफ्ना ज्ञान र सिपहरुलाई सबल पार्न आदिवासी जनता, दलित र अन्य संकटापन्न समुदायहरुको क्षमता निर्माण गर्ने

- डिएसयुइपी हस्तक्षेपको एउटा अंगको रुपमा स्थानीय जनताको क्षमता विकासलाई सिप सबलीकरणको तालिममार्फत (कृषि, पशु चिकित्सा, विभिन्न क्षेत्रमा व्यावसायिक तालिम) प्रोत्साहन गर्ने

## ३.५ आदिवासी जनताहरु

नेपाल असंख्य जात र जनजाति समुहले आवाद गरेको साँस्कृतिक तथा जातिगत विविधता भएको देश हो । मुलुकका मौलिक बासिन्दाहरु बसाइँ सरी आएका विभिन्न जातिगत समुहहरु हुन् र बसाइँ सराइको प्रक्रिया २००० वर्षअघिदेखि भएको अनुमान गर्न सकिन्छ । डिएसयुइपी सहायक परियोजना क्षेत्रहरुमा पाइएका मुख्य जातिहरु द्येहाय बमोजिम रहेका छन् :

तालिका २४ (परियोजना क्षेत्रका मुख्य जातिहरु

| समुह | मुख्य जाति/जनजाति |
|---|---|
| दलितहरु | दमाई, कामी, सार्की, लोहार आदि |
| आदिवासी जनता | थारु, यादव, राउटे, माझी, बोटे, तामाङ, भुजेल, कुमाल, भोट, दराई, मगर, गुरुङ, लिम्बू, शेर्पा, थकाली, थामी, नेवार, राई आदि |
| अन्य | ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी आदि |

आदिवासी जनताहरुलाई देहाय बमोजिम विभिन्न पाँच वर्गमा वर्गीकरण गरिएको छ :

- लोपोन्मुख - राउटे
- अत्यन्त सीमान्तकृत - माझी, बोटे, थामी
- सीमान्तकृत - थारु, तामाङ, भुजेल, कुमाल, भोटे, दराई
- पछाडि पारिएका - मगर, गुरुङ, शेर्पा, बंसी, राई, यादव

Disclaimer: In case of discrepancies, the English version supercedes this translated version

- अगाडि रहेका - थकाली, नेवार

## ३.५ आदिवासी जनताको जाँच अभ्यास

प्रत्येक परियोजनाका लागि गरिएको सामाजिक जाँच प्रक्रियाले आदिवासी जनताको सहायक परियोजना क्षेत्रमा उपस्थिति र सामुहिक संलग्नता रहेको र परियोजनाले प्रभावित गर्न सक्ने संभावना भएको निर्धारण गरेको खण्डमा आदिवासी जनताको विकास योजना तयार पार्नु आवश्यक हुन्छ । परियोजनाबाट आइपी समुदायहरु प्रभावित भएको खण्डमा इआइबी मापदण्ड ७ मा स्वतन्त्र, पूर्व र जानकारीमूलक सहमति (एफपिआइसी) आवश्यक हुन्छ ।

सामाजिक जाँचमा परियाजनाका क्रियाकलापहरुले (१) परम्परागत स्वामीत्व अन्तर्गतको वा बसोबासको प्रचलन वा प्रयोग अन्तर्गतको जग्गा र प्राकृतिक श्रोतहरुमा प्रभाव परेका छ कि छैन, (२) परम्परागत स्वामीत्व अन्तर्गतको वा बसोबासको प्रचलन वा प्रयोग अन्तर्गतको जग्गाबाट आदिवासी जनताको पुनर्स्थापना र प्राकृतिक श्रोतहरुको पहुँचमा सीमितता गरेको छ कि छैन, वा (३) आदिवासी जनताको साँस्कृतिक सम्पदामा महत्वपूर्ण प्रभाव परेका छ कि छैन भन्ने समावेश हुन्छ । यस्तो अवस्थामा एफपिआइसीका लागि वित्त प्रदायकहरुले प्रक्रिया तय गर्दछ र स्वीकृत गर्दछ ।[६]

कुनै पनि सहायक परियोजनाका गतिविधिहरु भन्दाअघि आदिवासी जनताको सहमति लिनु एउटा आवश्यकता हो । प्रभावित आदिवासी समुहबाट सहमति प्राप्त गर्न नसक्ने सहायक परियोजनाहरुलाई वित्त सहयोगबाट हटाइनेछ ।

### ३.५.२ आदिवासी जनता र संकटापन्न समुदायहरुको विकास कार्यढाँचा (आइपी -भिसिडिएफ)

डिएसयुइपीको देवानी कार्य गर्दा आदिवासी /जनजाति र अन्य पछाडि पारिएका सामाजिक समुहहरु रहेको क्षेत्रमा केन्द्रित भई परियोजनाका गतिविधिहरुको फाइदाको अझ राम्रोसँग वितरणलाई सुनीश्चत गर्न डिएसयुइपीको लगानीको तयार गर्ने काममा दिशानिर्देश गर्न यो आदिवासी जनता र संकटापन्न

---

एफपिआइसी प्रक्रियालाई समायोजन गरिएको एउटा अद्यावधिक आइपी कार्यढाँचा ऋणका लगि शर्तहरु मध्ये एक शर्तका रुपमा तयार गरिने र मानिने छ ...........

समुदायहरुको विकास कार्यढाँचा (आइपी -भिसिडिएफ) को विकास गरिन्छ । राष्ट्रिय नीति/ रणनीतिहरु र सह वित्त प्रदायकहरुको आदिवासी  जनता सम्बन्धी नीतिहरुका आधारमा आइपी-भिसिडिएफको विकास गरिन्छ ।

आइपी-भिसिडिएफको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

संकटापन्न समूहलाई ध्यान दिई परियोजनाबा लागि बृहत् सामुदायिक सहयोगलाई अघि बढाउँदै नकारात्मक रुपले प्रभावित भएका आदिवासी  जनसमुदायसँग परियोजनाले स्वतन्त्र, पहिला र जानकारीमूलक सहमति (एफपिआइसी) उपागमको अवलम्वन गर्दछ भन्ने सुनिश्चित गर्नु

परियोजना क्षेत्रमा बसिरहेका संकटापन्न समुदायको पहुँचमा परियोजनाका लाभहरु छन् भन्ने सुनिश्चित गर्ने

संभव भए जति मात्रामा संकटापन्न समुदायमाथिको कुनै पनि प्रकारको नकारात्मक प्रभावलाई हटाउनु र हटाउन नसकिने भएमा नकारात्मक प्रभावहरुलाई कम र न्यूनीकरण गर्न सुनिश्चित गर्ने

आइपिडिपी वा भिसिडिपीमा संकेत गरे बमोजिम सहायक परियोजनाका गतिविधिहरुको तयारी, कार्यान्वयन र अनुमनका समग्र पक्रियामा संकटापन्न समुदायको सहभागिता सुनिश्चित गर्ने

समुदायभित्र थप सामाजिक र आर्थिक असन्तुलन कम गर्ने

उनीहरुले स्वंय स्पष्ट गरेको आवश्यकता र प्राथमिकता अनुसार उपयुक्त तालिम/आय आर्जनका क्रियाकलापहरुको विकास गर्ने

### ३.६ आदिवासी  जनता र अन्य संकटापन्न समुदायहरु सम्बन्धी सान्दर्भिक नीतिहरु

#### ३.६.१ नेपालको संविधान

**धारा १८   समानताको हक**

(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले

नागरिकहरुका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी , आदिवासी  जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

**धारा ४२  सामाजिक न्यायको हक**

(१) सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी , आदिवासी  जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

**आदिवासी  जनजाति (एनएफडिआइएन) को विकासका लागि राष्ट्रिय फाउण्डेशन सम्बन्धी ऐन २००२**

सन् २००२ मा एनएफडिआइएनलाई नेपाल सरकारले आदिवासी  जनजातिको समग्र विकास र कल्याणका लागि काम गर्न एनएफडिआइएन सम्बन्धी ऐन, २००२ दर्ता गरेको थियो । सन् २०११ को जनगणना अनुसार नेपालमा १२५ फरक भाषा बोलिन्छन् र १२३ फरक जातिगत समूहहरु छन् । एनएफडिआइएनसम्बन्धी ऐन, २००२ ले मुलुकमा ५९ ओटा आदिवासी  समुहहरु पहिचान गरेको छ जसले कूल जनसंख्या २ करोड ६५ लाखको ३५.४% ओगटेको छ । सूचनाको अभावमा आदिवासी जनजाति लगायत पछिडिएको र सीमन्तीकृत समुदाय र समूहहरुले अझै पनि राष्ट्रको समावेशी नीतिको फाइदा लिन सकेका छैनन् ।

एनएफडिआइएनको मुख्य उद्देश्य वर्तमान र भावी पुस्तालाई सन्तुष्टि र कुनै भेदभाव विना नेपालका सबै आदिवासी  जनतालाई राम्रो गुणस्तरीय जीवन उपलब्ध गराउने कुरा सुनिश्चित गर्नु हो । एनएफडिआइएनले नेपाल सरकार र आदिवासी  जनताका संगठनहरुसँग काम गरी उनीहरुको आर्थिक

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

तथा सामाजिक विकासको अभिन्न अंगको रुपमा जीविकाको संरक्षण, प्रबर्द्धन र सुधार गर्न आदिवासी जनताको अनेकौ महत्वपूर्ण समस्याहरु बारेमा ध्यानाकार्षण गरेको छ ।

**नेपालले सन् २००७ मा अंगीकार गरेको संयुक्त राष्ट्रसंघको आदिवासी  जनताको अधिकार सम्बन्धी घोषणापत्र (युएनडिआरआइपी)**

नेपालले सन् २००७ मा अंगीकार गरेको संयुक्त राष्ट्रसंघको आदिवासी  जनताको अधिकार सम्बन्धी घोषणापत्र (युएनडिआरआइपी) ले आदिवासी  जनताको साँस्कृतिक र समारोहको अभिव्यक्तिको स्वामीत्व, पहिचान, भाषा, रोजगारी, स्वास्थ्य, शिक्षा र अन्य विषय उपरको अधिकार लगायत उनीहरुको व्यक्तिगत तथा सामूहिक अधिकारलाई स्पष्ट व्याख्या गरेको छ । उनीहरुको आफ्नै संस्था, संस्कृति र परम्पराहरुलाई कायम राख्न र सवल पार्न र तिनीहरुको आफ्नै आवश्यकता र आकांक्षालाई कायम राख्दै आफ्नो विकासलाई अनुशरण गर्न पाउने आदिवासी  जनताको अधिकारलाई यसले जोड दिएको छ ।  यसले आदिवासी  जनता विरुद्धको विभेदलाई निषेध गरेको छ र उनीहरुको सरोकार हुने सबै कुरामा पूर्ण र प्रभावकारी सहभागितालाई र फरक ढंगले रहन पाउने र आर्थिक तथा सामाजिक विकास सम्बन्धी उनीहरुको आफ्नै दृष्टिकोणलाई अवलम्वन गर्न पाउने उनीहरुको अधिकारको प्रबर्द्धन गरेको छ ।

घोषणापत्रको लक्ष्य आदिवासी  जनताहरुसँग विकास, बहुसाँस्कृतिक प्रजातन्त्र र विकेन्द्रीकरण जस्ता विश्वव्यापी मुद्दाहरु समाधान गर्न काम गर्न मुलुकहरुलाई प्रेरित गर्नु हो । धारा ३१ अनुसार राष्ट्रिय राज्यहरुको अति नियन्त्रणबाट उनीहरुको सम्पदा संरक्षण गर्न, उनीहरुको साँस्कृतिक सम्पदा र उनीहरुको संस्कृति र परम्पराका अन्य पक्षहरुको संरक्षण गर्न आदिवासी  जनताहरु सक्षम हुने कुरामा मुख्य जोड दिइएको छ

**सन् २००६ मा नेपालले अनुमोदन गरेको आदिवासी  र जनजाति जनताहरुसम्बन्धी आइएलओ महासन्धी १६९**

नेपाल आदिवासी  र जनजाति जनताहरु सम्बन्धी आइएलओ महासन्धी, १९८९ (नं. १६९) को पक्ष हो । त्यस बाहेक, आदिवासी  जनताहरु सम्बन्धी अलग्गै उभिने नेपालको नीति छैन । तर, तीन वर्षे अन्तरिम योजना (टिवाइआइपी) (२००७-२१०१) मा वा दशौ योजनामा पछि परेका र आदिवासी

जनताहरु (आइपीहरु), महिला, अपांग र दलित र आदिवासी /जनजाति जस्ता संकटापन्न समुदायहरु ( भिसिहरु) लाई आधारभूत सेवा दिन महत्वपूर्ण जोड दिइएको छ । दशौं योजनाको मुख्य उद्देश्यहरु मध्ये एक दलित, आदिवासी  जनता र अपांग जनताको उत्थान, रोजगारी र आधारभूत सुरक्षाका लागि लक्षित कार्यक्रमको कार्यान्वयन रहेको छ । नीतिगत व्यवस्थाले सरकारले समाजको संकटापन्न पक्षको आधारभूत सुरक्षाका लागि कार्यक्रमको वलियो र अलग्गै प्याकेज सञ्चालन गर्नु पर्दछ । तीन वर्षे अन्तरिम योजना (टिवाइआइपी) (२००७-२०१०) मा दलित, आदिवासी /जनजाति र अन्य संकटापन्न समूहहरुको समावेशी विकासका लागि देहायका नीतिहरु समावेश गरेको छ :

- सामाजिक समावेशिताका लागि वातावरण सिर्जना
- पिछडिएका समूहको नीति निर्माण र निर्णयमा सहभागिता
- पिछडिएका समुहका लागि सामाजिक कार्यक्रमहरुको विकास
- सकारात्मक विभेद वा शिक्षा, रोजगारी आदिमा आरक्षण
- उनीहरुको संस्कृति, भाष र ज्ञानको संरक्षण
- विकासमा समानुपातिक प्रतिनिधित्व
- देशको समग्र आर्थिक कार्यढाँचालाई सामाजिक रुपले समावेशी बनाउने

### ३.६.२ एआइआइबी वातावरणीय तथा सामाजिक नीति (इएसपी)

प्रत्येक परियोजनाका लागि यसमा बाध्यात्मक इएण्डएस आवश्यकताहरु रहेका छन्, जस्तै :

जाँच र वर्गीकरण

वातावरणीय तथा सामाजिक मूल्यांकन

मूल्यांकन, दस्तावेजीकरण र साधनहरु

वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना

वातावरणीय तथा सामाजिक व्यवस्थापन कार्यढाँचा

विशेष परिस्थिति

सूचनाको खुलासा

परामर्श

अनुगमन तथा प्रतिवेदन

**वातावरणीय तथा सामाजिक मापदण्डहरु**

तीनओटा बाध्यात्मक वातावरणीय तथा सामाजिक मापदण्डहरु (इएसएसहरु) ले देहायसँग सम्बन्धित अभ विस्तृत वातावरणीय तथा सामाजिक आवश्यकताहरु शुरु गरेको छ :

वातावरणीय तथा सामाजिक मापदण्ड ३ : आदिबासी जनताहरु । एआइआइबी बैंकको विस्तृत नीति र मापदण्डहरु (इएसएस २) http://www.aiib.org/en/policies-strategies/_download/environment-framework/Final-ESF-Mar-14-2019-Final-P.pdf मा फेला पार्न सकिन्छ ।

**३.६.३. इआइबी मापदण्ड र नीतिहरु :**

संकटापन्न समुहहरुको अधिकारमा विशेष ध्यान दिइनु पर्दछ जसमा आदिवासी जनता, जातिगत अल्पसंख्यक, महिला, बसाइँ सरी आएका र साना बच्चा र अति बुढा सामेल हुन्छ । खासगरी, संकटापन्न समुहलाई जीविका सामाजिक आर्थिक परिवर्तन र आवश्यक सेवाको पहुँचमा उनीहरुको नर्भरता र निर्णय गर्दा सहभागिता विशेष गरी संवेदनशील हुन्छन् ।

संकटापन्न समुहहरुको अधिकार तथा चासोमा देहायका उद्देश्यहरु रहेका छन् :

- परियोजनाको जीवनचक्रभरि तोकिएको सञ्चालन क्षेत्रभित्रका संकटापन्न व्यक्ति र समुहहरुको अधिकार र चासो यकीन गर्ने, सम्मान र संरक्षण गर्ने । यस्ता अधिकारमा

गैर विभेदीकरणको अधिकार, महिला र पुरुषबीच समान व्यवहारको अधिकार र आदिबासी जनताको अधिकार समावेश छन् ।

- वातावरणीय तथा सामाजिक प्रभावहरुको व्यवस्थापनमा लैंगिक संवेदनशीलताको उपागम अपनाउने जसले महिला र केटीहरुले सामना गर्न सक्ने प्रभावको विभेदजन्य भारलाई विशेष ध्यान लगायत महिला र केटीहरु, पुरुष र केटाहरुको अधिकार र चासोहरुलाई ध्यान दिन्छ

- महिला र केटीहरु, अल्पसंख्यक र आदिबासी जनताहरु ल्गायत संकटापन्न व्यक्ति र समुहहरुको जीवन र जीविका उपर इआइबीको नकारात्मक प्रभावहरुलाइ पहिचान र हटाउने काम गर्ने । हटाउन संभव नहुने स्थानमा प्रभावलाई कम गर्ने, सानो पार्ने, न्यूनीकरण गर्ने वा प्रभावकारी रुपले उपचार गर्ने ।

- संकटापन्न व्यक्ति र समुहहरु उचित र समयभन्दा पहिलाका हुन् र इआइबी सञ्चालनमा पहिचान गरिएका छने र व्यक्ति र समुदायको विशिष्टतालाई ध्यान दिई वार्ता सार्थक भएको छ र उपयुक्त स्वरुप, तरिका र भाषामा दिइएको छ भन्ने सुनिश्चित गर्ने

- महिला र केटीहरु, अल्पसंख्यकहरु र आदिबासीलाई सवल पार्ने

- इआइबीले वित्त उपलब्ध गराएको सञ्चालनबाट जनताले लाभ लिने ।

आदिबासी जनता सम्बन्धी एआइआइबी र इआइबी बैंकको नीतिले आदिबासी जनताको आत्मसम्मान, मानवअधिकार र साँस्कृतिक विशेषता उपरको पूर्ण सम्मानलाई प्रश्रय दिने तरिकाले परियोजनाको डिवाइन र कार्यान्वयन गर्नु पर्ने आवश्यकतालाई जोड दिएको छ । देहायका जस्तै तर सोमा मात्र सीमित नहुने गरी तिनीहरुले अन्तराल विश्लेषण र खाडल पुर्ने उपायहरुको पैरवी गर्दछन् :

सामाजिक प्रभाव मूल्यांकन

आइपिडिपीको तयारी

प्रभाव हटाउने काम

परामर्शहरु - खास गरी एफपिआइसीसँग, र

साँस्कृतिक रुपले उपयुक्त प्रक्रिया

**३.७ आइपिडिपी/भिसिडिपीको तयारी**

आइपी र भिसीहरुमाथिको प्रभाव मूल्यांकन गर्न देहायका कदमहरु अवलम्वन गरिन्छन् :

- गरिबपक्षीय सहभागितामूलक योजना प्रक्रियाको एउटा अंगको रुपमा क्रियाकलापहरुको शुरुमा समग्र प्रक्रियाका लागि सामाजिक प्रमाव मूल्यांकन (एसआइए) गरिन्छ
- त्यसपछि पहिचानको चरणमा डिएसयुइपी लगानी गर्नका लागि वातावरणीय तथा सामाजिक जाँचको रुपमा एसआइएको एउटा अंगको रुपमा क्रियाकलापहरुले आइपी र भिसीहरुलाई प्रभाव पारे नपारेको निर्धारण गर्न सामाजिक जाँच गरिन्छ

३.७.१ सामाजिक प्रभाव मूल्यांकन (एसआइए)

एसआइएका लागि संकलन गर्नु पर्ने सूचनाहरुमा देहायका कुरा समावेश हुन्छन् :

परियोजना क्षेत्र र परियोजनाको प्रभाव क्षेत्रमा प्रभावित आदिबासी समुहहरुको जनसांख्यिक, समाजिक आर्थिक, साँस्कृतिक र राजनीतिक विवरणको आधाररेखा

आदिबासी जनताले परम्परागत रुपमा स्वामीत्व लिएको र ओगटेको जग्गा र क्षेत्रको मूल्यांकन

आदिबासी जनता निर्भर रहेको प्राकृतिक श्रोतहरु (जैविक विविधता र पारिस्थितिक प्रणालीका सेवाहरु लगायत) को मुल्यांकन

आधारभूत र सामाजिक आर्थिक सेवाहरुमा पहुँच र उनीहरुले लाभ लिन सक्ने अवसरहरुको मूल्यांकन

प्रत्येक समुहको सामाजिक, साँस्कृतिक र आर्थिक स्थितिमा परियोजनाको अल्प र दीर्घकालिन, प्रत्यक्ष र अप्रत्यक्ष, सकारात्मक र नकारात्मक प्रभावहरुको मूल्यांकन

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

संवैधानिक रुपले मान्यताप्राप्त कुन आदिबासी जनताको सबस्टेशन जिल्लामा उपस्थिति छ र कुन हदसम्म तिनीहरु प्रभावित हुन्छन् भन्ने मूल्यांकन गर्ने/स्वीकार गर्ने काम

उनीहरुलाई प्रभाव पार्ने परियोजनाका सम्बनधमा उनीहरुको सरोकार र समस्याहरुलाई सम्बोधन गर्नका लागि त्यसपछिका उपागमहरु र श्रोतको जरुरतको मूल्यांकन गर्ने काम

प्रत्येक सहायक परियोजनाका जिल्लामा तनिओटा एफपिआइसी आवश्यक पर्ने परिस्थितिहरु विद्यमान छन् छैनन् भनी मूल्यांकन गर्ने काम

साँस्कृतिक रुपले उपयुक्त हुने सार्थक परामर्शको प्रक्रियाका माध्यमबाट सूचना संकलन गरिनु पर्दछ । सूचना दिएर, आमन्त्रण गरेर र परामर्श प्रक्रियाको समयमा परियाजनाचक्र - मूल्यांक, योजना, कार्यान्वयन र अनुगमन र लेखाजोखा -को प्रत्येक चरणमा सहभागी भएर परामर्श प्रक्रियामा आदिबासी जनताको संलग्नतालाई सनिश्चित गरिनु पर्दछ । (श्रम, सामान्य परामर्श, विभिन्न गतिविधिहरुमा प्रतिनिधित्व) जस्ता तर सोमा मात्र सीमित नरही परियोजना कार्यान्वयनको विभिन्न चरणमा आदिबासी जनता (जम्मा सहभागीरलाभग्राहीहरु बीचको प्रतिशत) हरुको सहभागिताका लागि स्पष्ट व्यवस्था हुनु पर्दछ । सामाजिक प्रभाव मूल्यांकन सञ्चालन गर्ने टोलीसँग एसआइए प्रक्रियाको पूरा समझदारीका साथसाथै स्थानीय आदिबासी जनताको संस्कृति, प्रणाली, मान्यता र मूल्यहरुको गहिरो ज्ञान हुनु पर्दछ । संभव भएको हदसम्म परामर्श प्रक्रियाको सहजीकरणमा आदिबासी जनतालाई संलग्न गराइनु पर्दछ । आदिबासी जनतासँग सम्वाद गर्दा उनीहरुको आफ्नै भाषामा गर्नु आवश्यक हुन्छ । सहायक परियोजनाका गतिविधिहरुको संभाव्य सकारात्मक र नकारातम प्रभावहरु, सकारात्मक प्रभावहरुलाई सवल पार्ने उपायहरु, नकारात्मक प्रभावहरुलाई कम गर्ने र/वा न्यूनीकरण गर्ने रणनीति/विकल्पहरुमा छलफल केन्द्रित हुनु पर्दछ ।

एसआइएका नतिजामा आधारित भै परियोजना वा परियोजनाको अंगले आदिबासी जनताहरुका लागि सामाजिक आर्थिक तथा जीवि सवलीकरणका गतिविधिहरु लगायतका उपयुक्त न्यूनीकरणका उपायहरु विकास गर्न सक्दछ । यदि एफपिआइसी प्रक्रिया सञ्चालन गरिएमा प्रक्रियाले आइपिडिपीको तयारीलाई सूचित गर्नेछ ।

आंगिक गतिविधिहरुको लागि डिएसयुइपी लगानी हस्तक्षेपहरु हुने क्षेत्रमा भएका आइपीहरु, प्राथमिक तथा गौण सूचना संकलनका माध्यमबाट परियोजना क्षेत्रका मुख्य जनसंख्याको तुलनामा उनीहरको जनसंख्या (संख्या र अनुपात) र उनीहरुको विशेषताहरुको पहिचान गर्न जाँच संलग्न हुनेछ । आदिबासी जनतासम्बन्धी योजनाको रुपरेखा परिशिष्ट ६ मा दिइएको छ ।

देहायका कुराहरु लगायत प्रभाव निर्धारण गर्न सामाजिक जाँचले आवश्यक सूचना उपलब्ध गराउँछ : (१) डिएसयुपीका अंगहरुको लगानीको प्रभाव क्षेत्रभित्र बसिरहेका लाभग्राही जनसंख्या, (२) आव्यश पर्ने जग्गाको हद (अस्थायी भए पनि) र प्रभावित जमिनदारको संख्या (लागू भएमा), (३) सामाजिक र आर्थिक उन्नतिका लागि आवश्कता र प्राथमिकता लगायत आइपीहरुमा प्रभाव, (४) अन्य सामाजिक प्रभावहरु । प्रत्येक सहायक परियोजनाहरुका लागि जाँचको प्रतिवेदनले आइपीहरुलाई संभाव्य हानिनोक्सानीका बारेमा जनकारी उपलब्ध गराउँछ जुन प्रभाव मूल्यांकन र न्यूनीकरण योजनाका सम्बन्धमा थप काम गर्ने नगर्ने भनी निर्णय गर्न महत्वपूर्ण हुन्छ । आइपीहरुमा परेको प्रभावको स्तर अनुसार अंगहरुको वर्गीकरण गरिन्छ । प्रकार, अवस्थिति, आकार प्रकृति र आइपीहरुमा संभाव्य प्रभावहरुको अनुमानित मात्राबाट वर्गीकरणको निर्धारण गरिन्छ । डिएसयुइपी लगानीहरुलाई परिशिष्ट ७ मा प्रस्तुत गरिएको आइपीहरुको प्रभाव जाँचका आधार र वर्गीकरण फारामलाई प्रयोग गरी देहायको तालिका बमोजिम वर्गीकरण गरिनेछ :

तालिका २५ (आइपीहरुका आधारमा परियोजनाको वर्गीकरण

| आधार | आवश्यक सामाजिक मूल्यांकनको प्रकार निर्धारण |
|---|---|
| आधार क | डिएसयुइपीका अंगहरुको लगानीले महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिन्छ जसमा आदिबासी जनता (आइपिडिपी) को जरुरत हुन्छ |
| आधार ख | डिएसयुइपी लगानीले सीमित प्रभाव पार्ने अपेक्षा गरिन्छ जसमा आइपीहरुका लागि सामाजिक कार्ययोजनाहरु (आइपिडिपी वा भिसिडिपी) को रुपमा विशेष कारबाहीको आदिबासी जनता (आइपिडिपी) को जरुरत हुन्छ |
| आधार ग | डिएसयुइपी लगानीले आइपीहरुमा कुनै प्रभाव नपार्ने अपेक्षा गरिन्छ, आइपीहरुका लागि विशेष व्यवस्थाको जरुरत हुँदैन |

द्रष्टव्य : सहायक परियोजनाको प्रारम्भिक जाँचपश्चात् वित्त प्रदायकहरुले वर्गीकरण त्यसका साधनहरुको थप समीक्षा गर्नेछन् ।

आइपीहरु माथिको प्रभावहरुलाई “महत्वपूर्ण” वा आधार क मानिन्छ यदि डिएसयुइपीले सकारात्मक वा नकारात्मक ढंगले प्रभाव पार्दछ भने :

- उनीहरुको जग्गा र प्राकृतिक श्रोतहरुको प्रयोग र पहुँचको परम्परागत अधिकारमा प्रभाव पार्दछ,
- उनीहरुको सामाजिक आर्थिक स्थितिमा परिवर्तन गर्दछ,
- उनीहरुको साँस्कृतिक तथा सामुदायिक इमान्दारितामा प्रभाव पार्दछ,
- उनीहरुको स्वास्थ्य, शिक्षा, जीविका र सामाजिक सुरक्षाको स्थितिमा प्रभाव पार्दछ, र/वा
- आदिबासीको ज्ञान र सांस्कृतिक सम्पदाको मान्यतालाई परिवर्तान वा खलल पुर्याउँछ ।

आइपीमाथिको प्रभावहरु (आधार क र ख मा पर्ने) का हकमा पिआइयुले स्वयं वा नियुक्त भएका कन्सल्टेन्ट(हरु)ले फरफारखका लागि सह वित्त प्रदायकहरु समक्ष आइपिडिपी पेश गर्दछ(न्) । परिशिष्ट ७ मा आइपिडिपीको रुपरेखाको संरचनाको नमूना प्रस्तुत गरिएको छ । कम प्रभाव वा कुनै पनि प्रभाव नपर्ने वर्गीकरणको एउटा अंगको रुपमा तयार गरिएको संक्षिप्त आइपिडिपीहरुलाई आन्तरिक रुपले मूल्यांकन गरिन्छ । वित्त प्रदायकहरुले यी कगजातहरुको पुनरावलोकन गर्दछन् ।

### ३.७.२ स्वतन्त्र, पहिलाको र जानकारीमूलक सहमति (एफपिआइसी)

दफा ३.५.१ म स्पष्ट गरिएको तीनओटा परिस्थितिहरु अन्तर्गत डिएसयुइपी सहायक परियोजनाहरुबाट आदिबासी जनताहरु नकारात्मक रुपले प्रभावित भएको खण्डमा ३३/११ केभी सबस्टेशन र वितरण लाइनको निर्माण पूर्व स्वतन्त्र, पहिलाको जनकारीमूलक सहमति (एफपिआइसी) का लगि सोही क्ष्सरहदमा बस्ने आदिबासी जनताहरुसँग परामर्श र छलफल गरिने छ । आदिबासी जनताहरुलाई उनीहरुको सिपका आधारमा परियोजना कार्यमा उनीहरुको रोजगारीलाई प्राथमिकता दिइने छ । आदिबासी जनताहरुसँगको एफपिआइसी प्रक्रियालाई सहजीकरण गर्न एउटा स्वतन्त्र पक्ष

आइपिओ/गैसस/परामर्शदातृ संस्था वा नागरिक समाजलाई हायर गरिने छ। परिशिष्ट ९ मा निर्णय गर्ने प्रक्रियाको नमूना ढाँचा संलग्न गरिएको छ र वित्त प्रदायहरुबाट यसलाई समीक्ष गरिने छ।

एफपिआइसी सञ्चालनका लागि अवलम्वन गरिने प्रक्रिया :

अवस्थिति, कार्यसूची र समय उल्लेख गरी प्रभावित आइपी र अन्य सम्बन्धित सरोकारवालाहरुलाई[७] औपचारिक रुपले जानकारी दिने।

सहमतिलाई कसरी मान्यता दिइने छ भन्ने निर्धारण गर्नका लागि स्थानीय एफपिआइसी गाउँहरुसँग उपयुक्त प्रक्रियाहरु बारे छलफल गर्ने।

नेपाल र अन्तर्राष्ट्रिय कानुन अन्तर्गत आफ्ना अधिकारका बारेमा उनीहरुलाई पूर्ण रुपले सचेत गराउने।

परियोजना र परियोजनाका गतिविधिहरुका बारेमा परियोजनाले उनीहरुलाई जानकारी दिएको छ भन्ने सुनिश्चित गर्ने।

परियोजनाबाट पर्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा परियोजनाले उनीहरुलाई जानकारी दिएको छ भन्ने सुनिश्चित गर्ने।

नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्दा हुने फाइदाको बारेमा परियोजनाले उनीहरुलाई जानकारी दिएको छ भन्ने सुनिश्चित गर्ने।

सामुदायिक स्तरमा परामर्शका श्रृंखला सञ्चालन गर्ने, औपचारिक उपस्थिति र निर्णयलाई अलग पुस्तिकामा उतार गरिने छ।

---

[७] स्थानीय स्तरका गाउँरनगरपालिकाका प्रमुख वा प्रतिनिधि आइपी जिल्लास्तरीय समितिका अध्यक्ष वा प्रतिनिधि नै सरोकारवालाहरु हुन्।

आइपीहरुका सरोकारका बारेमा स्वतन्त्र ढंगले छलफल गर्ने र परियोजना सम्बन्धी कुनै पनि बंशाणुगत समस्याहरु लगायत उनीहरुको गुनासो टिपोट गर्ने ।

सम्बन्धित आइपीहरुका बारेमा सोध्ने र उनीहरुको सरोकार टिपोट गर्ने ।

सिपिए र बहूपरामर्शका चक्रको अवलम्वन गर्दै परियोजना र न्यूनीकरणका प्याकेज र लाभ आदानप्रदानका उपायहरुका बारेमा आइपीहरुबाट सहमतिपूर्ण निर्णयको खोजी गर्ने ।

पुस्तिकामा सबै टिप्पणी र सहमतिको टिपोट गर्ने र उनीहरुबाट निर्णयको अन्तमा संयुक्त दस्तखत लिने ।

परियोजनाको चरणमा उनीहरुको सरोकार र समस्याहरुको सम्बोधन गर्न परियोजनाका लागि आइपिपीमा एउटा संयन्त्र समावेश गर्ने ।

सहमतिको विवरण (सिएस) को तयारी जसमा देहायका कुरा समावेश हुन्छन् : (१) आइपिडिपी, (२) प्रभावित समुदायले परियोजनासँग छलफल जारी राख्न चाहन सक्ने अन्य समस्याहरु, र (३) कार्यान्वयन योजना जसले स्थानीय समुदाय, परियोजना र आशातीत सरकारी निकायलाई आइपिडिपीको काम गर्ने जिम्मेवारीको विवरण उपलब्ध गराउँछ ।

आदिबासी जनताको सरोकार र समस्यालाई सम्बोधन गर्न सामाजिक मूल्यांकनका नतिजाका आधारमा आइपिडिपी तयार गरिन्छ । आइपिडिपीमा लाभ वितरणलाई सवल पार्न सहायक परियोजना डिजाइनको परिवर्तन र विकास सहायताबाट संभाव्य नकारत्मक प्रभावहरुको न्यूनीकरणका उपायहरु समावेश हुनेछन् । सहायक परियोजनाले संकटापन्न उनीहरुको अधिकारको उल्लंघन हुने छैन र संकटापन्न समुदायमा जग्गा अधिग्रहण वा संरचनागत नोक्सानीहरु हुन गएमा उनीहरुको जग्गा वा सम्पत्तिको प्रयोग गरे वापत उनीहरुलाई सामाजिक र सांस्कृतिक रुपले स्वीकार्य हुने किसिमले क्षतिपूर्ति दिइनेछ भन्ने सुनिश्चित गर्नेछ । सहायक परियोजनाले आरपिएफमा तोकिएका क्षतिपूर्तिका उपायहरु अवलम्वन गर्नेछ ।

### ३.७.३ आदिबासी जनताको विकास योजना (आइपिडिपी)

आदिबासी जनताको सरोकार र समस्याहरुलाई सम्बोधन गर्न सामाजिक मूल्यांकनको नतिजामा आधारित भई र एफपिआइसी प्रक्रिया (लागू हुने भएमा) का समयमा संकलन गरिएका कुराहरुबाट आइपिडिपी तयार गरिन्छ । लाभ वितरणलाई सवल पार्न सहायक परियोजना डिजाइन र विकास सहायताको परवर्तनबाट संभाव्य नकारात्मक प्रभावहरुको न्यूनीकरणका उपयहरु आइपिडिपीमा समावेश हुनेछन् । सहायक परियोजनाले संकटापन्न उनीहरुको अधिकारको उल्लंघन हुने छैन र संकटापन्न समुदायमा जग्गा अधिग्रहण वा संरचनागत नोक्सानीहरु हुन गएमा उनीहरुको जग्गा वा सम्पत्तिको प्रयोग गरे वापत उनीहरुलाई सामाजिक र सांस्कृतिक रुपले स्वीकार्य हुने किसिमले क्षतिपूर्ति दिइनेछ भन्ने सुनिश्चित गर्नेछ । सहायक परियोजनाले आरपिएफमा तोकिएका क्षतिपूर्तिका उपायहरु अवलम्वन गर्नेछ ।

आपिडिपीको मुख्य अंगहरुमा देहायका कुरा सामेल हुन्छन् :

प्रभावित आदिबासी जनताको आकांक्षा, आवश्यकता र बढी रुचाइएका विकल्पहरु

प्रभावित आदिबासी जनताबीचका स्थानीय सामाजिक संस्थाहरु, सांस्कृतिक विश्वास, पुर्ख्यौली क्षेत्र र श्रोत उपयोगको ढाँचा

संभाव्य जोखिम र परियोजनाका सकारात्मक र नकारात्मक प्रभाव लगायत इएसआइएको सारांश

परियोजनाको नकारत्मक असरहरुलाई हटाउने, न्यूनीकरण गर्ने वा क्षतिपूर्ति दिने उपायहरु

परियोजनाका लाभहरु उनीहरुलाई थपिन्छन् भन्ने सुनिश्चित गर्ने उपायहरु

उनीहरुको समस्या सम्बोधन गर्न कार्यान्वयन गर्ने निकायलाई सवल पार्ने उपायहरु

सरकारी संरचना जसले स्थानीय समुदायको सहभागिता र आइपिडिपी कार्यान्वयनको व्यवस्थापन, तिनीहरुको वजेट बाँडफाँट, वित्त प्रदान गर्ने र आइपिडिपी कार्यान्वयनका लागि समयसारिणी निर्माण गर्दछ

समयसीमा सहित आदिबासी जनताको सहभागितामूलक अनुगमान र मूल्यांकन

आइपिडिपीको प्रगतिसम्बन्धी आवधिक अनुगमनको प्रतिवेदन लगायतका पारदर्शीताका उपायहरु ।

कुनै देवानी कार्यको शुरुआत भन्दा पहिला समीक्षा र स्वीकृतिका लागि कार्यान्वयन गर्ने निकायले वित्त प्रदायकहरु समक्ष आइपिडिपी पेश गर्नेछ । आपिडिपीको रुपरेखाको नमूना परिशिष्ट ६ मा दिइएको छ । आरएपी अन्तर्गत आइपीहरुलाई पर्ने प्रभाव समेट्न सकिएको खण्डमा एआइआइबी र इआइबीले संयुक्त पुनर्वास र आदिबासी जनताको विकास योजना (आरआइपिपी) स्वीकार गर्न सक्नेछन् वा समानान्तर खालको व्यवस्थापन योजनाको विचार गर्न सकिने छ ।

इएसएमएफको परिच्छेद ६ बमोजिमका परामर्श र सूचना खुलासालाई आइपिडिपीले अवलम्वन गर्नेछ । परियोजनाको जीवनचक्रभरि (अर्थात् परियोजना डिजाइन र योजना, परियोजना नर्माण र सञ्चालन र परियोजना पश्चात्को समीक्षा) आदिबासी समुदायको विचार, सरोकार र समाधानलाई सुनिन्छ र सम्बोधन गरिन्छ भन्ने सुनिश्चित गर्न परामर्श र सहभागिताका माध्यमबाट आदिबासी समुदायसँग औपचारिक र जारी वार्ता प्रक्रिया सुचारु हुनेछ । शासन र आइपिडिपीको कार्यान्वयनका उपायहरुमा बनाउँदा यसलाई अत्यन्त राम्ररी पूरा गर्न सकिन्छ ।

एफपिआइसी शुरु भएको खण्डमा प्रभावित आदिबासी समुदायसँगको परामर्शको प्रक्रिया र नतिजालाई र यस्ता गतिविधिहरुको प्रभावहरुलाई सम्बोधन गर्ने परियोजनाका गतिविधिहरु र सुरक्षाका उपायहरुका लागि यस्ता परामर्शबाट हुन आएको कुनै पनि सहमतिको दस्तावेजीकरण आवश्यक हुनेछ । सांस्कृतिक रुपमा संवेदनशील तवरले स्थानीय सामाजिक र सांस्कृतिक अवस्था र विविधतालाई ध्यान दिई सूचनाको खुलासा गरिनु पर्दछ ।

### ३.७.४ गुनासो सम्बोधन संयन्त्र

आदिबासी जनता उपस्थित भएका क्षेत्रमा र यी आदिबासी समुदायहरु सहायक परियोजनाबाट प्रभावित भएमा जिआरएममा महिलाको चासोको प्रतिनिधित्व गर्न कम्तीमा एक जना महिला, परम्परागत मध्यस्थको रुपमा (परम्परागत गुनासो सम्बोधन प्रणालीहरु एकीकृत गरिएका छन् भन्ने सुनिश्चित गर्न) समुह(हरु)को अगुवा वा समुह काउन्सिलको एक जना सदस्य र आदिबासी जनताको समुहहरुसँग काम गर्ने एउटा गैसस लगायत आदिबासीको प्रतिनिधित्व हुनु पर्दछ ।

आदिबासी जनता, आदिबासी जनताका संस्थाहरु, आदिबासी जनताका अगुवा र अन्य सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा पनि सहभागितामूलक अनुगमन प्रणाली उपयोग गरिने छ । यो दस्तावेजको परिच्छेद ७ मा इएण्डएस सुरक्षा अनुगमन र प्रतिवेदनको विवरणहरु दिइएका छन् ।

## ३.८ सामुदायिक विकास योजना

सामुदायिक विकास योजनालाई लागू हुने सामाजिक व्यवस्थापन प्रणाली (आरपी, आइपिडिपी वा भिसिडिपी) मा एकीकृत गरिने छ किनभने परियोजनाले विशेष गरी ३३/११ केभी सबस्टेशन र सम्बन्धित लाइन, परियाजनाबाट प्रभावित जनताहरु (पएिपीहरु) लाई लक्षित गरी परियोजना क्षेत्रभित्रको जीवित अवस्थाको सुधारलाई ध्यान दिन्छ । विद्युतीकरण नभएका ग्रामीण क्षेत्रका जनतालाई ग्रामीण विद्युतीकरणबाट अझ बढी लाभान्वित गराउनु र प्रदेश नं. ५, ६ र ७ का विद्युतीय क्षेत्रमा विद्युत आपूर्तिको सुधार गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको छ । सामुदायिक विकास योजनाका माध्यमबाट देहायका गतिविधिहरु कार्यान्वयन गरिने छन् ।

### ३.८.१ जीविका र सिप विकाससम्बन्धी तालिम

जनगणना सर्भेक्षणको अवधिमा पिएपी घरधुरीलाई आवश्यक भएका विभिन्न तालिम र सिप विकासलाई पहिचान गर्न तलिम आवश्यकताको मूल्यांकन सञ्चालन गरिन्छ । लाभग्राहीका लागि शैक्षिक किसिमको र सहायक परियोजना क्षेत्रका पिएपीहरु र संकटापन्न समुदायका जनताहरुको छनोट बमोजिम पिएपीहरुका लागि सिप विकास तालिम उपर नै तालिम केन्द्रित हुन्छ ।

- जीविका र आय आर्जनका क्रियाकलापहरु
- लैंगिक विकास र महिला अधिकार
- समुन्नत कृषि अभ्यास र एकीकृत कीट व्यवस्थापन
- माछा संस्कृति र प्रजनन
- गाईवस्तु, बाख्रापालन र कुखुरा पालन

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

- व्यापार व्यवस्थापन

- वातावरणीय कृषि पर्यटन होमस्टे कार्यक्रम, आदि

### ३.८.२ चेतना निर्माण

विकास प्रक्रियामा सार्थक ढंगले सहभागी हुन विभिन्न सहायक परियोजनाका गतिविधिहरुका बारेमा सहायक परियाजना क्षेत्र भित्रका पिएपी घरधुरी र जनताहरु सचेत छन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । पुनर्वास योजना, परियोजना पुनर्वास नीतिहरु, गुनासो सम्बोध संयन्त्र, निर्माण नीतिहरु, रोजगारी तथा व्यावसायिक अवसरहरु, परियोजना कार्यान्वयको समयसारिणी र परियोजनासम्बन्धी अन्य सरोकारहरु जस्ता सान्दर्भिक शीर्षक र मुद्दाहरुमा सूचना प्रचार सञ्चालन गरिन्छ । बैठक गरेर, जनकारी पुस्तिका र ब्रोसर, रेडियोमा घोषणा, पत्रपत्रिका, टेलिभिजन र मोबाइलबाट टेक्स्ट मेसेज जस्ता विभिन्न माध्यमबाट पिएपीहरुलाई जनकारी दिइने छ । सार्वजनिक र रणनैतिक स्थानमा पोस्टर र सूचनाहरु टाँस गर्न पनि सकिन्छ ।

### ३.८.३ सामुदायिक पूर्वाधार र सुविधाहरुको सुधार

कार्यान्वयन गर्ने निकायले सांस्कृतिक र ऐतिहासिक महत्वका स्थानको उचित प्रयोग गर्ने छ । धार्मिक र सांस्कृतिक प्रचलनलाई यथोचित सम्मान गरिने छ र यस्ताको उचित प्रयोगलाई मिलाइने छ । सांस्कृतिक र धार्मिक अभ्यास गर्नु परेमा आदिबासी जनता र सीमान्तीकृत समुहहरुसँग परामर्श गरिने छ ।

### ३.८.४ पिएपीहरु र संकटापन्न समुहहरुका लागि रोजगारी निर्माण

डकर्मी, ड्राइभिङ, श्रमिक, सुरक्षा गार्ड आदि जस्ता विभिन्न क्षेत्रहरुमा पिएपीहरु, आइपीहरु र संकटापन्न समुहहरुलाई रोजगारी छुट्याउन सकिने छ । श्रमिक र सिपालु कामदारका रुपमा ज्यालामा पिएपीहरु र स्थानीय जनतालाई प्राथमिकता दिन कार्यान्वयन गर्ने निकाय र निर्माण ठेकेदारहरुबीचमा एउटा सम्झौता हुनु पर्दछ । दलित, आइपीहरु र गरिबीको रेखामुनि बाँचीरहेका र धेरै नै प्रभावित भएकाहरु जस्ता संकटापन्न समुहहरुका महिला र पिएपीहरुलाई उनीहरुको काम गर्ने चाहना र सिपहरुको स्तर बमोजिम रोजगारीका लागि अवसर दिइनु पर्दछ ।

सामुदायिक विकास योजना (सिडिपी) आदिबासी, महिला मुख्य भएको, सीमान्त परिवार/किसान, अपांग, आवाजविहीन, दलित आदिलाई सहायक परियोजनाबाट प्रभाव परेका समुहलाई केन्द्रित हुन्छ । सिप हस्तान्तरण, अभिमुखीकरण, शैक्षिक तालिम, निर्णय गर्ने प्रक्रियामा सार्थक सहभागिता आदि परियोजनाले गर्ने मुख्य क्रियाकलापहरु हुन् ।

गतिविधिहरुमा उनीहरुको सहभागिता र परियोजनाका लाभहरुमा पहुँचसँग प्रत्यक्ष सम्बन्धित मुद्दाहरुमा परियोजना केन्द्रित हुनेछ । त्यसकारण संकटापन्न समुदाय लगायत आदिबासी जनताको मुख्य उद्देश्य परियोजनाका गतिविधिहरुमा संकटापन्न जनताहरु सक्रिय रुपले संलग्न रहेका छन् र बाँकी समुदायका जस्तै परियोजनाका लाभहरुमा उनीहरुको पहुँच रहेको छ भन्ने कुरा सुनिश्चित गर्नु हो । समुदायका बीचमा सामाजिक र आर्थिक असन्तुलनहरु थ्प उत्पन्न गर्ने जस्ता कुनै पनि नकारात्मक प्रभावहरुलाई कम गर्ने लक्ष समेत रणनीतिले लिएको छ ।

तालिका २६ (संकटापन्न समुदायकहरुको विकासका लागि संभाव्य रणनीति र गतिविधिहरु

| मुद्दा | रणनीति | प्रस्तावित गतिविधिहरु |
|---|---|---|
| विभिन्न समुहहरुभित्र र बीच सामाजिक असमता | कठोर वर्ग, लैंगिक र जातिगत भर्‍याङको असरलाई कम गर्न अन्तरसामाजिक सामुहिक अन्तर्क्रियालाई सहजीकरण गर्ने | • सामाजिक परिचालन प्रक्रियाका माध्यमले पछाडि परेका जातिगत समुह र जातिहरुका पुरुष र महिला समावेश गर्ने<br>• विकासका लाभहरुलाई समान ढंगले बाँड्न जन चेतनाका लागि सबै आदिबासी र दलित जनतालाई संलग्न गराई चेतना अभियान आयोजना गर्ने<br>• निर्णय गर्ने प्रक्रियामा र लाभ बाँडफाँटमा सबैलाई आफ्नो भनाइ राख्न सामाजिक ठाउँ सिर्जना गर्ने |

| | | |
|---|---|---|
| विकास परियोजनाहरुको योजना र कार्यान्वयनमा समावेशिता र समतामूलक सहभागिताको अभाव | • सामुदायिक र परम्परागत निर्णय गर्ने संरचनाहरुमा यी समुहहरको सहभागितालाई प्रेरित गर्ने<br>• संकटापन्न समुहहरुसँग नियमित परामर्श एउटा संयन्त्र संलग्न गर्ने<br>• विभेदकारी नियमहरुको नकारात्मक परिणतिहरुका सम्बन्धमा चेतना बृद्धि गर्ने<br>• अग्राधिकारका आधारमा दलित, साना जमिनदार र विपन्नहरुलाई रोजगारीका अवसरहरु दिने सुनिश्चित गर्ने<br>• लिंगका आधारमा रोजगारीका अवसरहरुमा विभेद छैन भन्ने सुनिश्चित गर्ने | • समावेशीता र सहभागिता सुनिश्चित गर्न परियोजनाको डिजाइन गरिने छ<br>• परियोजना चक्रभरि स्वतन्त्र, पहिला र जानकारीमूलक परामर्शको प्रक्रियामा संकटापन्न समुहलाई संलग्न गर्ने<br>• कोटा प्रणाली अपनाउन सामुदायिक समुहहरुसँग काम गर्ने र सामुदायिक समुहहरुमा यी समुहहरुको यथेष्ट प्रतिनिधित्वलाई सुनिश्चित गर्ने<br>• सामुदायिक समुहहरुका सदस्यहरुलाई नेतृत्वको तालिम दिने<br>• सामुदायिक समुहहरुसँग काम गर्ने र यी समुहहरुले विभेदकारी नियमहरु परिवर्तन गर्ने<br>• निर्माण अवधिमा यी समुहहरुलाई रोजगारीका अवसरहरुको निश्चित संख्या वा प्रतिशत आरक्षण गर्ने<br>• अर्ध सिपमूलक कामका लागि सान्दर्भिक तालिमहरु दिने<br>• ज्याला सञ्चालन गरिएको कामको मात्राको बराबरीमा रहेको र लिंग, जात वा जातिबाट पूर्वनिर्धारित |

| | | |
|---|---|---|
| | | नभएको सुनिश्चित गर्न ठेकेदारहरुसँग काम गर्ने<br>● सदस्यहरुबाट परियोजनाले जिन्सीमा योगदान चाहेको बेला प्रभावक्षेत्रका विपन्न घरधुरीलाई पहिचान गर्न सहभागितामूलक स्वास्थ्य स्तरका आधारमा उनीहरुले पनि आफ्नो श्रमको योगदान गरुन् भनेर संकटापन्न समुदायकाहरुलाई उनीहरुको दैनिक ज्यालाको निश्चित रकम उपलब्ध गराउनु पर्दछ |
| स्थानीय श्रोतहरुका आधारमा जीविका सुधारका संभाव्य उपायहरु/सिपको तालिममा चेतनाको अभाव | स्थानीय श्रोतहरुबारे चेतना/तालिम र आदिबासी सिप र ज्ञान प्रबर्द्धनका माध्यमले तिनीहरुको व्यापारीकरण | ● परम्परागत आदिबासी सिप, ज्ञान र स्थानीय श्रोतहरुमा आधारित भै समुहहरुलाई व्यावसायिक तालिम<br>● विकासलाई बजार र वित्तीय संस्थाहरुसँग जोड्ने काम |
| सीमित सञ्जाल र बृहत् समुदायहरु/समुहहरु र स्थानीय विकास संगठानहरु/सेवा प्रदायकहरु | ● सिप/तालिमहरुको प्रयोग गरी उत्पादन गरिएका वस्तु र सेवाहरुका लागि बजारका अवसरहरुको खोजी गर्ने<br>● बजार र वित्तीय साक्षरताबारे तालिम उपलब्ध गराउने | ● आयात गरिएका सामग्रीहरुको बदलामा स्थानीय श्रोत र उत्पादनहरु पत्ता लगाउन र प्रयोग गर्न सहयोग गर्ने<br>● दीर्घकालिन ऋण सहायताका लागि अन्य सम्बन्धित निकायहरु/वित्तीय |

| | | |
|---|---|---|
| | • संभव भएका स्थानमा स्थानीय मानिस (आइपीहरु, विपन्न, महिला) हरुलाई रोजगारीका अवसरहरु उपलब्ध गराउने । | संस्थाहरु/लघु वित्त मध्यस्थहरु/बचत तथा ऋण सहकारीहरुसँग सम्पर्क बनाउने |

## परिशिष्ट ३ अधिकारका सूचीहरु

| नोक्सानीका प्रकार | क्षेत्र | जसलाई अधिकार छ | अधिकार | अधिकार दिनको लागि जिम्मेवार | टिप्पणी |
|---|---|---|---|---|---|
| क. जग्गाको नोक्सानी | | | | | |
| क.१. कृषियोग्य जग्गाको नोक्सानी | | | | | |
| जमिनदारबाट खेती गरिएको सीमसारको नोक्सानी | परियोजना सम्बन्धी सबस्टेशन गतिविधिका लागि अधिग्रहण गरिएको जग्गा | जग्गाधनीको रेकर्ड भएका व्यक्ति(हरु) | सटही मूल्यका आधारमा नगद क्षतिपूर्ति<br><br>सान्दर्भिक कानुन र विधानहरु अन्तर्गत लाग्ने सबै शुल्क, कर र अन्य दस्तुरहरु | इए र सिडिसीले धनीलाई क्षतिपूर्ति दिने (खासगरी विवाहित भएमा अधिकारप्राप्तको सहमतिमा श्रीमान् र श्रीमतीको संयुक्त खातामा) | जग्गाको स्वामीत्व लिनु भन्दाअघि एपीलाई पूरा भुक्तानी दिइने छ । |
| जमिनदारबाट खेती गरिएको सुख्खा जग्गाको नोक्सानी | परियोजना सम्बन्धी सबस्टेशन गतिविधिका लागि अधिग्रहण गरिएको जग्गा | जग्गाधनीको रेकर्ड भएका व्यक्ति(हरु) | सटही मूल्यका आधारमा नगद क्षतिपूर्ति<br><br>सान्दर्भिक कानुन र विधानहरु अन्तर्गत लाग्ने | इए र सिडिसीले धनीलाई क्षतिपूर्ति दिने (खासगरी विवाहित भएमा अधिकारप्राप्तको सहमतिमा श्रीमान् र | जग्गाको स्वामीत्व लिनु भन्दाअघि एपीलाई पूरा भुक्तानी दिइने छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सबै शुल्क, कर र अन्य दस्तुरहरु | श्रीमतीको संयुक्त खातामा) | |
| खेती गरिएको साझा जग्गाको नोक्सानी | परियोजना सम्बन्धी गतिविधिका लागि लिइएको जग्गा | साझा जग्गा रहेको समुदाय वा गाउँ | सटही मूल्यका आधारमा नगद क्षतिपूर्ति<br><br>सान्दर्भिक कानुन र विधानहरु अन्तर्गत लाग्ने, पुनर्स्थापना र श्रोतहरुमा लागेको सबै शुल्क, कर र अन्य दस्तुरहरु, परियोजनाले व्यहोर्ने | इए र सिडिसीले गाउँपालिका/ नगरपालिकालाई प्रभावित सामुदायिक साझा जग्गा वापत क्षतिपूर्ति दिने | सम्पत्तिको स्वामीत्व लिनु भन्दाअघि एपीलाई पूरा भुक्तानी दिइने छ । |
| स्थायी मोहीबाट मोहीयानी भएको कृषियोग्य जग्गाको नोक्सानी ( खेती गरिएको | परियोजना सम्बन्धी गतिविधिका लागि जग्गा | प्रभावित जग्गा बहालमा दिने वा अधिया गर्ने व्यक्ति | प्रचलित कानुनहरु ( जग्गा प्राप्ति ऐन, दफा २०) बमोजिम प्रभावित कित्ताको ५० प्रतिशत नगद | इए र सिडिसीले मोहीलाई मोहीयानी गुमे वापत क्षतिपूर्ति दिनेछन् | जग्गाको स्वामीत्व लिनु भन्दाअघि एपीलाई पूरा भुक्तानी दिइने छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| सीमसार, सुख्खा जग्गा) | | | क्षतिपूर्ति अधिया गर्ने/मोहीलाई । अर्को ५० प्रतिशत जमीनदारलाई | | |
| परियोजनाको प्रयोजनका लागि जमीनदारबाट जग्गा बहालमा दिने | सात वर्षको अवधिका लागि दिइएको जग्गा | जग्गाधनीको रेकर्ड भएका व्यक्ति(हरु) | प्रत्येक प्रभावित धनीसँग वि.प्रा.ले औपचारिक बहाल सम्झौतामा हस्ताक्षर गर्नेछ । प्रत्येक धनीसँग निश्चित वार्षिक भुक्तानीका लागि पनि वार्षिक बहालसम्बन्धी प्रबन्ध उपर सहमति गरिने छ । | ने.वि.प्रा. ले जग्गा बहालमा दिए वापत क्षतिपूर्ति दिने छ । | वि.प्रा. ले बहालमा दिनेलाई वार्षिक रुपमा आपसी रुपमा सहमति गरिएको बहाल दर भुक्तानी दिने छ । वि.प्रा.ले जग्गा लिनु भन्दा पहिला पहिलो भुक्तानी दिने छ । जग्गा बहाल र पुनर्स्थापना सम्बन्धी सबै खर्चहरु वि.प्रा. ले बेहोर्ने छ । |
| | | | | | |
| क. ४. जग्गामा अस्थायी प्रभावहरु | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| निर्माणको समयमा अस्थायी प्रभावहरु जस्तै सँगैको जग्गाको टुक्रामा ठेकेदारका लागि मेशिनरीको ओहोरदोहोर र प्लान्ट क्षेत्रको कारणले हुने क्षति | परियोजनाका ठेकेदारहरुले अस्थायी रुपमा लिएको जग्गा | जग्गाधनीको रेकर्ड भएका व्यक्ति(हरु) वा अन्य उपभोक्ताको अधिकार भएकाहरु, प्रमाणीकरण हुन सक्ने मोही समुदाय | अस्थायी रुपले लिइने जग्गाको धनी वा उपभोक्तासँग बहाल दर सम्बन्धी करार सम्झौताको वार्ता ठेकेदारले गर्ने । अस्थायी अधिग्रहणको परिणाम स्वरुप धनी बाहेकका व्यक्तिहरु प्रभावित भएकोमा कम्तीमा ३ महिनाको आयको नोक्सानी वापत क्षतिपूर्ति दिइने छ भन्ने परियोजना र ठेकेदारले सुनिश्चित गर्ने । | जग्गाको अस्थायी अधिग्रहण वापत ठेकेदारले क्षतिपूर्ति दिने | ठेकेदार/वि.प्रा.ले अस्थायी रुपमा जग्गाको स्वमीत्व लिनु भन्दा पहिला एपीलाई पूरा भुक्तानी दिने छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अस्थायी अधिग्रहणको अवधिको अन्तमा यसको मौलिक अवस्थामा पूर्ण रुपमा पुनर्स्थापित गरेपछि वा एपीले सहमति जनाए अनुसार सुधार गरेपछि धनीलाई जग्गा फिर्ता दिइनु पर्दछ । | | |
| ग. १. कृषि बाली र रुखहरुको नोक्सानी | | | | | |
| कृषि बाली, फलफूल र काठ, रुखको नोक्सानी | परियोजना सम्बन्धी गतिविधिका लागि अधिग्रहण गरिएको जग्गा | बाली वा रुखका मालिक (घुसपैठकारी, किसान, अँधियार र मोही समेत) | आआफ्नो बाली काट्न उठाउन पिएपीहरुलाई १ महिनाको पूर्व सूचना दिइनु पर्ने ।<br><br>गत २ वर्षको | कृषि विभागबाट दिइएको दरमा नोक्सानी भएको बाली/रुखहरुको नगद क्षतिपूर्ति | जग्गाको भौति स्वमीत्व लिनु भन्दा अघि क्षतिपूर्तिको भुक्तानी भएको वि.प्रा. र सिडिसीले सुनिश्चित गर्नेछन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | औसत उत्पादनका आधारमा (क्षति भएमा) पाकेको बालीको प्रचलित बजार भाउमा कृषि बालीको नोक्सानी वापत नगद क्षतिपूर्ति । सोको एकाइ दर थोक बजारका आधारमा र कृषि विभागको परामर्शमा निर्धारण गरिने छ ।<br><br>फलफूलको रुखको नोक्सानी वापत प्रचलित बजारको थोक मूल्यका आधारमा ५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वर्षको औसत फलफूल उत्पादनलाई हिसाब गरी क्षतिपूर्ति । अन्तिम एकाइ मूल्य थोक मूल्यका आधारमा र फलफूल विभागको परामर्शमा निर्धारण गरिने छ ।<br><br>काठ, रुख ( काठ वा दाउरा जे भए पनि) को नोक्सानी वापत प्रचलित बजार मूल्यमा क्षतिपूर्ति । थोक बजार मूल्यको आधारमा र बन विभागको परामर्शमा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | एकाइ मूल्य निर्धारण गरिने छ । | | |
| व्यावसायिक माछा पालनमाथि प्रभाव | मुहान भन्दा तलको प्रभाव भएमा | व्यवसायिक माछा पालनको आय आर्जनमा नोक्सानी, कुनै पनि सानो व्यवसायिक गतिविधि जुन मौसमी प्रकृतिको भए तापनि | गत ३ वर्षको औसत आयमा आधारित वार्षिक आयको नोक्सानी वापत क्षतिपूर्ति | ऋायको नोक्सानी वापत सहायता/ क्षतिपूर्ति | वि.प्रा., सिडिसी र निरीक्षण परामर्शदाताले भुक्तानी हुने सुनिश्चित गर्ने छन् । |
| ग. २. जीविका पुनर्स्थापनाका लागि विशेष सहायता | | | | | |
| सम्पत्ति र आम्दानीका श्रोतहरुको ठूलो नोक्सानी भएका परिवारलाई जीविका सहायता र सिप विकास तालिम | ज्यादै नै प्रभावित परिवारहरु | ठूलो मात्रामा जग्गा वा आम्दानीका श्रोतहरुलाई परियोजनाबाट प्रभावित परिवार | प्रत्येक प्रभावित घरधुरीबाट कम्तीमा एक जना व्यक्तिलाई उनीहरुको छनोट अनुसार आय आर्जनको व्यावसायिक तालिम र सिप सुधारको विकल्पहरुका | आम्दानी पुनर्स्थापना सहायत | वि.प्रा., इसिडी र निरीक्षण परामर्शदाताले सहायता उपलब्ध गराइएको सनिश्चित गर्ने छन् । यो दीर्घकालिन तर समयसीमा भएको काम हो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लागि विचार गरिने छ । | | । |
| | | यो व्यवस्थाका लागि अनुपस्थित जमीनदार योग्य हुने छैनन् | परियोजनाका ठेकेदारबाट परियोजना निर्माणमा प्रभावित घरधुरीलाई संभव भएसम्म अस्थायी रोजगारी उपलब्ध गराइने छ । गरिबीको रेखा मुनि रहेका परियोजनाबाट प्रभावित जनता, संकटापन्न वा परियोजनाको प्रभावको कारणले रोजगारी वा आय आर्जनको श्रोत | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गुमाएकाहरुलाई प्राथमिकता दिइने छ | | |
| व्यवसायको नोक्सानी | परियोजनाबाट नकारात्मक प्रभाव परेको व्यवसाय | व्यवसायको मालिक | एकपटक एकमुस्ट अनुदान : व्यक्ति व्यक्तिका आधारमा मूल्यांकन गरिएको व्यवसायको प्रकृति र नोक्सानीको प्रकारका आधारमा कम्तीमा तीन महिनाको आम्दानी ।<br><br>कुनै कल्पिक परिसरमा व्यवसाय पुनः स्थापना गर्नका लागि व्यवसायको प्रकृतिका | आम्दानीको नोक्सानी वापत अल्प कालिन क्षतिपूर्ति | इए, सिडिसी र निरीक्षण परामर्शदाताले भौतिक विस्थापन भन्दाअघि भुक्तानी गरिएको छ भन्ने सुनिश्चित गर्ने छन् |
| | | | | हटाउने कार्य वा पुनर्स्थापनामा सहायता | इए, सिडिसी र निरीक्षण परामर्शदाताले भौतिक विस्थापन भन्दाअघि भुक्तानी गरिएको छ भन्ने सुनिश्चित गर्ने छन् |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आधारमा तीन महिनाको औसत आयको बराबर एक पटक नगद सहायता ।<br><br>सराइको भत्ता ( ढुवानी तथा लोड अनलोड शुल्क) प्रत्येक प्रभावित घरधुरीलाई ने.रु. ५०,००० को दरमा प्रभावित व्यवसायीलाई भुक्तानी दिइने छ ।<br><br>व्यवसायी मोहीले जमीनदारलाई दिएको डिपोजिट वा अग्रिम भुक्तानी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रमकलाई कट्टा गरिने छ । | | |
| साना व्यापारीको आयमा नोक्सानी | परियोजना निर्माणको समयमा अस्थायी रुपले प्रभावित व्यवसाय | परियोजना क्षेत्रका फुटपाथका सारिरहनु नपर्ने व्यवसाय सञ्चालक | एक पटक नगद सहायता : व्यक्ति व्यक्तिका आधारमा सिडिसीले निर्धारण गरेको व्यवसायको प्रकृति र नोक्सानीको प्रकारमा आधारित कम्तीमा छ महिनाको आय । प्रभावितलाई सराइ भत्ता ( लाग्ने भएमा) वास्तविक खर्चका आधारमा भुक्तानी दिइने छ । | आम्दानीको नोक्सानी वापत अल्पकालिन क्षतिपूर्ति | इए, सिडिसी र निरीक्षण परामर्शदाताले भौतिक विस्थापन भन्दाअघि भुक्तानी गरिएको छ भन्ने सुनिश्चित गर्ने छन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रमाणीकरण जनगणना सर्भेक्षणका समयमा पहिचान गरिएका कृषि मजदूर/ ज्यालादारीबाट आम्दानीको नोक्सानी | कामको अवसर कम गर्ने | जग्गा अधिग्रहण वा रोजगारदाताको विस्थापनले अप्रत्यक्ष रुपले प्रभावित कृषि मजदूर । | श्रमको प्रत्येक वर्गीकरणलाई जिल्लामा जिल्ला ज्याला दरका आधारमा हिसाब गरिने ९० दिनको ज्याला बराबरको एक पटक वित्त सहायता । | आम्दानीको नोक्सानी वापत अल्पकालिन सहायता/ क्षतिपूर्ति | इए, सिडिसी र निरीक्षण परामर्शदाताले आर्थिक विस्थापनको लगत्तै पछि भुक्तानी गरिएको छ भन्ने सुनिश्चित गर्ने छन् । |
| कामदारबाट ज्यालाको नोक्सानी | विस्थापनका कारणले आम्दानी कम भएको | व्यापारिक संरचनाहरुको विस्थापनबाट अप्रत्यक्ष रुपले प्रभावित ज्यालादारी मजदूर | ज्यालामा लागाइएको कामदारलाई सिडिसीले निर्धारण गरे बमोजिम स्थानीय ज्याला दरका आधारमा हिसाब गरिने ९० दिनको ज्याला बराबरको वित्त सहायता एक पटक । | आम्दानीको नोक्सानी वापत अल्पकालिन सहायता/ क्षतिपूर्ति | इए, सिडिसी र निरीक्षण परामर्शदाताले विस्थापन भन्दाअघि भुक्तानी गरिएको छ भन्ने सुनिश्चित गर्ने छन् । |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अर्धदक्ष र अदक्ष श्रम भएका पिएपीहरुलाई परियोजना कार्यान्वयनको काममा रोजगारीका अवसरमा प्राथमिकताका लागि विचार गरिने छ । | | |
| घ. संकटापन्नलाई अतिरिक्त सहयोग | | | | | |
| ज्नजाति घरधुरी लगायत संकटापन्न समुहलाई अतिरिक्त सहायता | परियोजना निर्माणको परिणामस्वरुप घरधुरीको आम्दानी प्रभावित भएको | घरधुरीलाई संकटापन्न भनी वर्गीकरण गरिएको जस्तै, महिला प्रमुख भएको घरधुरी, अपांग वा बृद्ध व्यक्ति, जातिगत/ पेशागत जातका जनता, | स्थानीय जिल्ला ज्याला दरमा ९० दिनका लागि नगद सहायता ।<br><br>जीविका पुनर्स्थापनाका लागि प्रभावित संकटापन्न घरधुरीलाई रु. १०,००० को | आम्दानी पुनर्स्थापना सहायता | वि.प्रा., सिडिसी र निरीक्षण परामर्शदाताले समयानुकूल भुक्तानीलाई सुनिश्चित गर्ने छन् ।<br>निरीक्षण परामर्शदाताले तालिम आयोजना गर्ने छन् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधिकारिक गरिबीको रेखा मुनि बाँचिरहेका पिएपीहरु | विशेष सहायता ।<br><br>प्रत्येक प्रभावित घरधुरीबाट कम्तीमा एक जनालाई उनीहरुको छनोट बमोजिम आय आर्जन गर्ने व्यावसायिक तालिम र सिपका लागि विचार गरिने छ ।<br><br>परियोजना ठेकेदारबाट परियोजना निर्माण कार्यमा प्रभावित घरधुरीलाई संभव भएसम्म अस्थायी रोजगारी | | निरीक्षण परामर्शदाता यो सुविधाका लागि जिम्मेवार हुने छन् । |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपलब्ध गराइने छ । गरिबीको रेखा मुनि बाँचीरहेका परियोजना प्रभावित जनता, संकटापन्न वा परियोजनाको प्रभावले आफ्नो रोजगारी वा आय आर्जनका श्रोत गुमाएकाहरुलाई ग्राह्यता दिइने छ। | | |
| ङ. साझा सम्पत्तिका श्रोतहरुको नोक्सानी | | | | | |
| सांस्कृतिक तथा सामुदायिक संरचनाहरु/ सुविधाहरु | साझा सम्पत्तिको श्रोतहरु जस्तै परियोजनाबाट प्रभावित भएका गुम्बाहरु, घाट | सम्पत्तिको प्रशासनका लागि जिम्मेवार प्रभावित समुदाय/ संस्था | प्रभावित सामुदायिक सुविधाहरु ( मन्दिरहरु, मठहरु, घाट, सार्वजनिक धारा आदि) | संरचना/ सुविधाको सटही/पुनरुत्थान | वि.प्रा., सिडिसी र निरीक्षण परामर्शदाता |

| | | | | | |
|---|---|---|---|---|---|
| | (चितास्थल) र सामुदायिक जग्गा र/वा चिहानघारी । | | प्रभावित समुदायको परामर्शमा ।<br><br>वा, प्रभावित भएको संरचनाको मान्यताप्राप्त संस्था/संरक्षक/ रक्षकलाई प्रभावित सांस्कृतिक/ सामुदायिक संरचनाहरुका लागि नगद क्षतिपूर्ति ।<br><br>नयाँ स्थानमा संरचनालाई लैजान परियोजना सहायता । | | |
| नगरपालिका/ नगरपालिका वा गाउँले | सम्पत्ति रहेको परियोजना प्रयोजनका लागि खरीद | गाउँपालिका/ नगरपालिका वा गाउँले | सटही खर्चमा नगद क्षतिपूर्ति । | संरचनाको पुनरुत्थान | सम्पत्तिमा प्रभाव पर्नुअघि भुक्तानी दिन वि.प्रा. र |

| | | | | | |
|---|---|---|---|---|---|
| समुदायको अधिनमा रहेका संरचना वा कुनै सम्पत्तिको नोक्सानी | वा पुनः दावी गरिएको जग्गा | समुह | नगरपालिका/ नगरपालिका वा गाउँले समुहले उठाइएका सामग्री विना कुनै खर्चमा भत्काइएको संरचनाबाट लैजान पाउने छ ।<br><br>स्वयं पुनर्स्थापनाको हकमा वास्तविक खर्चका आधारमा वा प्रति गाउँ ने.रु. ३५००० को दरमा सार्ने कामको खर्च समेट्ने ढुवानी भत्ता । | | सिडिसी जिम्मेवार हुन्छन् । |

| | |
|---|---|
| च. अन्य अनपेक्षित प्रभावहरु | |
| पयिोजना हस्तक्षेप वा सम्बन्धित गतिविधिका कारणले अनप्क्षित | वि.प्रा. र परियोजना कार्यान्वयन प्राधिकरणहरुले परियोजनको समय र पछि  परियोजनाको कुनै पनि अनपेक्षित प्रभावलाई आरएफमा |

| | |
|---|---|
| नकारात्मक प्रभावहरु | सहमति गरिएको सिद्धान्तको भावनामा आधारित भै हल गर्ने छन् । |

28th Nov, 2019

परिशिष्ट ४ - इएसएमपी अनुगमन ढाँचा

| प्रकारहरु | सीमितता | संकेत | विधि | समय तालिका | स्थान | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| अनुगमनको आधाररेखा | | | | | | |
| भौतिक वातावरण | जग्गाको उपयोग | जग्गाको उपयोग परिवर्तन | अवलोकन | परियोजनाको कार्यान्वयनभन्दा अगाडि | परियोजनाले अधिग्रहण गरेको क्षेत्र | परामर्शदाता, ने.वि.प्रा. |
| | भूस्खलन र पहिरोको कारणले गर्दा जमीन प्रदुषण | जग्गाको कित्ता | अवलोकन | परियोजनाको कार्यान्वयनभन्दा अगाडि | निर्माणस्थल | परामर्शदाता, ने.वि.प्रा. |
| | वायु, ध्वनि, कम्पन र जल प्रदुषण | धुलो, धुलोजन्य पदार्थ, कार्बनडाइ अक्साइड, नाइट्रोजन अक्साइड, सल्फर अक्साइड२, ध्वनिको स्तर र कम्पन र पानीको गुणस्तर | नमूना संकलन र विश्लेषण | परियोजनाको कार्यान्वयनभन्दा अगाडि | निर्माणस्थल | परामर्शदाता, ने.वि.प्रा. |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जैविक वातावरण | बन/हरियाली र विरलै पाइने जोखिममा परेका, सामान्य र खतरामा वनस्पति र जीव | बनको स्थिति र हरियालीका प्रकार | स्थलगत अवलोकन र छलफल | परियोजनाको कार्यान्वयन अगाडि | प्रस्तावित परियोजनाका संरचना र सुविधा स्थल | परामर्शदाता, ने.वि.प्रा., डिएफओ |
| | गैर काष्ठ बन पैदावर उठाउने काम | गैर काष्ठ उत्पादनको नोक्सानी | अवलोकन | परियोजनाको कार्यान्वयन अगाडि | परियोजना स्थल र नजिकको बन | परामर्शदाता, ने.वि.प्रा., डिएफओ |
| सामाजिक आर्थिक/ सांस्कृतिक वातावरण | सांस्कृतिक तथा धार्मिक मूल्यहरु | जीवनशैली, मूल्य र सिप हस्तान्तरणमा परिवर्तन | अवलोकन तथा स्थानीय जनतासँग छलफल | परियोजनाको कार्यान्वयन अगाडि | स्थानीय जनता | परामर्शदाता, ने.वि.प्रा. |
| | स्थानीय पूर्वाधार | स्थानीय पूर्वाधारमा जोड | अवलोकन तथा स्थानीय जनतासँग छलफल | परियोजनाको कार्यान्वयन अगाडि | स्थानीय जनता र प्रभावित एमपी/ आएमपी | परामर्शदाता |
| निर्माण चरणको प्रभाव अनुगमन | | | | | | |
| भौतिक वातावरण | भूस्खलन र पहिरोबाट जमीन प्रदुषण | माटोको खराबी | निरीक्षण | चौमासिक | निर्माणस्थल | परामर्शदाता, ने.वि.प्रा. |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | माथिल्लो भूमिको संरचना र माटो | माथिल्लो भूमिको परिवर्तन | अवलोकन | चौमासिक | परियोजनाले अधिग्रहण गरेको क्षेत्र | परामर्शदाता, ने.वि.प्रा. |
| | निर्माण सामग्रीको थुप्रो | वातावरणीय अड्चन (जमीन प्रदुषण) | अवलोकन | चौमासिक | निर्माणस्थल | परामर्शदाता, ने.वि.प्रा. |
| | ठोस फोहोर/ फोहोर हटाउने काम | निर्माण तथा घरेलु फोहोरलाई हटाउने (जमीन प्रदुषण) | अवलोकन | दैनिक जबजब निर्माणका गतिविधिहरु रहन्छन् | फोहोर थुपार्ने स्थल | परामर्शदाता, ने.वि.प्रा. |
| | वायु प्रदुषण | धुलोको कण पदार्थ, कार्बनडाइ अक्साइड, नाइट्रोजन, सल्फर अक्साइड२ | नमूना र विश्लेषण | चौमासिक | निर्माणस्थल | परामर्शदाता, ने.वि.प्रा. |
| | जलस्थल/निकास | पानीको श्रोत र प्राकृतिक निकासको विनास | निरीक्षण | चौमासिक | परियोजनाले अधिग्रहण गरेको क्षेत्र | परामर्शदाता, ने.वि.प्रा. |
| | ध्वनि र कम्पन | ध्वनिको मात्रा र | अवलोकन र | चौमासिक | निर्माणस्थल | परामर्शदाता, |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कम्पन | नमूना | | | ने.वि.प्रा. |
| जैविक वातावरण | बन/हरियाली | हटाइएका रुखको संख्या | अवलोकन र छलफल | मासिक | परियोजना स्थल र सुविधाहरु | डिएफओ, परामर्शदाता, ने.वि.प्रा. |
| | संरक्षित वनस्पति र जीव | संरक्षित वनस्पति र जीवमा परिवर्तन | अवलोकन र स्थानीय जनतासँग छलफल | चौमासिक | परियोजना स्थल र सुविधाहरु | डिएफओ, परामर्शदाता, ने.वि.प्रा. |
| | बन उत्पादन उठाउने | बन उत्पादनको नोक्सानी | अवलोकन | चौमासिक | परियोजना स्थल र नजिकको बन | डिएफओ, परामर्शदाता, ने.वि.प्रा. |
| | बासस्थान | हरियालीको नोक्सानी | अवलोकन | साप्ताहिक | परियोजना स्थल र नजिकको बन | डिएफओ, परामर्शदाता, ने.वि.प्रा. |
| | कामदारबाट शिकार गर्ने र अवैधानिक शिकार गर्ने | वन्यजन्तुको आवतजावत | अवलोकन र छलफल | चौमासिक | परियोजना स्थल र नजिकको बन | डिएफओ, परामर्शदाता, ने.वि.प्रा. |
| सामाजिक | जग्गाको नोक्सानी | क्षतिपूर्ति र यसको | अवलोकन र | चौमासिक | प्रभावित परिवारका | परामर्शदाता, |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आर्थिक तथा सांस्कृतिक वातावरण | | उपयोग | स्थानीय जनतासँग छलफल | | सदस्यहरु | ने.वि.प्रा., सिडिसी |
| | सामुदायिक स्वास्थ्य र सरसफाइ | रोगव्याध हुने | अवलोकन र स्थानीय जनतासँग छलफल | चौमासिक | प्रभावित एमपी/ आरएमपी | परामर्शदाता, ने.वि.प्रा. |
| | पेशागत स्वास्थ्य र सुरक्षा | व्यक्तिगत सुरक्षा सामग्री (पिपिई), निर्माण स्थलको बारमा चेतावनी र सावधानीका संकेत | अवलोकन र स्थानीय जनतासँग छलफल | दैनिक | परियोजना निर्माण स्थल | परामर्शदाता, ने.वि.प्रा. |
| | प्रचलित कानुन र व्यवस्थाको स्थिति | प्रचलित कानुन र व्यवस्थाको स्थितिमा प्रभावको घटना | अवलोकन र स्थानीय जनतासँग छलफल | साप्ताहिक | स्थानीय जनता | परामर्शदाता, ने.वि.प्रा. |
| | आर्थिक गतिविधिको | परियोजनामा काम | अवलोकन र | चौमासिक | परियोजना स्थल | परामर्शदाता, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बृद्धिका कारण स्थानीय अर्थतन्त्र | गरेका र अन्य आर्थिक गतिविधिहरुमा संलग्नता भएका स्थानीय जनताको संख्या | प्रतिवेदनको समीक्षा | | | ने.वि.प्रा. |
| | बाल श्रम लगायत लैंगिक तथा संकटापन्न समूह | संभाव्य विभेद | अवलोकन र स्थानीय जनतासँग छलफल | साप्ताहिक | स्थानीय जनता | परामर्शदाता, ने.वि.प्रा. |
| सञ्चालनको चरणमा प्रभाव अनुगमन | | | | | | |
| भौतिक वातावरण | जग्गाको उपयोग | जग्गाको उपयोगको ढाँचामा परिवर्तन | अवलोकन र स्थानीय बासिन्दासँग छलफल | वार्षिक | परियोजना स्थल वरिपरि | ने.वि.प्रा. |
| जैविक वातावरण | बन उत्पादनको नोक्सानी | रुखको नोक्सानी र काट्ने काम | अवलोकन र छलफल | वार्षिक | परियोजना स्थल र नजिकको बन | ने.वि.प्रा. |
| सामाजिक | आर्थिक अवसर | स्थानीय | अवलोकन र | वार्षिक | परियोजना स्थल | ने.वि.प्रा. |

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आर्थिक र सांस्कृतिक वातावरण | | अर्थतन्त्रको स्थिति | छलफल | | | |
| | रोजगारी | सञ्चालनको चरणमा रोजगारी पाएका स्थानीय जनताको संख्या | अवलोकन तथा रोजगार सूचीको रुजू जाँच | वार्षिक | परियोजना कार्यालय | ने.वि.प्रा. |
| | ग्रामीण जीवनको गुणस्तर | स्थानीय जनताको स्थिति | अवलोकन र छलफल | वार्षिक | परियोजना प्रभावित क्षेत्र | ने.वि.प्रा. |

## परिशिष्ट ५

## पुनर्वास कार्ययोजनाको रुपरेखा

### क. व्यवस्थापकीय सारांश

यस खण्डले संक्षिप्तमा महत्वपूर्ण तथ्यहरु, सार्थक, महत्वपूर्ण नतिजाहरु, अधिकार सूची र जिम्मेवार पक्षहरु, शीर्षकहरु र बजेटको किटानी गर्दै सिफारिस गरिएका कारबाहीहरुको सारांश गरेको छ । यसले पुनर्वास मार्गनिर्देशक सिद्धान्त र उद्देश्यहरुको समेत उल्लेख गरेको छ ।

### ख. सहायक परियोजनाको विवरण

यस खण्डले परियोजना र यसका प्रभावका प्रत्यक्ष र अप्रत्यक्ष क्षेत्रहरुको सामान्य विवरण उपलब्ध गराउँछ, जग्गा अधिग्रहण, अनिच्छित पुनर्वास वा दुबैको परिणामस्वरुप हुने परियोजनाका अंगहरु बारेमा छलफल गर्दछ । यसले पुनर्वासलाई रोक्ने वा कम गर्ने विकल्पहरुलाई समेत स्पष्ट गर्दछ, मात्रात्मक सूचनासहितको तालिका समावेश गर्दछ र अन्तिम निर्णयका लागि औचित्य उपलब्ध गराउँछ ।

### ग. जग्गा अधिग्रहण र पुनर्वासको क्षेत्र

यस खण्डले : (१) परियोजनाको संभाव्य प्रभावहरु बारे छलफल गर्दछ र परियोजनाका अंगहरु वा गतिविधिहरुको प्रभावका क्षेत्रहरु वा करिडोरको नक्सा समावेश गर्दछ, (२) जग्गा अधिग्रहणको क्षेत्र (नक्सा उपलब्ध गराउने) स्पष्ट गर्दछ र प्रमुख लगानी परियोजनाका लागि यो किन महत्वपूर्ण छ भन्ने व्याख्या गर्दछ, (३) संकटापन्न समुहहरुप्रति विशेष ध्यान दिंदै प्राप्त गरिएका सम्पत्तिहरु र विस्थापित भएका व्यक्तिहरुका आधारमा मुख्य असरहरुलाई संक्षेपीकरण गर्दछ, (४) प्राप्त गरिने कुनै पनि साझा सम्पत्तिका श्रोतहरुको विवरणहरु उपलब्ध गराउँछ ।

### घ. सामाजिक आर्थिक सूचना तथा विवरण

यस खण्डले (१) प्रभावित हुने जनता र समुदायको परिभाषा, पहिचान र किटान गर्ने, (२) सामाजिक, सांस्कृतिक र आर्थिक पक्षहरुलाई ध्यान दिंदै जनता, समुदाय र उनीहरको जीविकामाथि जग्गा र सम्पत्ति अधिग्रहणका संभाव्य प्रभावहरुको व्याख्या गर्ने, (३) विपन्न, आदिबासी र/वा जातिगत

अल्पसंख्यकहरुमाथि परियोजनाका प्रभावहरुको छलफल गर्ने, (४) महिलाको सामाजिक आर्थिक स्थिति, प्रभाव, आवश्यकता र प्राथमिकताहरुबारे छलफल गर्ने, र (५) योग्यता सम्बन्धी दावीका लागि अन्तिम मिति तोक्ने लगायत सामाजिक प्रभाव मूल्यांकन, जनगणना सर्भेक्षण र अन्य अध्ययनहरु लिंग, संकटापन्न अवस्था र अन्य सामाजिक समूहहरुबाट अलग्याइएका जानकारी र/वा सूचनाका नतिजाहरुको रुपरेखा कोर्दछ ।

**ङ) सूचनाको खुलासा, परामर्श र सहभागिता**

यस खण्डले : (१) परियोजनाका सरोकारवाला विशेषगरी प्राथमिक सरोकारवालाहरुको पहिचान गर्दछ, (२) परियोजना चक्रको विभिन्न चरणमा उपयोग गरिने परामर्श तथा सहभागिताका संयन्त्रहरु स्पष्ट गर्दछ, (३) सरोकारवालाहरुसँग भेटघाट गर्नका लागि परियोजना डिजाइन र तयारीका समयमा परियोजना तथा पुनर्वाससम्बन्धी सूचना प्रचार गर्न गरिने क्रियाकलापहरुलाई स्पष्ट गर्दछ, (४) परियोजनाबाट प्रभावित जनता (आयोजक समुदायहरु समेत) सँगको परामर्शको नतिजाहरुको संक्षेपीकरण गर्दछ, र उठान गरिएका सरोकार र गरिएका सुझावहरुलाई पुनर्वास योजनामा कसरी सम्बोधन गरिएका थिए भन्नेबारेमा छलफल गर्दछ, (५) पुनर्वास योजनाको खाका परियोजनाबाट प्रभावित जनतालाई खुलासा गर्ने सुनिश्चित गर्दछ र त्यसपछिका कुनै पनि योजनाहरु खुलाउने प्रबन्धहरु सामेल गर्दछ, र (६) (प्रसार गरिने सूचनाका प्रकार र प्रचारका विधिहरु लगायत) योजनाबद्ध सूचना खुलासाका उपायहरु र परियोजना कार्यान्वयनका समयमा परियोजनाबाट प्रभावित जनतासँग परामर्शका लागि प्रक्रियाहरु स्पष्ट गर्दछ ।

**च. गुनासो सम्बोधन संयन्त्रहरु**

यस खण्डले पुनर्वास सम्बन्धी मुद्दाहरुबाट उत्पन्न विवादहरु समाधानका लागि संयन्त्रहरु स्पष्ट गर्दछ । यसले प्रभावित जनताहरुलाई प्रक्रियाहरु कसरी पहुँचयोग्य छन् र महिला, संकटापन्न समुह र आदिबासी जनताहरुलाई सहज पहुँच दिने तवरले कसरी तिनीहरुको डिजाइन गरिएको छ भन्ने स्पष्ट गर्दछ ।

**छ. कानुनी कार्यढाँचा**

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

यस खण्डले : (१) परियोजनासँग सम्बन्धित जग्गा र सम्पत्ति अधिग्रहणमा लागू हुने खासगरी मूल्यांकन/क्षतिपूर्ति, द्वन्द्व समाधान र पुनरावेदन प्रक्रियाहरुसँग सम्बन्धित राष्ट्रिय र स्थानीय कानुन र विधानहरु स्पष्ट गर्दछ, (२) स्थानीय कानुनहरु र एडिबी र इआइबीका नीतिगत आवश्यकताहरु बीचका अन्तरालहरु पहिचान गर्दछ र कुनै पनि अन्तरालहरुलाई कसरी सम्बोधन गरिने छन् भन्ने छलफल गर्दछ, (३) सबै किसिमका विस्थापित व्यक्तिहरुका लागि कार्यान्वयन गर्ने निकायले गर्ने कानुनी र नीतिगत प्रतिबद्धताहरुलाई स्पष्ट गर्दछ, (४) मूल्यांकन र सम्पत्ति, आय र जीविकाका लागि क्षतिपूर्तिको दर निर्धारण गर्ने सिद्धान्त र विधिहरुको रुपरेखा कोर्ने मात्रै नभई क्षतिपूर्ति र सहायताका लागि योग्यताको मापदण्ड र क्षतिपूर्ति र सहायता कसरी र कहिले उपलब्ध गराइने छ भन्ने भन्ने समेत तय गर्दछ, (५) जग्गा अधिग्रहण प्रक्रिया स्पष्ट गर्दछ र मुख्य प्रक्रियागत आवश्यकताहरुका लागि समयसारिणी तयार गर्दछ ।

**ज) अधिकार, सहायता र लाभहरु**

यस खण्डले : (१) विस्थापित जनताको अधिकार र योग्यता परिभाषित गर्दछ र सबै पुनर्वास सहायताका उपायहरु स्पष्ट गर्दछ (अधिकारका सूची सामेल गर्दछ), (२) महिला र अन्य विशेष समुह लगायत संकटापन्न समुहहरुका लागि सबै सहायताको किटान गर्दछ, र (३) परियोजनाबाट उपयुक्त विकासका लाभहरु प्राप्त गर्न परियोजनाबाट प्रभावित जनताहरुका लागि अवसरहरुको रुपरेखा कोर्दछ ।

**झ) आय पुनर्स्थापना र उपचार**

यस खण्डले : (१) जीविकाको जोखिमको पहिचान गर्दछ र जनसांख्यिक सूचना र जीविकाका श्रोतहरुका आधारमा अलगअलग तालिका तयार गर्दछ, (२) सबै खाले जीविककाहरुको पुनर्स्थापनका लागि विभिन्न दिगो प्रबन्धहरु लगायत आय पुनर्स्थापनाका कार्यक्रमहरुलाई स्पष्ट गर्दछ (परियोजनाका लाभ आदनप्रदान, राजस्व आदानप्रदानका प्रबन्धहरु, समतामूलक योगदानका लागि संयुक्त धितोपत्र जस्तै जग्गा, दिगोपना र सुरक्षा सञ्जालबारे छलफल उदाहरणमा पर्दछन् ), (३) सामाजिक बीमा र/वा परियोजना विशेष कोषबाट सामाजिक सुरक्षा सञ्जाल उपलब्ध गराउने उपायहरुको रुपरेखा कोर्दछ, (४) संकटापन्न समुहहरुलाई सहयोग गर्ने विशेष उपायहरु स्पष्ट गर्दछ, (५) लैंगिक सरोकारलाई स्पष्ट गर्दछ, र (६) तालिम कार्यक्रमहरुको व्याख्या गर्दछ ।

## ञ. पुनर्वास बजेट तथा वित्त योजना

यस खण्डले : (१) सबै पुनर्वास गतिविधिहरुका लागि बसोबास एकाइ, कर्मचारी तालिम, अनुगमन तथा मूल्यांकन र ऋण कार्यान्वयनका समयमा पुनर्वासको तयारी लगायतका शीर्षकअनुसार बजेट उपलब्ध गराउँछ, (२) कोषको प्रवाहलाई स्पष्ट गर्दछ (वार्षिक पुनर्वास बजेटले मुख्य शीर्षकका लागि बजेट-समयतालिका सहितको खर्चलाई देखाउनु पर्दछ ।), (३) क्षतिपूर्ति दर र अन्य लागत अनुमान (भौतिक र आकस्मिक खर्च दुबैलाई ध्यान दिँदै) साथै सटही खर्चको हिसाबको अनुमान वापत एउटा औचित्य समावेश गर्दछ, (४) पुनर्वास योजनाको बजेटका लागि रकमको श्रोतका बारेमा जानकारी समावेश गर्दछ ।

## ट. संस्थागत प्रबन्धहरु

यस खण्डले : (१) संस्थागत प्रणाली र जिम्मेवारीहरुलाई स्पष्ट गर्दछ, (२) आवश्यक भएमा प्राविधिक सहायता लगायत संस्थागत क्षमता निर्माण प्रक्रियालाई समावेश गर्दछ, (३) संलग्न भएमा गैससको र पुनर्वास योजना र व्यवस्थापनमा परियोजनाबाट प्रभावित जनताका संगठनहरुको भूमिका स्पष्ट गर्दछ, र (४) पुनर्वास योजना र व्यवस्थापनमा कसरी महिला, अल्पसंख्यक र अन्य संकटापन्न समुहहरुलाई संलग्न गरिने छ भन्ने स्पष्ट गर्दछ ।

## ठ. कार्यान्वयन समयतालिका

यस खण्डले उपचार र जीविकाको पुनर्स्थापना लगायत सबै मुख्य पुनर्वासका गतिविधिहरुका लागि विस्तृत, समयसीमा सहितको कार्यान्वयन समयतालिका समावेश गर्दछ । पुनर्वास कार्यान्वयनको समयतालिकालाई सबै सान्दर्भिक कार्यहरुका लागि तयारीसम्बन्धी र निर्माणका चरणभरिका समयतालिकासँग समीपमा मिलाउनु आवश्यक हुन्छ ।

## ड. अनुगमन, प्रतिवेदन र मूल्यांकन

यस खण्डले आएपीको अनुगमन र प्रतिवेदन साथै मूल्यांकनका लागि संयन्त्रहरु र मापदण्ड स्पष्ट गर्दछ । अनुगमन र मूल्यांकन प्रतिवेदनहरुको तयारी र वैधतामा परियोजनाबाट प्रभावित जनताको सहभागिताका लागि प्रबन्धहरु समेत किटान गर्दछ ।

28th Nov, 2019

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**

**परिशिष्ट - ६**

**आदिबासी जनताको विकास योजना/संकटापन्न समुदायहरुको विकास योजना**

**क. व्यवस्थापकीय सारांश**

यस खण्डले जिम्मेवार पक्षहरु, शीर्षकहरु र बजेटको किटानी गर्दै संक्षिप्तमा महत्वपूर्ण तथ्यहरु, महत्वपूर्ण नतिजाहरु, सिफारिस गरिएका कारबाहीहरुको सारांश गरेको छ ।

**ख. सहायक परियाजनाको विवरण**

यस खण्डले परियोजना र यसका प्रभावका प्रत्यक्ष र अप्रत्यक्ष क्षेत्रहरुको सामान्य विवरण उपलब्ध गराउँछ, आदिबासी जनताहरु/संकटापन्न समुदायहरुमा प्रभाव पार्न सक्ने परियोजनाका अंगहरु र गतिविधिहरुको छलफल गर्दछ, र परियोजना क्षेत्रको पहिचान गर्दछ ।

**ग. सामाजिक प्रभाव मूल्यांकन**

यस खण्डले : (१) परियोजनाको सन्दर्भमा आदिबासी जनता/संकटापन्न समुदायहरु उपर लागू हुन सक्ने कानुनी र संस्थागत कार्यढाँचाको पुनरावलोकन गर्दछ, (२) प्रभावित आदिबासी समुदायहरुको जनसांख्यिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विशेषताहरु, परम्परागत ढंगले स्वमीत्व भएको वा सामान्य ढंगले उपयोग गरिएको वा ओगटिएको जग्गा र सरहदहरु र उनीहरु निर्भर रहेका प्राकृतिक श्रोतहरु[८] सम्बन्धी आधाररेखाको जानकारी उपलब्ध गराउँछ, (३) परियोजनाका मुख्य सरोकारवालाहरुको पहिचान गर्दछ, र स्वतन्त्र, पहिला र जानकारीमुलक सहमति (एफपिआइसी) प्राप्त गर्ने उद्देश्यसहित परियोजना तयारी र कार्यान्वयनका प्रत्येक चरणमा सांस्कृतिक रुपमा उपयुक्त र प्रभावित आदिबासी समुदायहरुसँग सार्थक परामर्शका लागि लैंगिक हिसाबले सम्वेदनशील प्रक्रियाको वर्णन गर्दछ, (४) प्रभावित आदिबासी समुदायहरु[९] सँग स्वतन्त्र, पहिला र जानकारीमूलक भेटघाट (एफपिआइई) का

---

[८]जैविक विविधता र पारिस्थितक प्रणालीका सेवाहरु

[९]संभाव्य नकारात्मक प्रभावहरुको निर्धारण महत्वपूर्ण ....को सम्बन्धित संकटापन्नताको लैंगिक हिसाबले सम्वेदनशील हो, र

आधारमा जोखिम, संकटापन्नताको स्तर र परियोजनाका संभाव्य प्रभावहरुको (सकारात्मक र नकारात्मक दुबै) मूल्यांकन गर्दछ, (५) परियोजना र उनीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक स्थितिमा यसको प्रभावका बारेमा प्रभावित आदिबासी समुदायहरुको धारणाहरुको लैंगिक हिसाबले सम्वेदनशील मूल्यांकन समावेश गर्दछ ।

### घ. सूचनाको खुलासा, परामर्श र सहभागिता

यस खण्डले : (१) प्रभावित आदिबासी समुदायहरुसँग परियोजना तयारीका समयमा गरिने सूचनाको खुलासा, परामर्श र सहभागिताको प्रक्रिया स्पष्ट गर्दछ, (२) सामाजिक प्रभाव मूल्यांकनको नतिजा उपर उनीहरुको टिप्पणीको संक्षेपीकरण गर्दछ, र परामर्शको समयमा उठाइएका चासो र परियोजनाको डिजाइनमा यिनलाई कसरी सम्बोधन गरिएका छन् भन्ने पहिचान गर्दछ (३) एफपिआइसी आवश्यक हुने खण्डमा, प्रभावित आदिबासी समुदायहरुसँगको परामर्शको प्रक्रिया र नतिजालाई परियोजनाका गतिविधिहरु र सुरक्षाका उपायहरुका लागि यस्ता परामर्शको परिणाम हुन आएको सहमतिलाई दस्तावेज बनाउँछ, (४) कार्यान्वयनको समयमा प्रयोग गरिने परामर्श र सहभागिताको संयन्त्रहरु सृष्टि गर्दछ, र (५) प्रभावित आदिबासी समुदायहरुलाई खाका र अन्तिम आइपिडिपीको खुलासालाई सुनिश्चित गर्दछ ।

### ङ. हितकारी उपायहरु

यस खण्डले प्रभावित आदिबासी समुदायहरुले सामाजिक र आर्थिक लाभहरु, जुन सांस्कृतिक रुपले उपयुक्त र लैंगिक उत्तरदायी हुन्छन्, प्राप्त गर्दछन् भन्ने सुनिश्चित गर्न स्पष्ट र विस्तृत लाभ आदानप्रदानका प्रबन्धहरुको किटान गर्दछ ।

### च. न्यूनीकरणका उपायहरु

यस खण्डले प्रभावित आदिबासी समुदायहरुमाथिको नकारात्मक प्रभावहरुलाई प्राथमिक रुपले हटाउने उपायहरु किटान गर्दछ, र हटाउने काम संभव नभएका स्थानमा नकारात्मक प्रभावहरुलाई कम गर्ने,

न्यूनीकरण गर्ने वा प्रभावकारी ढंगले उपचार गर्ने उपायहरु किटान गर्दछ। सार्थक परामर्शको प्रक्रिया मार्फत यी उपायहरुलाई पहिचान र स्पष्ट गरिनु पर्दछ।

**छ. क्षमता निर्माण**

यस खण्डले (क) सरकारी संस्थाहरुलाई परियोजना क्षेत्रका आदिबासी जनताको समस्याहरुको सम्बोधन गर्न, र (ख) परियोजना क्षेत्रका आदिबासी जनताका संगठनहरुलाई प्रभावित आदिबासी जनतालाई अझ बढी प्रभावकारी रुपले प्रतिनिधित्व गर्न उनीहरुलाई सबल पार्न सामाजिक, कानुनी र प्राविधिक क्षमताहरु बलियो पार्ने उपायहरु उपलब्ध गराउँछ।

**ज. गुनासो सम्बोधन संयन्त्र**

यस खण्डले प्रभावित आदिबासी समुदायहरुको गुनासो सम्बोधन र समाधान गर्ने प्रक्रियाहरु स्पष्ट गर्दछ । यसले आदिबासी जनताका साथै सांस्कृतिक रुपले उपयुक्त र लैंगिक हिसाबले सम्वेदनशीलहरुलाई कसरी यी प्रक्रियाहरु राम्ररी पहुँचयोग्य छन् भन्ने समेत स्पष्ट गर्दछ । यसले आदिबासी जनताबीच न्यायिक विकल्प र सामान्य विवाद समाधानका संयन्त्रहरुको उपलब्धतामा समेत ध्यान दिन्छ।

**झ. अनुगमन, प्रतिवेदन र मूल्यांकन**

यस खण्डले यस बारेमा फाराम र प्रतिवेदन, साथसाथै आइपिडिपी कार्यान्वयनको मूल्यांकनका लागि संयन्त्रहरु र मापदण्डहरुलाई स्पष्ट गर्दछ। यसले अनुगमन र मूल्यांकन प्रतिवेदनको तयारी र वैधतामा प्रभावित आदिबासी समुदायहरुको सहभागिताका लागि प्रबन्धहरुको समेत किटान गर्दछ।

**Disclaimer: In case of discrepancies, the English version supercedes this translated version**